सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ पुस २०८२, बुधबार (24 Dec 2025, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २४४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

११ पुसमा बयान दिन आउन रमेश लेखकलाई जाँचबुझ आयोगको पत्र



तत्कालीन गृहमन्त्री **रमेश लेखक**

- **रघुवीरको टिप्पणीप्रति जाँचबुझ आयोगको ध्यानाकर्षण**



● **गौरीबहादुर कार्की**
अध्यक्ष, जाँचबुझ आयोग

लेखकको बयान सकिएपछि ओलीलाई बोलाइने

नयाँ पत्रिका

जेन-जी आन्दोलनमा भएको मानवीय तथा भौतिक क्षतिको छानबिन गर्न गठन भएको जाँचबुझ आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकलाई बयानमा बोलाएको छ। आयोगले लेखकलाई मंगलबार पत्राचार गर्दै ११ पुसमा बयानका लागि बोलाएको हो।

२३ भदौको जेन-जी आन्दोलनमा घातक हतियारबाट गोली चलाएर दमन हुँदा लेखक गृहमन्त्री थिए। बानेश्वर क्षेत्रमा मात्रै १७ जनाको ज्यान गएको थियो भने एक सयभन्दा धेरै घाइते भएका थिए। सो घटनाको नैतिक जिम्मेवारी लिँदै लेखकले सोही दिन बेलुका राजीनामा दिएका थिए।

आयोग स्रोतका अनुसार मंगलबारै लेखकका एक सहयोगीले बयानसम्बन्धी पत्र बुझेका छन्। बयानमा जाने कि नजाने भन्नेमा लेखक छलफलमा छन्। तत्कालीन प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओलीले बयानमा नजान लेखकलाई दबाब

» पृष्ठ २ मा क्रमशः

काठमाडौं/ एमाले उपमहासचिव रघुवीर महासेठले झुटो आरोप लगाएको भन्दै जाँचबुझ आयोगले ध्यानाकर्षण भएको जनाएको छ। महासेठले सोमबार नयाँ पत्रिकासँगको कुराकानीमा आयोगका अध्यक्ष गौरीबहादुर कार्की पूर्वाग्रही रहेको आरोप लगाएका थिए। महासेठले भनेका थिए, 'आयोगका अध्यक्षको अभिव्यक्ति पनि पूर्वाग्रही छ। झुन्ड्याउनुपर्छ, मार्नुपर्छ भनेर अभिव्यक्ति दिने व्यक्तिको अध्यक्षतामा आयोग गठन भएको छ।' एमाले अध्यक्ष केपी ओलीलाई आयोगले बयानमा बोलाउने तयारी गरिरहेको सन्दर्भमा महासेठले यस्तो टिप्पणी गरेका थिए।

आयोग अध्यक्ष कार्की आफूले कहिले पनि त्यस्तो अभिव्यक्ति नदिएको बताउँछन्। उनी भन्छन्, 'नेताहरूलाई झुन्ड्याउनुपर्छ, मार्नुपर्छ भनेको छैन, एकजना जिम्मेवार नेताबाट त्यस्तो टिप्पणी भएकोमा दुःख लागेको छ।' कार्की विशेष अदालतका पूर्वअध्यक्ष हुन्। यसअघि उनले मिटरब्याजदेखि सहकारी ठगीसम्बन्धी जाँचबुझ आयोगको अध्यक्ष भएर काम गरिसकेका छन्।

निर्वाचनको संशय मेटिँदै

राष्ट्रपति पौडेलको समन्वयमा प्रधानमन्त्री कार्की र प्रमुख दलका शीर्ष नेतृत्वबिचको संवादहीनता तोडियो, चुनावी वातावरण बनाउने समझदारी, बालुवाटारमै अर्को बैठक बस्ने

दलहरूसँग सम्बन्ध सुधारमा सरकारले एकै दिन लिएका दुई अग्रसरता

१ २१ फागुनको प्रतिनिधिसभा निर्वाचनप्रति संशय बढिरहेका वेला राष्ट्रपतिको समन्वयमा प्रधानमन्त्री र प्रमुख तीन दलका शीर्ष नेतृत्वबिच पहिलोपटक महत्त्वपूर्ण संवाद। छलफलमा निर्वाचन सफल बनाउन सहकार्य अपरिहार्य रहेको साझा धारणा, चाँडै नै प्रधानमन्त्रीले बैठक बोलाउने।

२ जेन-जी आन्दोलनका क्रममा क्षतिग्रस्त प्रमुख तीन दलका केन्द्रीय कार्यालयको भ्रमण गरेर सञ्चारमन्त्री जगदीश खरेलसहितको सरकारी टोलीद्वारा विश्वास बनाउने प्रयास।

शुरोजंग पाण्डे, कमलराज भट्ट

सरकारले २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि राजनीतिक वातावरण बनाउने गम्भीर गृहकार्य थालेको छ। कानुनी र प्रशासनिक काम गरे पनि प्रमुख दलका नेतृत्वसँगको संवादहीनताले निर्वाचनको सुनिश्चितता हुन नसकेका वेला प्रधानमन्त्री सुशीला कार्कीले संवाद र विश्वासको वातावरण निर्माण गर्न चौतर्फी पहल सुरु गरेकी छिन्।

सरकारका प्रतिनिधि पुगे तीन ठुला दलको पार्टी कार्यालय

पृष्ठ २

तोकिएकै मितिमा निर्वाचन हुनेमा संशय बढिरहेका वेला राष्ट्रपतिको समन्वयमा प्रधानमन्त्री कार्की र कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीका शीर्ष नेतृत्वबिच महत्त्वपूर्ण संवाद भएको छ। साथै, मन्त्रीसहितको सरकारी टोलीले जेन-जी आन्दोलनका क्रममा क्षतिग्रस्त प्रमुख दलका केन्द्रीय कार्यालयको निरीक्षण गरेर विश्वास बढाउने प्रयास गरेको छ।

राष्ट्रपति र प्रधानमन्त्रीसँग प्रमुख दलका शीर्ष नेताहरूबिच भएको यो पहिलो संवादसँगै लामो समयदेखि देखिँदै आएको संवादहीनताको अवस्था तोडिएको छ। शीर्ष छलफलमा निर्वाचनको वातावरण बनाउने विषयमा प्रारम्भिक समझदारी छ।

» पृष्ठ २ मा क्रमशः



छलफलको सुरुवात गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले भने-



मैले आफ्नो कर्तव्य सम्झिएर कार्यकारी प्रमुख र प्रमुख दलका प्रमुख नेताहरूबिचको संवादको समन्वय मात्र गरेको हुँ। अबदेखि सरकारले चुनावी वातावरणका लागि निरन्तर छलफल चलाओस्। देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिनका लागि चुनाव घोषणा भएको हो। यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु हामी सबैको एक मात्र दायित्व हो।

दलहरूलाई आश्वस्त पार्दै प्रधानमन्त्री सुशीला कार्कीले भनिन्-



तपाईंहरूलाई सरकारको सीमा, बाध्यता र चुनौती सबै थाहा छ। आजको दिनमा निकासका लागि चुनाव गराउनैपर्छ। चुनाव नभएसम्म देशमा स्थिरता सम्भव छैन र मुलुक नियमित लयमा पनि फर्किँदैन। त्यसैले सरकारले जसरी पनि चुनाव गराउँछ। तपाईंहरूले चिन्ता गर्नुपर्दैन, चुनावी वातावरण बनाउँछु, तपाईंहरू तयारीमा लाग्नुस्।

एक मिनेटभन्दा पनि कम समयमा कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्ना कुरा राखे-



अहिले परिस्थिति जटिल छ। के-कसरी हुन्छ, निकास दिनुपर्छ। संसद् पुनर्स्थापना या चुनाव भन्ने एकमा सहमति गरौं। मिलेरै मुलुकलाई निकास दिने गरी अगाडि बढौं।

लामै पृष्ठभूमि बाँधेर एक घण्टा आफ्नो धारणा राखेका एमाले अध्यक्ष ओलीले भने-



विधिसम्मत जाने हो भने संसद् पुनर्स्थापनामार्फत समाधान खोज्न सकिन्छ, संविधान संशोधनमा सहमति जुटाएर सर्वपक्षीय चुनावी सरकार बनाएर जान सकिन्छ। अहिले सरकारले पनि चुनावको वातावरण बनाउन सकेको छैन।

आफ्नो पार्टी चुनावी तयारीमा लागेको सुनाउँदै नेकपा संयोजक प्रचण्डले भने-



२१ फागुनमै चुनाव हुनुपर्छ। तर, अझै सरकारले विश्वस्त वातावरण बनाउन सकेको छैन। चुनाव हुन नसके मुलुक शून्य अवस्थामा रहँदैन। दिशाहीन अर्को कोर्सतिर पनि जानबाट रोक्न संसद् पुनर्स्थापना गरेर मुलुकलाई ट्र्याकमा लानुपर्छ।

अन्तरिम सरकारको सय दिन पार
सुशासनको छनक, प्रश्नले पनि घेर्दै

जेन-जी आन्दोलनको जगमा गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले कार्यकालको सय दिन पार गरेको छ। यो अवधिमा सुशासनको प्रारम्भिक छनक देखाएको सरकार कतिपय भूमिकालाई लिएर प्रश्नको घेरामा पनि छ।

(विस्तृत पृष्ठ ३)

बैंकिङ क्षेत्र सुधार कार्यदलको सुझाव
बैंक सञ्चालकलाई ऋण स्वीकृतिमा कडाइ गर



राष्ट्र बैंकले गठन गरेको कार्यदलले एउटै व्यक्ति बैंकर र व्यवसायी हुँदा स्वार्थको द्वन्द्व सिर्जना हुन सक्ने र बैंकिङ सुशासनमा नकारात्मक असर पर्ने भएकाले छुट्याएर काम गर्नुपर्ने राय समेटेर बुझायो प्रतिवेदन

(विस्तृत पृष्ठ ६)

■ काठमाडौंको धुमिल आकाश, बढ्न थाल्यो तुवाँलो



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

पुस लागेसँगै वायु प्रदूषणको मात्रा बढ्न थालेपछि काठमाडौंको आकाश धुमिल हुन थालेको छ। साँझ-बिहान हुस्सुसहित आकाशमा तुवाँलो बढ्न थालेको छ भने दिउँसो घाम लागे पनि माथिल्लो वायुमण्डल धुमिल देखिन थालेको छ। मौसमविद् गोविन्द झाले पानी नपरेकाले धुलोधुवाँका कण वायुमण्डलमा तैरिँदा तुवाँलोको अवस्था बनेको बताए। 'पानी परेको छैन, प्रदूषणको मात्रा पनि बढिरहेको छ, धुलोधुवाँका कण आकाशमा तैरिँदै जाँदा धुमिल भएको हो,' उनले भने। वर्षा नहुने र हावा पनि कम चल्ने अवस्था लम्बिँदै जाँदा वायु प्रदूषणको मात्रा पनि बढ्दै जाने र आकाश तुवाँलोले ढाक्ने हुन्छ। काठमाडौंमा मंगलबार अपराह्न वायु प्रदूषणको मात्रा १०३ एक्युआई थियो। तर, राति बढेर १५० नाघेको छ। यो मात्रा ५० नाघ्दा मानव स्वास्थ्यका लागि अस्वस्थकर मानिन्छ।

आज कांग्रेसको कार्यसम्पादन समिति बैठक
महाधिवेशन कार्यतालिका हेरफेर हुन सक्ने

सन्तनेता कृष्णप्रसाद भट्टराईको १०२औं जन्मजयन्तीको अवसरमा राजधानीमा मंगलबार आयोजित कार्यक्रममा नेता डा. शेखर कोइरालाले भने-



कांग्रेसको महाधिवेशन केही लम्बिन सक्छ। म त पुस २६ मै महाधिवेशन हुनुपर्छ भन्ने व्यक्ति हुँ।

प्रेम गौतम/नयाँ पत्रिका

पुस अन्तिम साताका लागि तोकिएको महाधिवेशन कार्यतालिकामा हेरफेर गर्न कांग्रेसले केन्द्रीय कार्यसम्पादन समिति बैठक बोलाएको छ। मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार पार्टी केन्द्रीय कार्यालय सानेपामा बुधबार दिउँसो १ बजे बस्ने गरी बैठक बोलाइएको छ।

नेताहरूका अनुसार केन्द्रीय कार्यसमितिले निर्णय गरेको महाधिवेशन तालिका हेरफेर गर्न बैठक बोलाइएको हो। तत्काल केन्द्रीय

» पृष्ठ २ मा क्रमशः



यस्तो छ अहिलेको
कार्यतालिका

क्रियाशील सदस्यता टुंग्याएर १६ पुसमा वडा अधिवेशन गर्ने कार्यतालिका छ। १७ पुसमा पालिका अधिवेशन, १९ पुसमा प्रदेश सभा क्षेत्रीय अधिवेशन गर्ने तालिका छ। यस्तै, २१ पुसमा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाको अधिवेशन गर्ने तालिका छ। २२ पुसमा दुई वा दुईभन्दा बढी निर्वाचन क्षेत्र रहेका जिल्ला अधिवेशन गर्ने तालिका छ। यस्तै, २३ र २४ पुसमा प्रदेश अधिवेशन र २६, २७ र २८ पुसमा काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका छ।

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बुहारीलाई भान्सामा थुनेपछि पेट्रोल छर्केर आगो लगाई हत्या

हत्या गरेपछि 'आत्मदाह गरेको' भन्दै परिवारका सदस्यले नै गरेका थिए प्रचार, सुशीलाको हत्या हुँदा ट्युसन गएका थिए छोराछोरी

सिन्धुलीमा **विदुर पौडेल**

सिन्धुलीको कमलामाई नगरपालिका- ४, धुराफाँटकी ३२ वर्षीया सुशीला घिसिङ बम्जनले आफ्नै शरीरमा पेट्रोल छर्केर आत्मदाह गरेको भनिएको घटनामा प्रहरीले जघन्य हिंसाको प्रमाण भेटाएको छ। उनलाई परिवारका सदस्यले नै घरभित्र भान्सामा थुनेर शरीरमा पेट्रोल छर्की आगो लगाएर हत्या गरेको अनुसन्धानमा खुलेको हो।



सुशीला बम्जन

घटना गत आइतबार अपराह्न साढे ४ बजेको हो। लामो समयदेखि पारिवारिक झैझगडा हुने गरेकामा सासू, ससुरा र नन्दले पेट्रोल छर्केर आगो लगाई हत्या गरेको खुलेको हो। पत्काउ परेकी नन्द ३५ वर्षीया मीना बम्जनले सुशीलाको शरीरमा पेट्रोल छर्केर आगो लगाएको प्रारम्भिक बयान दिएको सिन्धुली प्रहरी प्रमुख एसपी लालध्वज सुवेदीले बताए। सासू ६० वर्षीया मायाँरानी बम्जनलाई पनि प्रहरीले पत्काउ गरेको छ। आगो लगाउने क्रममा आफैं घाइते भएका ससुरा ६५ वर्षीय दुर्गामान बम्जन अस्पतालमा उपचार गराइरहेकाले प्रहरी निगरानीमा छन्।

» पृष्ठ २ मा क्रमशः

- **सासू र नन्द प्रहरी हिरासतमा, आगो लगाउने क्रममा आफैं घाइते भएका ससुरा अस्पतालमा प्रहरी निगरानीमा**

कोरियामा रहेका सुशीलाका श्रीमान्माथि पनि शंकाको सुई





सुशीलाका ससुरा दुर्गामान बम्जन, नन्द मीना र सासू मायाँरानी (बायाँबाट क्रमशः)

सिन्धुली प्रहरी प्रमुख एसपी लालध्वज सुवेदीले भने, 'लामो समयदेखि पारिवारिक झगडा रहेछ। झगडाबारे सुशीलाको माइती पक्षलाई पनि जानकारी रहेछ। अन्य धेरै विषय जोडिएका छन्। ती सबै खुलाउँदा अनुसन्धानमा प्रभाव पर्ने भएकाले अहिले सबै विषय भन्न सकिने अवस्था छैन। पत्काउ परेकी मृतककी नन्दले दिएको प्रारम्भिक बयानअनुसार पेट्रोल छर्केर हत्या गरेको देखिन्छ।'



सुशीलाका दाइ भीमबहादुर घिसिङ भन्छन्-

बहिनीलाई छोडपत्र गर्न दबाब दिँदै आएका थिए परिवारले

७ वैशाख ०६७ मा बहिनी (सुशीला) र मामाको छोरा अर्थात् ज्वाइँ (सूर्यबहादुर बम्जन)सँग मागीविवाह भएको हो। विवाहको ५-६ वर्षसम्म बालबच्चा नभएपछि परिवारले छोडपत्र गर्न दबाब दिँदै आएका थिए। डिभोर्स गर्ने र अर्को विवाह गर्न भन्दै बहिनी लैजान भनेर दबाब दिने गरेका थिए। त्यसपछि बहिनीलाई माइतमा ल्याएर राखी चिकित्सकको सल्लाहबमोजिम उपचार गरेर फेरि घर पठाएको करिब दुई वर्षमा एकैपटक तीन बच्चा जन्मिए। त्यसको दुई-तीन वर्षसम्म कुनै पनि घरायसी झगडा थिएन, सामान्य थियो।

जब ज्वाइँ कोरिया जाने कुरा भयो। तर, कोरिया जान डिभोर्स गर्नुपर्ने बताएपछि पुनः विवाद सुरु भएको थियो। हामीले डिभोर्स गर्नैपर्ने भए सबै जायजेथा बहिनीको नाममा गरिनुपर्ने भनेपछि डिभोर्स भएन। त्यस समयमा पनि घरपरिवारले घरको चेनगेट लगाई बाँसको भाटाले कुटपिट गर्न थालेपछि बहिनीले घरबाट भागेर ज्यान जोगाउन सफल भएकी थिइन्। स्थानीयसँग हारगुहार गरी राति छिमेकीको घरमा बसेको र पछि छलफलबाट समझदारी गरिएको थियो। त्यसको सम्पूर्ण भिडियोदेखि सबै प्रमाण हामीसँग सुरक्षित छ। तैपनि सासू, ससुराले बारम्बार ज्यान मार्ने धम्की दिने र कुटपिट गर्ने गरेको बहिनीले सुनाउने गरेकी थिइन्। हामीले छलफल गरी समाधान गर्ने गरेका थियौं। पछिल्लो समय उनीहरूले समुदायका नागरिकसँग बोल्न नहुने, फोनमा कुरा गर्न नहुनेजस्ता यातना बहिनीलाई दिने गरेका थिए। यसबिचमा आगो लगाएर हत्या गरेछन्। हत्या गर्नेमाथि कारबाहीको माग गरेर किटानी जाहेरी दिइसकेका छौं।

सरकारका प्रतिनिधि पुगे तीन ठुला दलका पार्टी कार्यालय

नयाँ पत्रिका

दलहरूसँगको दूरी कम गर्दै चुनावको सुनिश्चितता कायम गर्न सरकारका प्रतिनिधि दलहरूको कार्यालय पुगेका छन् । मंगलबार सरकारका प्रतिनिधिले कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीको कार्यालय पुगेर २३ र २४ भदौको आन्दोलनका क्रममा भएको आगजनीको क्षतिको जानकारी लिँदै चुनावमा भाग लिन अनुरोध गरेका छन् ।

प्रतिनिधिसभाको २१ फागुनको निर्वाचनमा प्रमुख दललाई विश्वासमा लिएर सहभागी गराउने प्रयासस्वरूप सरकारले गठन गरेको राजनीतिक संवाद समितिका सदस्यहरू दलका कार्यालय पुगेका हुन् । प्रधानमन्त्री र दलका शीर्ष नेताहरू संवादमा बसेकै दिन मन्त्रीहरू दलका कार्यालय गएका हुन् ।

मन्त्रिपरिषद्ले २९ मंसिरमा निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गर्नका लागि विभिन्न पक्षहरूसँग संवाद गर्न कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाको संयोजकत्वमा उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गरेको थियो । सञ्चारमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनाल सदस्य रहेको समितिलाई विभिन्न राजनीतिक दल र सरोकारवालासँग संवाद गर्ने कार्यादेश छ ।

यसैअन्तर्गत समितिले मंगलबारदेखि संवाद थालेको हो । समिति सुरुमा ११ बजे कांग्रेस कार्यालय सानेपा पुगेर स्थलगत अवलोकन गरेको थियो । त्यसपछि १ बजे एमालेको कार्यालय च्यासल र ३ बजे नेपाली कम्युनिस्ट पार्टीको कार्यालय पेरिसडाँडा पुगेको थियो ।

समिति सदस्य मन्त्री खरेलले चुनावको वातावरण बनाउन सरकारले सिंहदरबार र बालुवाटारमा मात्र बोलाउने होइन, चुनावको तयारी गर्नुस् भनेर सन्देश दिन पार्टी कार्यालय पुगेको बताए । 'सरकार इमान्दारी साथ चुनाव गराउन खोजिरहेको छ भन्ने सन्देश हो । हामी चुनाव चाहन्छौँ, तपाईंहरू पनि चुनावको तयारी गर्नुस् भनेर सन्देश दिन उहाँको पार्टी कार्यालयमा सरकार आएको छ । चुनावको वातावरण बनाऊँ, भाग लिनुस् भन्नका लागि सरकार दलको दैलोमा पुगेको हो,' उनले भने ।

मन्त्री खरेलले तीनै दल चुनावका लागि तयार रहेको बताए । 'सरकार, दल र जनता अब चुनावको बाटोमा होमिनुपर्छ भन्ने निष्कर्ष तीनवटै पार्टीको भेटघाटमा आएको छ । कांग्रेस र नेकपा तयार छ । एमालेले पनि स्पष्ट शब्दमा वातावरण बनाउनुस्, चुनावमा भाग लिन्छौँ भनेको छ,' उनले भने, 'सरकारले स्वतन्त्र, निष्पक्ष, भयरहित वातावरण बनाउँछ । प्रचारका लागि नेता तथा कार्यकर्ता जनतालाई कहीँ अवरोध नहुने गरी खुला रूपमा भोट माग्न दिने वातावरण बनाउने प्रतिबद्धता गरेका छौँ । देश नै चुनावका लागि तयार भइसकेपछि दल र नेतालाई सरकारले वातावरण दिन्छ ।'

> मंगलबार सरकारका प्रतिनिधिले कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीको कार्यालय पुगेर २३ र २४ भदौको आन्दोलनमा भएको क्षतिको जानकारी लिँदै चुनावमा भाग लिन अनुरोध गरेका छन्

सरकारी प्रतिनिधिलाई पार्टी कार्यालयमा स्वागत गर्दै नेकपाका संयोजक प्रचण्डले मन्त्री आउनु सकारात्मक कुरा भएको बताए । उनले भने, 'योचाहिँ चुनाव हुन्छ भन्ने राम्रो संकेत हो ।'

मन्त्री खरेलले पनि नेपाली कम्युनिस्ट पार्टीका संयोजक र पदाधिकारीको तर्फबाट स्पष्ट रूपमा संसद् पुर्स्थापना गर्नुहुँदैन, चुनावमै जानुपर्छ भन्ने कुरा आएको बताए । उच्चस्तरीय समितिले बुधबार ११ बजे जनमत, १ बजे राप्रपा र ३ बजे रास्वपा कार्यालय पुगेर संवाद गर्ने मन्त्री खरेलले बताए ।

निर्वाचनको...

पृष्ठ १ बाट क्रमशः

छलफलमा सहभागी नेताहरूले आगामी दिनमा निर्वाचन अनुकूल वातावरण निर्माणका लागि निरन्तर संवाद अघि बढाउने सहमति पनि जनाएका छन् ।

राष्ट्रपति भवन शीतलनिवासमा सम्पन्न छलफलमा प्रधानमन्त्री सुशील कार्की, कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली तथा नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड सहभागी थिए । छलफलमा निर्वाचन सफल बनाउन राजनीतिक सहकार्य अपरिहार्य रहेकोमा उनीहरूबिच साझा धारणा बनेको छ ।

राष्ट्रपतिले देश गम्भीर मोडमा रहेको उल्लेख गर्दै लोकतान्त्रिक निकासका लागि निर्वाचनलाई सफल बनाउनु सबै राजनीतिक शक्तिको साझा दायित्व भएको बताएका छन् । प्रधानमन्त्री कार्कीले छिट्टै विस्तृत राजनीतिक संवादको पहल गर्ने र आवश्यकताअनुसार निरन्तर छलफलको प्रक्रिया अगाडि बढाउने समझदारीसमेत भएको छ ।

२३ र २४ भदौको जेन-जी आन्दोलनबाट सत्ताच्युत ओलीसहित शीर्ष नेता र प्रधानमन्त्री कार्कीबिच दूरी बढिरहेका वेला राष्ट्रपतिले संवादका लागि अग्रसरता लिएका हुन् । यद्यपि, राष्ट्रपति कार्यालयका अधिकारीहरूले भने चुनावी वातावरणका लागि राष्ट्रपतिले शीर्ष नेताहरूसँग अलग्गै छलफल गरेको जनाएका छन् । यसअघि प्रधानमन्त्रीकै उपस्थितिमा दलहरूका दोस्रो तहका नेताहरूसहितको सर्वदलीय बैठक राखेको तथा जेन-जीहरूसँग अलग्गै छलफल गरिसकेको राष्ट्रपति कार्यलयका अधिकारीले बताएका छन् ।

'मंगलबार राष्ट्रपतिले शीर्ष नेताहरूसँग मात्र छलफल राख्नुभएको थियो । प्रधानमन्त्रीलाई समय व्यवस्थापन गर्न अप्ठेरो परेकाले उहाँसहितको छलफल बुधबारलाई राखिएको थियो । तर, शीर्ष नेताहरू आउने निश्चित भएपछि उहाँ पनि समय व्यवस्थापन गरेर आउनुभयो र सौहार्दपूर्ण छलफल भयो,' राष्ट्रपतिको सचिवालयका एक सदस्यले भने ।

राष्ट्रपति पौडेलले देशको वर्तमान जटिल अवस्थाको निकासका लागि निर्वाचन नै उपयुक्त विकल्प भएको बताउँदै प्रतिनिधिसभा निर्वाचन सफल बनाउन प्रधानमन्त्रीसहित मुख्य तीन राजनीतिक दलका शीर्ष नेतालाई आग्रह गरेका थिए ।

'म कार्यकारी होइन, संवैधानिक राष्ट्रपति हुँ । छलफलका लागि मैले आफ्नो कर्तव्य सम्झिएर कार्यकारी प्रमुख र प्रमुख दलका प्रमुख नेताहरूबिचको संवादको समन्वय मात्र गरेको हुँ । अबदेखि सरकारले चुनावी वातावरणका लागि निरन्तर छलफल चलाओस्, बालुवाटारमा प्रमुख नेताहरूलाई पनि बोलाएर अझ विस्तृतमा छलफल गर्नुस्,' राष्ट्रपति पौडेलको भनाइ थियो ।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले प्रधानमन्त्री र प्रमुख दलका शीर्ष नेताबिच चुनावी वातावरण बनाउने समझदारी जुटेको र त्यसका लागि प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा विस्तृत छलफल गर्ने समझदारी पनि बनेको बताए । 'देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिनका लागि चुनाव घोषणा भएको हो । यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु हामी सबैको एक मात्र दायित्व हो,' राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै सल्लाहकार पोखरेलले भने ।

राष्ट्रपति पौडलेको आग्रहपछि नेताहरूले पालैपालो बोलेका थिए । छलफलमा कांग्रेस सभापति शेरबहादुर देउवाले भने एक मिनेटभन्दा पनि कम समय मात्र आफ्ना कुरा राखेका थिए । 'के गरी हुन्छ, एउटामा (संसद् पुनर्स्थापना या चुनाव भन्नेमा) आमसहमति गरौँ, मुलुकलाई निकास दिने गरी अगाडि बढौँ,' बैठकमा देउवाको भनाइ थियो ।

छलफलमा पूर्वप्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष ओलीले लामै पृष्ठभूमि बाँधेर एक घण्टा आफ्नो धारणा राखेका थिए । उनले आफूमाथि सरकारले साधेको पूर्वाग्रहदेखि चुनाव हुन नसक्ने परिस्थिति, संसद् पुनर्स्थापनाबाट हुन सक्ने संवैधानिक र सहज निकासमा केन्द्रित रहेर धारणा राखेका थिए । 'जनताको सर्वोच्चता स्विकार्ने हो भने मुलुकलाई विधिसम्मत बाटोबाट अगाडि बढाऔँ । त्यसका लागि संसद् पुनर्स्थापनाको विकल्प छैन । पुनर्स्थापना भयो भने त्यहीँबाट समाधान खोज्न सकिन्छ, संविधान संशोधनमा सहमति जुटाएर सर्वपक्षीय चुनावी सरकार बनाएर जान सकिन्छ । त्यो नै वैधानिक निकासको बाटो हुन्छ,' ओलीको भनाइ थियो, 'अहिले चुनाव गराउने वातावरण सरकारले बनाउन सकेको छैन । त्यसैले संसद् पुनर्स्थापना हुनुपर्छ । अदालतले नै पुनर्स्थापना गरोस् । त्यो भएन भने पनि राष्ट्रपतिले विघटन गरेको संसद्लाई राष्ट्रपतिले नै ब्युँताउन सक्नुहुन्छ ।'

नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष प्रचण्डले भने चुनाव नभएको अवस्थामा संसद् पुनर्स्थापनाको विकल्पमा जानु नै उत्तम रहेको विचार राखेका थिए । '२१ फागुनमै चुनाव हुनुपर्छ, हामी तयारीमा लागेका छौँ । तर, अझै सरकारले विश्वस्त वातवरण बनाउन सकेको छैन । यदि चुनाव हुन सकेन भने मुलुक शून्य अवस्थामा रहन सक्दैन र दिशाहीन अर्को कोर्सतिर पनि जानुहुँदैन । त्यो अवस्थामा तत्काल संसद् पुनर्स्थापना गरेर मुलुकलाई ट्र्याकमा लानुपर्छ,' प्रचण्डको भनाइ थियो ।

प्रधानमन्त्री कार्कीले भने मुलुकलाई नियमित लयमा फर्काउन चुनावबाहेक अरू विकल्प सहज नभएकाले आफूले बनाउने चुनावी वातवरणमा निश्चिन्त हुन र तयारीमा लाग्न ध्यानाकर्षण गरेकी थिइन् । 'तपाईंहरूलाई सरकारको सीमा, बाध्यता र चुनौती सबै थाहा छ । आजको दिनमा निकासका लागि चुनाव गराउनैपर्छ । चुनाव नभएसम्म देशमा स्थिरता सम्भव छैन र मुलुक नियमित लयमा पनि फर्किँदैन । त्यसैले सरकारले जसरी पनि चुनाव गराउँछ,' प्रधानमन्त्री कार्कीको भनाइ थियो, 'जेन-जीका माग बुझ्नुभएकै छ । संसद् पुनर्स्थापनातिर जाँदा उनीहरूको पोजिसन स्पष्ट छैन । तर, चुनाव गराइयो भने त उनीहरूलाई पनि जनतामा जाने अवसर हुन्छ । अनि उनीहरूको पनि पोजिसन स्पष्ट हुन्छ । तपाईंहरूले चिन्ता गर्नुपर्दैन, चुनावी वातावरण बनाउँछु, तपाईंहरू तयारीमा लाग्नुस् ।'

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले छलफलबारे विस्तृत जानकारी नभए पनि संवादहीनता तोडिँदा चुनावी वातावरण बन्न सहयोग पुग्ने बताए । 'के-के कुरा भयो विस्तृत जानकारी छैन । तर, राष्ट्रपतिको उपस्थितिमा सरकार प्रमुखसँग शीर्ष नेताहरूले निर्वाचनप्रतिको आशंका, चिन्ता र चासो राख्न पाउनुभो, सरकारले पनि आफ्नो तयारी बताएर आश्वस्त तुल्याउने प्रयास गर्‍यो । जे भए पनि शीर्ष नेताहरूसँग प्रधानमन्त्रीले कुरै नगरेको परिस्थितिमा संवाद हुनु राम्रो कुरा हो,' महतले नयाँ पत्रिकासँग भने ।

नेपाली कम्युनिस्ट पार्टीका नेता अग्निप्रसाद सापकोटाले छलफलमा प्रचण्डले चुनावी माहोल बनाउनुपर्नेमा विशेष जोड दिएको बताए । प्रचण्डको भनाइ उद्धृत गर्दै सापकोटाले भने, 'चुनाव हुनुपर्छ, चुनावको वातावरण बन्नुपर्छ, बनाउनुपर्छ । चुनाव नै हो अहिलेको निकास, ताजा जनादेशमा जानुपर्छ । सबै मिलेर चुनावी माहोल/वातावरण बनाउनुपर्छ । संविधान, लोकतन्त्र, गणतन्त्रको रक्षा, विकास र समुन्नतिका लागि पनि निर्वाचन अपरिहार्य छ ।'

सेन्ट्रल फाईनान्स लिमिटेडको
२९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०९ गते

यस वित्तीय संस्थाको मिति २०८२ साल पौष ८ गते बसेको सञ्चालक समितिको ३६१ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २९ औं वार्षिक साधारण सभा निम्न विषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति, समय र स्थान :

मिति : २०८२ साल पौष ३० गते बुधबार (14th January 2026)
समय : बिहान १०.३० बजे
स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुर ।

छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने वार्षिक प्रतिवेदन पारित गर्ने बारे ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८२ साल असार मसान्तको वासलात तथा मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने बारे ।
३. लेखा समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(ख) विशेष प्रस्ताव

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Accuisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगायतका गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी जानकारी

१. यस वित्तीय संस्थाको २९ औं वार्षिक साधारण सभाको लागि कम्पनीको शेयर नामसारी, दाखिला खारेज कार्य मिति २०८२/०९/१७ गते बन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द हुनुभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भई नियमानुसार नामसारी, दाखिल खारेज भई आएका शेयरधनीहरुले मात्र साधारण सभामा सहभागिता जनाउन सक्ने छन् ।
२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही (DMAT) खाता खोलिएका/शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
३. वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ९:३० बजेदेखि खुल्ला रहनेछ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधिपत्र (प्रोक्सी फारमहरु) सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समयभित्र दर्ता गरी सक्नुपर्नेछ । संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यसअघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम संस्थाको केन्द्रीय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ । प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।
६. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।
७. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
८. कम्पनीको आर्थिक विवरण समयभित्र प्राप्त नभएमा शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.centralfinance.com.np तथा केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुरबाट प्राप्त गर्न सकिने छ ।
९. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयमा साधारण सभाको मितिभन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनीको कार्यालय मार्फत कम्पनीका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ ।
१०. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा जिज्ञासाको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।
११. सभा सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालयः कानदेवस्थान, कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५

महाधिवेशन...

पृष्ठ १ बाट क्रमशः

कार्यसमिति बैठक बस्न नसकेका वेला केन्द्रीय कार्यसम्पादन समिति बैठकले निर्णय गर्न सक्ने कांग्रेसको विधान छ । कार्यसम्पादन समितिमा पदाधिकारी, पूर्वपदाधिकारीसहितका केही केन्द्रीय सदस्य छन् ।

गत केन्द्रीय कार्यसमिति बैठकले आगामी २६-२८ पुसमा १५औँ महाधिवेशन गर्ने निर्णय गरेको छ । तर, क्रियाशील सदस्यता नटुंगेका कारण कार्यतालिका प्रभावित भएको भन्दै हेरफेरको गृहकार्यमा कांग्रेस छ । कार्यसम्पादन समितिले नै तालिका हेरफेर गर्ने कि निर्वाचन समितिलाई नयाँ कार्यतालिका ल्याउने अधिकार दिने भन्ने विषयमा छलफल भइरहेको छ ।

क्रियाशील सदस्यता टुंग्याएर १६ पुसमा वडा अधिवेशन गर्ने कार्यतालिका छ । १७ पुसमा पालिका अधिवेशन, १९ पुसमा प्रदेश सभा क्षेत्रीय अधिवेशन गर्ने तालिका छ । यस्तै, २१ पुसमा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाको अधिवेशन गर्ने तालिका छ । २२ पुसमा दुई वा दुईभन्दा बढी निर्वाचन क्षेत्र रहेका जिल्ला अधिवेशन गर्ने तालिका छ । यस्तै, २३ र २४ पुसमा प्रदेश अधिवेशन र २६, २७ र २८ पुसमा काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका छ ।

NDPC
नेपाल डिजिटल पेमेण्ट्स (कं) लि.

VACANCY ANNOUNCEMENT

Positions:
1. Business Analyst -1
2. Jr. Laravel Developer - 1
3. Jr. Flutter Developer - 1
4. System Support Associate - 1

To Apply:
www.merojob/ndpc

इन्द्रेणी मसरुम फार्म लिमिटेड
चन्द्रागिरी-१२, बलम्बु, काठमाडौं, फोन नं.: ४३११४२८

एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०९/०९ गते)

यस कम्पनीको मिति २०८२/०९/०४ गते शुक्रबार बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको एघारौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनीको ऐन, २०६३ को दफा ६७ को व्यवस्था अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थान :

मिति : २०८२ पौष ३० गते बुधबार (14th January, 2026)
स्थान : चन्द्रागिरी पार्टी प्यालेस, सतुंगल, काठमाण्डौ (फ्रुटी कारखाना नजिक) ।
समय : दिउँसो १:०० बजे ।

छलफलका विषयहरु :

क) साधारण प्रस्तावहरु :

१. आर्थिक वर्ष २०८१/०८२ को संचालक समितिका तर्फबाट अध्यक्ष ज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८२ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा तत्सम्बन्धी अनुसूचिहरु छलफल गरि पारित गर्ने ।
३. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।

ख) विविध :

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

बुहारीलाई...

पृष्ठ १ बाट क्रमशः

'लामो समयदेखि पारिवारिक झगडा रहेछ । झगडाबारे सुशीलाको माइती पक्षलाई पनि जानकारी रहेछ,' एसपी सुवेदीले भने, 'अन्य धेरै विषय जोडिएका छन् । ती सबै खुलाउँदा अनुसन्धानमा प्रभाव पर्ने भएकाले अहिले सबै विषय भन्न सकिने अवस्था छैन । पक्राउ परेकी मृतककी नन्दले दिएको प्रारम्भिक बयानअनुसार पेट्रोल छर्केर हत्या गरेको देखिन्छ ।' सुशीलाका पति सूर्यबहादुर बम्जन वैदेशिक रोजगारीको सिलसिलामा कोरियामा छन् । कोरियामा रहे पनि श्रीमतीको हत्या योजनामा उनको पनि संलग्नता हुन सक्ने एसपी सुवेदी बताउँछन् ।

प्रहरीले प्रेस नोट नै सार्वजनिक गरेर सुशीलाको हत्या भएको जनाएको छ । 'साढे दुईतले घरको बिच तलाको पूर्वतर्फको भान्सा कोठाभित्र मट्टीतेल/पेट्रोल छर्की आगो लगाई सुशीलाको घटनास्थलमै मृत्यु भएको...,' प्रहरीले प्रेस नोटमा भनेको छ, 'घटनास्थलबाट दुई बोतल पेट्रोल, लाइटर, बाँसको भाटामा सल बेरी राखेको अवस्थामा राँको (पुल्ठो)समेत फेला पारी शव जाँच मुचुल्का तयारी गरी पोस्टमार्टमका लागि सिन्धुली अस्पताल पठाइएको...।'

सुशीलाका बुवा सिन्धुलीकै हरिहरपुरगढी गाउँपालिका-४ का प्रेमबहादुर घिसिङले सोमबार प्रहरीमा किटानी जाहेरी दिएपछि मीना र मायाँरानी पक्राउ परेका थिए । छोरीमाथि पटक-पटक घरेलु हिंसा गरेको, यातना दिँदै आएको र छोरीको हत्या गरेको भन्दै घिसिङले किटानी जाहेरी दिएका थिए । उक्त जाहेरी कर्तव्य ज्यान मुद्दा शीर्षकमा दर्ता गरिएको तथा मीना र मायाँरानीलाई जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको एसपी सुवेदीले बताए ।

बुहारीलाई आगो लगाउँदा आगोको लप्काले भेटेर घाइते भएका ससुरा दुर्गामानको सिन्धुली अस्पतालमा उपचार भइरहेको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार उनको दाहिने हात, दाहिने खुट्टा र ढाड जलेको छ ।

हत्या गर्नुअघि घरको गेटमा भित्रबाट लगाएका थिए ताला

सुशीलाको हत्या गर्नुअघि परिवारका सदस्यले घरको गेटमा भित्रबाट ताला लगाएको स्थानीयले बताएका छन् । सुशीलाले हारगुहार गरेपछि स्थानीय पुगेका थिए । तर, गेटमा भित्रबाट ताला लगाइएकाले भित्र जान पाएनन् । 'भित्र आगो दन्किएको देखिन्थ्यो, कोठामा आगो लगाई नन्द मीना घरको ग्यालरीमा उभिरहेकी थिइन्,' एक स्थानीयले भने ।

माथिल्लो तलामा रहेकी मायाँरानीले साँचो झारिदिएपछि मीनाले मूलगेट खोलेकी थिइन् । त्यसपछि स्थानीय भित्र छिरेर घटना भएको कोठामा पुग्दा सुशीलाको मृत्यु भइसकेको थियो । गेटमा ताल्चा लगाएर शरीरमा आगो लगाई सुशीलाको हत्या भएको र छिमेकीले आगो निभाएको पीडितकी आफन्त सरिता स्याङ्तानले बताइन् । सुशीलालाई ६-७ वर्षदेखि नै सासू, ससुरा र नन्दले निरन्तर मानसिक तथा शारीरिक यातना दिँदै आएको, खान, लगाउन नदिएको, मोबाइल प्रयोग गर्न नदिएको आफन्तहरू बताउँछन् ।

करिब दुई महिनादेखि नन्द मीनाले सुशीलालाई मार्ने धम्की दिएको र सुशीलाले बहिनी सन्धी, बुवा र भाउजू निर्मलालाई यो विषयमा जानकारी गराउँदै आएको आफन्तले बताएका छन् । उनीहरूका अनुसार परिवारका सदस्यले सुशीलालाई घर छाडेर जान दबाब दिँदै, नभए मार्ने धम्की दिएका थिए । नन्दले आफूलाई आजै मार्ने भनेको भनेर घटना हुनुभन्दा एक घण्टाअगाडि मात्रै पनि बहिनी सन्धीलाई फोन गरेर सुनाएको पनि खुलेको छ । घटनास्थल पुगेका मृतकका काका सुकबहादुर घिसिङ र भाउजू निर्मला स्याङ्तानले पनि सुशीलाको हत्या भएको बताए ।

हरिहरपुरगढी गाउँपालिका-४ का वडाध्यक्ष कमलकुमार राईका अनुसार सुशीलाका बुबा र सासू एउटै आमाबाट जन्मिएका दाजुबहिनी हुन् । तामाङ समुदायको रीतिरिवाजअनुसार मामा चेला सूर्यबहादुर र फुपू चेली सुशीलाबिच मागीविवाह भएको राईले बताए । 'सुशीलाको घरपरिवारसँग ६-७ वर्षअगाडि नै घरायसी विवाद भएको र परिवारका सदस्य नै बसेर मेलमिलाप गरेको बुझिन्छ,' वडाध्यक्ष राईले भने, 'सुशीलाका पति विदेश जानुअघि नै परिवारमा केही खटपट भएको थियो ।'

सुशीलाको हत्या हुँदा ट्युसन गएका थिए छोराछोरी

सात वर्षअघि तिम्ल्याहा सन्तानलाई जन्म दिएकी सुशीलाका तीनवटै सन्तान स्कुलबाट आएर खाजा खाएपछि ट्युसन पढ्न गएका थिए । सुशीलाले नै ट्युसन पुर्‍याएर घर फर्किएकी थिइन् । त्यसपछि परिवारका सदस्यले मिलेर हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । घरको भान्साभरि सेलरोटी छरिएको अवस्थामा भेटिएको छ, बालबालिका मामाघरमा छन् ।

दोषीलाई कारबाहीको माग गर्दै प्रशासनमा ज्ञापनपत्र

पेट्रोल छर्की आगो लगाएर सुशीला घिसिङ बम्जनको हत्या घटनामा संलग्नमाथि कारबाहीको माग गर्दै सिन्धुलीका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइएको छ । नेपाल महिला संघका जिल्ला अध्यक्ष गंगा दाहाल, अखिल नेपाल महिला संघका जिल्ला उपाध्यक्ष तुलसा कार्की (देवकोटा) र अखिल नेपाल महिला संघ (क्रान्तिकारी)का जिल्ला उपाध्यक्ष बबिता गौतमले मंगलबार ज्ञापनपत्र बुझाएर हत्यामा संलग्न नन्द मीना, सासू मायाँरानी, ससुरा दुर्गामान र मतियार पति सूर्यबहादुरलगायतलाई कडा कानुनी दायरमा ल्याउन माग गरेका हुन् ।

सर्टिफिकेट हरायो

मिति २०८२/८/१ गते रत्नपार्क बाट चक्रपथसम्म जाँदा मेरो निम्न व्यहोराको NEB बाट जारी भएको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिन हुन अनुरोध गर्दछु ।

Name : Shreeya Khadgi
Reg. No.: 793270200205
Symbol No.: 22705253
Serial No. : M0862719
Mobile No.: 9841324501

११ पुसमा...

पृष्ठ १ बाट क्रमशः

दिइरहेका छन् । आयोगले तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङलगायतसँग बयान लिइसकेको छ । बयान सकिएपछि उनीहरूको स्थानहद पनि मंगलबारदेखि नै फुकुवा गरेको छ । ओली र लेखकको पनि बयान सकिएपछि स्थानहद फुकुवा गर्ने आयोगको तयारी छ । आइतबार बसेको आयोगको बैठकले ओली र लेखकसँग बयान लिने निर्णय गरेको थियो । सुरुमा लेखकसँग बयान लिने र उनको बयानको आधारमा ओलीलाई पत्र लेख्ने आयोगको तयारी छ । २३ र २४ भदौमा भएको मानवीय तथा भौतिक क्षतिको विषयमा छानबिन गर्न सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरेको हो ।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं ।

बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशित मितिः २०८२/०९/०९ गते ।

यस कार्यालयको तपसिल बमोजिमको खरिद कार्य विद्युतीय बोलपत्र (E-Bid)को माध्यमबाट गराउनुपर्ने भएकोले इजाजत प्राप्त व्यवसायीहरूबाट रीतपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

विवरण

ठेक्का नं.	खरिदसम्बन्धी विवरण	फाराम दस्तुर (रू.)	जमानत रकम (रू.)	बोलपत्र जमानत मान्य अवधि	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय
23/NCB/TM/G/2082-83	Procurement of Office Materials	३०००	२,५०,०००	१२० दिन	माघ १२, २०८२, मध्यान्ह १२ बजे	माघ १२, २०८२, दिनको १ बजे
24/NCB/TM/W/2082-83	Procurement of Electronics Materials	३०००	१,६०,०००			

प्रमुख प्रशासकीय अधिकृत

अन्तरिम सरकारको सय दिन पार

सुशासनको छनक, प्रश्नले पनि घेर्दै



● पूर्वसचिव **शंकर कोइराला** भन्छन्- उच्चपदस्थहरूको सम्पत्ति छानबिन गर्ने विषय जेन-जी आन्दोलनको प्रमुख मागका रूपमा उठेको थियो। यो काम गर्न सामान्यतया सरकारलाई बाधा-अवरोध छैन। तर, सरकारले कामकारबाही अघि बढाएको देखिएन।

सुवास भट्ट/नयाँ पत्रिका

जेन-जी आन्दोलनको जगमा गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले कार्यकालको सय दिन पार गरेको छ। यो अवधिमा सुशासनको प्रारम्भिक छनक देखाएको सरकार कतिपय भूमिकालाई लिएर प्रश्नको घेरामा पनि छ।

भ्रष्टाचार र अनियमिततासम्बन्धी अनुसन्धान गर्ने निकायलाई सक्रिय बनाउँदै विगतमा दबाइएका प्रकरणमाथि सक्रिय अनुसन्धान थालेको सरकारमाथि प्रश्न पनि उठेको छ, भ्रष्टाचार छानबिन आयोग किन गठन भएन ? वर्षौंदेखि अलपत्र पारिएका रुग्ण आयोजनाका ठेक्का तोड्ने र उच्चपदस्थले अनधिकृत रूपमा दुरूपयोग गरेका सुरक्षाकर्मी, सवारीसाधन र सुविधा कटौतीसम्म गरेको सरकारमाथि अर्को पनि प्रश्न उठेको छ, प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरणचाहिँ किन सार्वजनिक भएन ? त्यस्तै, अनावश्यक ३८ कार्यालय खारेज गरेर सकारात्मक सुरुवात गरेको सरकारमाथि सँगसँगै प्रश्न छ- प्रशासनिक सुधारका लागि नीतिगत पहल किन भएन ? तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकको बयान नलिइएकोमा पीडित पक्षले प्रश्न गरिरहेका छन्। र, २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गराउने मुख्य जिम्मेवारी पाएको सरकारले तोकिएकै समयमा निर्वाचन गर्ला कि नगर्ला भनेर पनि प्रश्न उठ्न थालेको छ।

जेन-जी आन्दोलनको मुख्य माग भ्रष्टाचार नियन्त्रण गरेर सुशासन कायम गर्नुपर्ने थियो। यसका लागि उच्चपदस्थहरूको सम्पत्ति छानबिन गर्नुपर्ने आवाज उठाएका थिए। सरकारले अख्तियार, सिआइबी र सम्पत्ति शुद्धीकरण विभागलाई उनीहरूको भूमिकामा सक्रिय बनाएको छ र विगतमा दबाइएका भ्रष्टाचार प्रकरणमाथि सक्रिय अनुसन्धान पनि थालेको छ। तर, आन्दोलनमा माग भएजस्तो समग्र उच्चपदस्थमाथि नै छानबिन गर्न भ्रष्टाचार छानबिन आयोग बनाउने घोषणा गरेको सरकारले त्यसका लागि कुनै प्रक्रिया सुरु गरेको छैन।

■ सरकारमाथि उठेका ६ प्रश्न

- भ्रष्टाचार छानबिन आयोग किन गठन भएन ?
- प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण किन सार्वजनिक भएन ?
- जेन-जी आन्दोलनमा अत्यधिक बल प्रयोग भएकोमा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीको किन बयान लिइएन ?
- प्रशासनिक सुधारका लागि नीतिगत पहल किन भएन ?
- प्रश्न र विवाद निम्तिने गरी किन नियुक्ति ?
- तोकिएकै मितिमा निर्वाचन होला ?



■ सरकारले गरेका सुधारका प्रमुख ६ कार्य

- विगतमा दबाइएका प्रकरणमाथि सक्रिय अनुसन्धान
- अख्तियार, सिआइबी र सम्पत्ति शुद्धीकरण विभाग भूमिकामा सक्रिय
- ६० रुग्ण आयोजनाको ठेक्का तोडियो, नयाँ ठेक्का लगाउने तयारी
- सरकारका उच्च राजनीतिक पदाधिकारीको अनधिकृत र अवाञ्छित सुविधा कटौती
- मापदण्डविपरीत उच्चपदस्थका लागि खटिएका ५०० सुरक्षाकर्मी र सवारीसाधन फिर्ता
- अनावश्यक ३८ कार्यालय खारेज

पूर्वसचिव शंकरप्रसाद कोइराला भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने मामिलामा सरकारको काम सन्तोषजनक नदेखिएको टिप्पणी गर्छन्। यी एजेन्डामा नीतिगत र व्यवस्थापकीय सुधारको महसुस नदेखिएको उनको भनाइ छ। 'उच्चपदस्थहरूको सम्पत्ति छानबिन गर्ने विषय जेन-जी आन्दोलनको प्रमुख मागका रूपमा उठेको थियो,' उनले भने।

आमसेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि हुन नसकेको पनि उनको टिप्पणी छ। एकाध मन्त्री र मन्त्रालयबाहेकको काम सन्तोषजनक नभएको भन्दै उनले उनीहरूको विज्ञता, कार्यप्रदर्शन र परिवर्तनको अनुभूति हुँन थालेको बताए। 'प्रधानमन्त्री जुन सदाशयता र इमान्दारिताका साथ अघि बढ्नुभएको देखिन्छ, त्यसअनुसार एकाधबाहेक मन्त्रीहरूको कार्यप्रदर्शन र सहयोग देखिएन,' कोइरालाले भने।

सरकारले सय दिन पूरा गरेको सन्दर्भमा शनिबार विशेष सम्बोधन गरेर प्रधानमन्त्री कार्कीले सकारात्मक कामको फेहरिस्त सुनाएकी थिइन्। मापदण्डविपरीत खटिएका पाँच सय सुरक्षाकर्मी र सवारीसाधन फिर्ता गरेर जनताको सेवामा परिचालन गरेको, अनावश्यक ३८ कार्यालय खारेज गरेको, ३२३ दरबन्दी कटौती गरी राज्यको व्ययभार घटाएको तथ्यांक पेस गरिन्। त्यस्तै, मिलेमतोमा विकास आयोजनाको ठेक्का हात पार्ने, तर कामै नगर्ने र राज्यको स्रोतसाधन दुरुपयोग गर्नेहरूको माखेसाङ्लो तोड्न पनि सरकार लागिपरेको प्रगति पेस गरिन्। कार्की नेतृत्वको सरकारले भौतिक पूर्वाधार, सडक र सिँचाइका १६ अर्बभन्दा बढी लागतका ६० रुग्ण आयोजनाको ठेक्का तोडेको छ।

प्रधानमन्त्री कार्कीले विगतमा दबाइएका प्रकरणमाथि अनुसन्धान तीव्र पारिएको भन्दै अनुसन्धान गर्ने निकायहरूलाई पूर्ण व्यावसायिक स्वतन्त्रता दिइएको बताइन्। 'यी कारबाहीले जतिसुकै शक्तिशाली व्यक्ति वा पदाधिकारी भए पनि कानुनले उन्मुक्ति दिँदैन भन्ने मान्यता स्थापित गरेको छ। कुनै पद वा शक्तिको निकटता नहेरी प्राप्त उजुरी र गुनासाका आधारमा अनुसन्धान अघि बढाइएको छ,' उनले भनिन्। अख्तियारले पछिल्लो समय दर्जनौं मन्त्री, सचिवहरू नै जोडिएका 'हाइप्रोफाइल' भ्रष्टाचारका मुद्दा दायर गरेको छ भने सिआइबीले पनि उपल्लो तप्कालाई नै लक्षित गरेर छानबिन र कारबाहीलाई तीव्रता दिएको छ।

अनधिकृत र अवाञ्छित सुविधा कटौतीलाई पनि प्रधानमन्त्री कार्कीले सरकारको उपलब्धिका रूपमा प्रस्तुत गरिन्। ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीदेखि स्थानीय तहका वडाध्यक्षसम्मले स्वकीय, सल्लाहकार र विभिन्न नियुक्ति खारेज गर्ने निर्णय गरेको थियो। अधिकांश गैरकानुनी नियुक्तिमा वार्षिक अर्बौं सकाइँदै आएकामा सरकारले त्यसको कटौती गरेको थियो। प्रधानमन्त्रीको सचिवालय र सल्लाहकारमा ६७ जनाको दरबन्दी भएर विगतका सरकारहरूले पूर्ण पदपूर्ति गर्ने गरेकामा हाल २० जनाको जनशक्तिमा सचिवालय सीमित गरिएको छ। फजुल खर्च नियन्त्रण र वित्तीय सुशासनमा ठोस कदम चालिएको तथा पदमा रहँदा र अवकाश भइसकेपछि पनि कतिपयले लिइरहेको अनधिकृत र अवाञ्छित सुविधा कटौती गरेर जनताले तिरेको कर जोगाइएको कार्कीको दाबी छ।

सरकारमाथि प्रश्न नभएका भने होइनन्। आन्दोलनको एजेन्डाका रूपमा रहेको भ्रष्टाचार छानबिन गर्न अलगै आयोग बनाउने विषयमा सरकारले कुनै सक्रियता देखाएको छैन। प्रधानमन्त्री कार्यालयमातहत नै रहेको राष्ट्रिय सतर्कता केन्द्रलाई समेत क्रियाशील गराउन सकेको छैन।

त्यस्तै, मन्त्रिपरिषद्का सदस्यहरूको सम्पत्ति विवरण नियुक्त भएको ६० दिनभित्र पेस गर्नुपर्ने बाध्यकारी कानुनी व्यवस्था छ भने सार्वजनिक गर्नुपर्ने विषय सार्वजनिक जवाफदेहिता र पारदर्शिताको पाटो हो। तर, प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक नगरिएकाले जवाफदेहिता र पारदर्शितामा प्रश्न उठ्न थालेको छ।

आन्दोलनमा अत्यधिक बल प्रयोग भएकोबारे सरकारले अलगै आयोग गठन गरेर त्यसमार्फत कामकारबाही अघि बढाएको छ। प्रहरी, सेना प्रमुखदेखि विभिन्न पदाधिकारीको बयान गरे पनि तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकको बयान लिएको छैन। जाँचबुझ आयोगले मंगलबार लेखकलाई एक साताभित्र बयानका लागि उपस्थित हुन पत्र पठाएको छ।

तंग्रिँदै सुरक्षा संयन्त्र

चार हजार ६७१ कैदीबन्दी अझै फरार, ६१३ थान हतियार नियन्त्रणबाहिर

टेकराज थामी/नयाँ पत्रिका

गत भदौको जेन-जी आन्दोलनपछि शिथिल अवस्थामा पुगेको मुलुकको आन्तरिक सुरक्षा व्यवस्था लयमा फर्किँदै छ। ध्वस्त भएका देशभरका प्रहरी कार्यालय पुनर्निर्माण भएका छन्। भागेका कैदीबन्दी धमाधम गिरफ्तार गरिएको र लुटिएका हतियार पनि बरामद भएका छन्। गृह मन्त्रालयका अनुसार आन्दोलनका क्रममा नेपाल प्रहरीका मात्रै १० वटा जिल्ला प्रहरी कार्यालय र चारवटा इलाका प्रहरी कार्यालय गरी ४६५ कार्यालयमा आगजनी भएका थिए। जसमध्ये ४५२ पुनर्निर्माण भइसकेका छन्। पुनर्निर्मित सबै कार्यालयबाट प्रहरीले शान्ति सुरक्षा बहालीको काम सम्पादन गर्दै आएको छ। आन्दोलनका क्रममा २६२ भन्दा धेरै सवारीसाधन खरानी भए। जसमध्ये तीनवटा चारपांग्रे, ९६ वटा चारपांग्रे सवारीसाधनसहित विभिन्न सामग्री समुदायस्तरबाट सहयोगस्वरूप प्राप्त भएका छन्।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी अविनारायण काफ्लेले जेन-जी आन्दोलनका क्रममा ध्वस्त पारिएका अधिकांश कार्यालय पुनर्निर्माण भएको र सबै कार्यालयबाट शान्तिसुरक्षा बहालीका काम तीव्र गतिमा अघि बढेको बताए। जेन-जी आन्दोलनका क्रममा २८ जिल्लाका कारागारबाट १४ हजार ५५९ कैदीबन्दी फरार भएका थिए। जसमध्ये नौ हजार ८६९ फर्किएका छन्। यो कुल फरार कैदीबन्दीको ६७.७८ प्रतिशत हो। बाँकी चार हजार ६७१ कैदीबन्दी भने अझै फरार छन्। यो कुल फरार कैदीबन्दीको ३२.०८ प्रतिशत हो। आन्दोलनका क्रममा नेपाल प्रहरीका मात्रै एक हजार ३४२ हतियार लुटिए। त्यसमध्ये हालसम्म ७२९ मात्रै फिर्ता भएका छन्। बाँकी ६१३ थान हतियार अझै फिर्ता हुन सकेको छैन। यो कुल संख्याको ४५.६७ प्रतिशत हो।



■ प्रहरी प्रवक्ता **डिआइजी अविनारायण काफ्ले** भन्छन्- **जेन-जी आन्दोलनका क्रममा प्रहरीका ४६५ कार्यालय ध्वस्त भएका थिए। त्यसमध्ये ४५२ पुनर्निर्माण भइसकेका छन्। १३ वटा पुनर्निर्माणको चरणमा छन्। सबै कार्यालयबाट शान्तिसुरक्षा दिने काम अघि बढेका छन्। अधिकांश कार्यालय जनस्तरको सहयोगबाट सञ्चालनमा आउन सकेका हुन्।**

प्रहरीका अनुसार फिर्ता हुन नसकेका मध्ये करिब दुई सय थान हतियार जलेर नष्ट भएका छन्। अर्थात् अझै ४१३ थान हतियार प्रहरीको नियन्त्रणभन्दा बाहिर छ। आन्दोलनका क्रममा सशस्त्र प्रहरी बलका पनि ४६ थान हतियार लुटिएका थिए। जसमध्ये ३१ थान हतियार बरामद भइसकेका छन्। डिआइजी काफ्लेले भने, 'जेलबाट फरार भएका कैदीबन्दी र लुटिएका हतियार सुरक्षाका लागि चुनौती थिए। यस अवधिमा झन्डै १० हजार कैदीबन्दी फिर्ता भएका छन्। लुटिएका हतियार पनि अधिकांश बरामद भएका छन्। केही बाहिर होलान्। त्यसका लागि प्रहरीको विशेष सुरक्षा दस्ता फिल्डमा खटिएका छन्। ठुला हतियार शतप्रतिशत बरामद भएका छन्।' जेन-जी आन्दोलनपछि कमजोर भएका सुरक्षा संयन्त्र उत्साहजनक ढंगले सुदृढ भएको गृह मन्त्रालयको दाबी छ। गृह प्रवक्ता आनन्द काफ्लेले शान्तिसुरक्षा बहालीमा सरकारले उत्साहजनक ढंगले प्रगति हासिल गरेको बताए।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल शान्तिसुरक्षा बहालीमा नेपाल प्रहरीले हासिल गरेको प्रगति उत्साहजनक रहेको बताए। 'जेन-जी आन्दोलनले हाम्रो सुरक्षा अवस्था जुन विन्दुमा पुऱ्याएको थियो, त्यसलाई आधार मानेर विश्लेषण गर्दा प्रहरीले उत्साहजनक ढंगले प्रगति गरेको देखिन्छ। अपराधको दर बढेका छैनन्। शान्तिसुरक्षा बहाली नै भएको देखिन्छ। तर, प्रो-एक्टिभ पुलिसिङ भने अझै पनि हुन नसकेको देखिन्छ,' उनले भने।

३५ वर्षदेखि भुटानी जेलमा रहेका राजबन्दीको रहस्यमय मृत्यु

पर्शुराम काफ्ले/नयाँ पत्रिका

भुटानका विभिन्न जेलमा तीन दशकभन्दा बढी समयदेखि राखिएका राजनीतिक बन्दीमध्येका एक शाबहादुर गुरुङको २९ मंसिरमा रहस्यमय मृत्यु भएको छ। भुटानका राजनीतिक बन्दीहरूको रिहाइका लागि गठित 'ग्लोबल क्याम्पेन फर द रिलिज अफ पोलिटिकल प्रिजनर्स इन भुटान'ले थिम्पुस्थित चामगाङ केन्द्रीय कारागारको आफ्नै कोठामा गुरुङ मृत भेटिनु रहस्यमय भएको भन्दै छानबिनको माग गरेको छ।

'जेलमा यस प्रकारको मृत्यु हुनु राज्यको गैरजिम्मेवारीपन र लापरबाही हो। सरकारमाथि गम्भीर प्रश्न उब्जेको छ,' अभियानका संयोजक राम कार्कीले नेदरल्यान्ड्सबाट टेलिफोनमा भने। भुटानको चिराङ क्षेत्रका स्थायी बासिन्दा शाबहादुर सन् १९९० मा रोयल भुटानी सेनामा कार्यरत रहेकै वेला पक्राउ परेका थिए। 'भुटानमा प्रजातन्त्रका लागि भएको शान्तिपूर्ण प्रदर्शनमा सहभागी भएको अभियोगमा उनलाई पक्राउ गरी आजीवन कारावासको सजाय सुनाइएको थियो। तीन दशकभन्दा बढी समयसम्म उनी मुख्यतः वाङ्दी फोड्राङ जिल्लास्थित राबुना कारागारमा थुनिएका थिए, जुन कारागार कठोर, अमानवीय र कुख्यात मानिन्छ,' अभियानले मंगलबार सार्वजनिक गरेको विज्ञप्तिमा भनिएको छ। गुरुङका आफन्त अमेरिका र अन्य देशमा बसोबास गरिरहेका छन्।

कार्कीका अनुसार कारावास अवधिभर गुरुङले गम्भीर शारीरिक र मानसिक यातना सहनुपरेको थियो। सुरक्षाकर्मीले उनीमाथि पटक-पटक कुटपिट गरेको, एकान्त कारावासमा राखेको तथा अन्य अमानवीय व्यवहार गरिएको थियो। आफन्तहरूले कार्कीलाई बताएअनुसार केही दिनअघि सुरक्षाकर्मीले गुरुङलाई मृत्युदण्ड दिने आदेश जारी भएको र उनलाई यातना दिएर मृत्युको मुखमा धकेल्ने चेतावनी दिएका थिए। यद्यपि, उनीमाथि मृत्युदण्डको पुष्टि भने भएको छैन। 'त्यसबाहेक दशकौं लामो दुर्व्यवहार र समयमै उपचार नपाउँदा उनको स्वास्थ्य अत्यन्तै कमजोर बनेको र अन्ततः त्यसैको परिणामस्वरूप उनको मृत्यु भयो भन्ने परिवारजनको विश्वास छ,' कार्कीले भने।

स्वास्थ्य अवस्था बिग्रँदै गएपछि दुई साताअघि उनलाई अमानवीय मानिने राबुना कारागारबाट चेमगाङ केन्द्रीय कारागारमा सारिएको थियो। उनी १० डिसेम्बरदेखि त्यहाँ थिए। उनलाई जेल स्थानान्तरणका क्रममा पनि आवश्यक चिकित्सकीय उपचार गर्न नदिइएको परिवारजनको आरोप छ।

आफन्त तथा अन्य विवरणअनुसार २८ मंसिर साँझ गुरुङ खाना खाएर सुत्न गएका थिए र उनको कुनै अस्वाभाविक लक्षण देखिएको थिएन। 'तर, १५ डिसेम्बर २०२५ (२९ मंसिर) बिहान उनी कोठाभित्र बेहोस अवस्थामा फेला परे। ड्युटीमा रहेका प्रहरीले उनलाई नजिकैको स्वास्थ्यचौकी हुँदै थिम्पुस्थित अस्पतालमा रिफर गरिएको थियो।

भुटानले राष्ट्रिय दिवस मनाउने मिति २ पुस (१७ डिसेम्बर २०२५) अघि जेलमा उनको मृत्यु भएको छ। राष्ट्रिय दिवसका दिन राजकीय आममाफीमार्फत राजनीतिक बन्दीहरू रिहा हुने आशा परिवारजन, समर्थक तथा विश्वभरका मानव अधिकारकर्मीले गरे पनि जेलमा राजबन्दीको मृत्यु भयो भने अन्य राजबन्दीको पनि अवस्था गम्भीर रहेको परिवारजनले अभियानलाई जानकारी दिएका छन्।

उम्मेदवारको नाम मागिएपछि एमालेमा पोखरेल पक्ष सशंकित

काठमाडौं/ आगामी २१ फागुनका लागि घोषित निर्वाचनको पक्षमा तयार नभइसकेको एमालेले संस्थागत छलफलविनै एकाएक समानुपातिक उम्मेदवारको सूची छनोट बढाएसँगै नेता ईश्वर पोखरेल पक्ष सशंकित बनेको छ।

सुशीला कार्की नेतृत्वको सरकार गठन प्रक्रिया नै असंवैधानिक भएको जिकिरसहित सर्वोच्च अदालतमा रिट निवेदन हालेर विघटित प्रतिनिधिसभा पुनर्स्थापनामा जोड गरिरहेको एमालेले मंगलबार जिल्ला अध्यक्षहरूलाई प्रतिनिधिसभामा समानुपातिकतर्फका उम्मेदवार तत्काल सिफारिस गर्न निर्देशन दिएको छ। महासचिव शंकर पोखरेलले भर्चुअल माध्यमबाट प्रत्येक निर्वाचन क्षेत्रबाट एक महिलासहित प्राथमिकता क्रम तोकेर तीनजनाको नाम प्रदेश हुँदै केन्द्रमा सिफारिस गर्न निर्देशन दिएका छन्। उम्मेदवार छनोटको विषयमा पार्टीभित्र असन्तुष्टिबिच महासचिव पोखरेलले मंगलबार प्रदेश र ७७ वटै जिल्ला कमिटीसँग भर्चुअल छलफल गरेका थिए।

निवर्तमान प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले उम्मेदवार छनोटको विगतकै अभ्यासअनुसार प्रक्रिया अगाडि बढेको बताए। 'प्रदेश कमिटीहरूले जिल्लासँग एक महिलासहित कम्तीमा तीनजनाको नाम मागेर प्राथमिकता तोक्छ र ती नाम केन्द्रमा पठाउँछ, त्यही पहिलेदेखि गर्दै आएको प्रक्रियाअनुसार सूची पठाउन भनिएको हो,' उनले भने, 'ती नामहरू केन्द्रीय कमिटीमा आएपछि प्रस्तावका रूपमा छलफल भएर निर्णय हुने हो, त्यसैले अहिले प्रक्रिया मात्र सुरु भएको हो, छलफल बाँकी छ।'

तर, पार्टी सचिवालय बैठकसमेत नडाकी महासचिव पोखरेलले उम्मेदवार छनोटजस्तो महत्त्वपूर्ण काम एकतर्फी अघि बढाएकोमा ईश्वर पक्षका नेताहरूले सार्वजनिक रूपमै आपत्ति जनाएका छन्।

संक्षेप

वृद्ध दम्पतीको हातखुट्टा बाँधेर नगद र गरगहना लुटपाट

खोटाङ/ साकेला गाउँपालिका- १ बाँझे-च्यानडाँडास्थित सेखुवा झगरपुरका ६६ वर्षीय ज्ञानबहादुर बुढाथोकी र उनकी श्रीमती चन्द्रकुमारीको घरमा लुटपाट भएको छ। उदयपुरबाट आएर काठ ओसारपसार पेसा गर्दै आएको बताउने राई थरका करिब ३०-३५ वर्षीय दुईजना व्यक्तिले बुढाथोकीदम्पतीलाई पेस्तोल र खुकुरी देखाउँदै नगद तथा गहना लुटपाट गरेका हुन्। बास माग्दै ६ पुस बेलुका घरमा आएर बसेका उनीहरूले करिब ९ बजे बुढाथोकीदम्पतीको हात, खुट्टा र मुख बाँधेर पेस्तोल तथा खुकुरी देखाउँदै श्रीमतीको कानमा लगाएको एक तोलाको सुनको कुण्डल, नगद एक लाख ५० हजारका साथै आइएआई एघार र जेटिई ब्लेड ए ३५ मोडलको मोबाइल लुटेको पीडितले बताए।

सरकारविरुद्ध आन्दोलन घोषणा

विराटनगर/ एमाले कोशी प्रदेश कमिटीले वर्तमान सरकारविरुद्ध आन्दोलनको घोषणा गरेको छ। प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकार 'असंवैधानिक' भएको र राजनीतिक प्रतिशोध राखेर एमालेविरुद्ध निर्णय गरेको भन्दै आन्दोलन घोषणा गरेको हो। एमाले सचिव तथा कोशी इन्चार्ज शेरधन राईले वर्तमान सरकारका कदमलाई 'असंवैधानिक' र 'प्रतिगमनकारी' ठहर गर्दै सशक्त आन्दोलनको घोषणा गरेको मंगलबार विराटनगरमा पत्रकार सम्मेलनमार्फत जानकारी दिए। एमालेको ११औं महाधिवेशनबाट केपी ओलीको नेतृत्वमा नयाँ केन्द्रीय कमिटी चयन भएको सफलताबाट डराएर सरकार एमालेविरुद्ध षड्यन्त्रमा लागेको राईले आरोप लगाए।

नेपाली पासपोर्टमा साउदी गएको आशंकामा तीन महिला पक्राउ

काठमाडौं/ नेपाली पासपोर्ट प्रयोग गरेर वैदेशिक रोजगारीका लागि साउदी अरेबिया गएको आशंकामा तीन महिला पक्राउ परेका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयले साउदी अरेबियाले निष्कासन गरेका तीन महिलामाथि छानबिन थालेको हो। एक दशकअघि उनीहरू साउदी गएका थिए। तर, पछिल्लो समय पासपोर्टको अवधि सकिएको थियो। त्यहाँको सरकारले पक्राउ गरी निष्कासनको प्रक्रिया अघि बढाएपछि नेपाली दूतावासले यात्रा अनुमतिपत्र बनाएर नेपाल पठाएको थियो। मंगलबार नेपाल फर्कने क्रममा अध्यागमनमै उनीहरू पक्राउ परेका हुन्। विमानस्थलमा सोधपुछका क्रममा उनीहरूले नेपालीसमेत बोल्न नसकेको र उनीहरू नेपालीजस्तो पनि नदेखिएपछि छानबिन सुरु भएको हो। कालीमाया तामाङ, इन्द्रमाया लिम्बू र सानु लामा तामाङका नाममा उनीहरू साउदी अरब गएका थिए। सोही नाममा यात्रा अनुमतिपत्र बनाएर उनीहरू नेपाल आएका हुन्। तर, तीनैजना मुस्लिम पोसाकमा हुनुका साथै नेपालीसमेत बोल्न नसकेपछि नियन्त्रणमा लिइएको अध्यागमन कार्यालयका प्रवक्ता अनुज घिमिरेले बताए।

नाइके मल्लसहित १३ कैदीबन्दीको स्थानान्तरण

कञ्चनपुर/ कञ्चनपुर कारागार झडप घटनाको छानबिनका लागि सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीको नेतृत्वमा छानबिन समिति गठन गरिएको छ। समितिले छानबिन सुरु गरेको भोलिपल्टै नाइके प्रकाश मल्लसहितका १३ कैदीबन्दीको अन्यत्र स्थानान्तरण गरिएको छ। जेलर वन्दना सुवेदीले सोमबार नाइके मल्लसहितका १३ कैदीबन्दीको स्थानान्तरण गरिएको बताइन्। प्रहरी स्रोतका अनुसार मल्ललाई दाङ र अन्यलाई बाँके कारागार पठाइएको छ। कुटाइ खानेदेखि घटनामा संलग्न भएकालाई स्थानान्तरण गर्ने, तर मुख्य योजना बनाउनेलाई संरक्षण गर्न खोजिएको भन्दै केही कैदीबन्दीले विरोध गरेका छन्।

एक महिनामा बैंकिङ कसुरका २७ मुद्दा दर्ता

बुटवल/ रुपन्देहीमा मंसिरमा १७३ वटा मुद्दा प्रहरीमा दर्ता भएका छन्। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार दर्ता भएका मुद्दामा सबैभन्दा धेरै बैंकिङ कसुरका छन्। बैंकिङ कसुरका २७ वटा मुद्दा दर्ता भएका थिए। आत्महत्याका १७, लागुऔषधका १३, ज्यानसम्बन्धी ११, सवारी ज्यान र चोरीसम्बन्धी १०-१०, जबर्जस्ती करणीका पाँच, ज्यान मार्ने उद्योग र ठगीसम्बन्धीका तीन-तीन, साइबर अपराधका दुई र कर्तव्य ज्यानका एउटा मुद्दा दर्ता भएका छन्। यीमध्ये ९७ वटा फर्स्यौट भएका छन्। प्रहरीले चालू मुद्दाका १५९ प्रतिवादी पक्राउ गरेको जनाएको छ। मंसिरमा फैसला कार्यान्वयनतर्फ ३० जना फरार प्रतिवादी पक्राउ परेका छन्।

भालुको त्रासले जाग्राम

ताप्लेजुङ/ ताप्लेजुङको फुङलिङ नगरपालिका- ९ हाङदेवास्थित बुंकुलुङ धुपौरेका स्थानीय भालुको त्रासले रातभर जाग्रम बस्ने गरेका छन्। डेढ सातायता जंगली भालुले निरन्तर भेडा-बाख्रा खान थालेपछि गाउँमा त्रास फैलिएको छ। रात पर्नासाथ खोरतिर कान ठाडो पारेर बस्नुपर्ने अवस्था बनेपछि भालु नियन्त्रणका लागि स्थानीयको पहल तथा सहयोगमा फलामे खोर राखिएको छ। डिभिजन वन कार्यालय ताप्लेजुङको अगुवाइमा मंगलबार भालु नियन्त्रण गर्ने खोर स्थापना गरिएको हो। भालुले पटक-पटक आक्रमण गर्दै आएको किसान नारायणप्रसाद भण्डारीको बाख्राको खोरनजिकै फलामे पासो राखिएको सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) ताप्लेजुङका अध्यक्ष सुरज ओझाले बताए।

फेवातालको सिमसार पुर्न प्रदेश मन्त्रीकै संलग्नता

मन्त्री प्रकाश केसीले जग्गा बैना गरेर रकम लिएपछि घडेरी बनाउन बिचौलिया लगाएर पुरे सिमसार क्षेत्र, एकजना पक्राउ

कास्कीमा **रोहितराज पराजुली**

फेवातालको सिमसार क्षेत्र पुर्ने काममा गण्डकीका भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश केसीको संलग्नता देखिएको छ। सर्वोच्च अदालतको आदेशमा तालको ६५ मिटरसँगै सिमसार क्षेत्रको संरक्षणसमेत गर्न भनेकोमा संरक्षणको जिम्मा पाएको प्रदेश सरकारका मन्त्रीकै संलग्नता देखिएको हो। उनले बिचौलिया लगाएर पोखरा- २४ पामेफाँटमा रहेको सिमसार पुरेर घडेरी बनाउन लगाएको पाइएको छ।

केसी एमालेका प्रदेश सांसद हुन्। सिमसार क्षेत्रमा पर्ने मन्त्री केसीको जग्गा पुर्न अनुमतिबेगर जथाभावी डोजर चलाइरहेको अवस्थामा प्रहरीले एकजनालाई पक्राउ गरेको छ। केसीले जग्गा बैना गरेर कबुल गरेको रकम जग्गा खरिद गर्नेसँग लिएपछि बिचौलिया प्रयोग गरी घडेरी बनाउँदै गरेको अवस्थामा प्रहरीले पामेबाट युवराज खतिवडालाई पक्राउ गरेको छ। उनले लामो समयदेखि अनुमति नलिई ताल पुर्दै आएका छन्।

फेवातालको सिरानमा पर्ने सिमसार क्षेत्रमा माटो र गिटी हालेर मन्त्री केसीको जग्गा पुरिरहेको अवस्थामा सोमबार रोक्न गएको प्रहरीलाई उनले दुर्व्यवहार गरेका थिए।



● मन्त्री **केसीको** दाबी- **बाटोमाथिको जग्गा मैले बिक्री गरिसकेको हो। जग्गाको बैना लिए पनि मालपोतमा गएर पास भने गरेको छैन। मैले बिक्री गरेपछि खरिद गर्नेले के गरेको छ, गएर हेरेको छैन, त्यो मसँग सम्बन्धित पनि छैन।**

धादिङको नीलकण्ठ नगरपालिका- ५ खाल्टे घर भई हाल पोखरा- ५ मालेपाटन बस्ने ३७ वर्षीय खतिवडाले जबर्जस्ती गर्दै पुनः टिपर चलाउन खोज्दै दुर्व्यवहार गरेपछि टिपरसहित उनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता हरिबहादुर बस्नेतले जानकारी दिए। सिमसार क्षेत्र पुरिँदा तालको अस्तित्वसँगै जलचरको वासस्थान नष्ट हुने र त्यसले तालको पारिस्थितिक प्रणालीमा असर गर्ने संरक्षणविद् अनिल थापा बताउँछन्।

मन्त्री केसीले भने आफूले सिमसार पुर्न नलगाएको दाबी गरे। 'बाटोमाथिको जग्गा मैले बिक्री गरिसकेको हो। जग्गाको बैना लिए पनि मालपोतमा गएर पास भने गरेको छैन। मैले बिक्री गरेपछि खरिद गर्नेले के गरेको छ, गएर हेरेको छैन, त्यो मसँग सम्बन्धित पनि छैन,' उनले भने।

फेवातालको अधिकांश सिमसार क्षेत्र पोखरा महानगरपालिका- २४ मा पर्छ। त्यस क्षेत्रको सिमसारमा पर्ने स्थानमा सडकका भित्ता, पहरा, डाँडा, सानो खाँच, माटो जमेको स्थानमा डोजर चलाउँदा पोखरा महानगरले अनदेखा गरेको छ। पोखरा- २४ का वडाध्यक्ष भरतबहादुर अधिकारीले त्यस क्षेत्रमा डोजर चलाउने र जग्गा पुर्न कसैले अनुमति नलिएको र अनुमति माग्न आएमा दिन पनि नमिल्ने भएकाले त्यसै फर्काउने गरेको बताए।

हाल तालको मुहान, हर्पन खोलाआसपासका क्षेत्रका जग्गाधनीहरू केहीले आफैं र केहीले खतिवडा र अन्यमार्फत जग्गा पुर्ने काम गर्दै आएका छन्। जग्गा पुरेको देखेपछि अन्यले समेत विभिन्न माध्यमबाट जग्गा पुर्दै घडेरी बनाउने गरेका छन्। सिमसार क्षेत्रमा पर्ने जग्गा पुर्न बिचौलियाले एक रोपनीको पाँच लाख रुपैयाँसम्म रकम लिने गरेको स्थानीयको भनाइ छ। मानवीयसँगै प्राकृतिक अतिक्रमणको चपेटामा परेको फेवाताल रामसार सूचीमा समेत सूचीकृत भइसकेको छ।

प्रशासनमा नैतिक अभ्युत्थानको प्रश्न

हाम्रो सार्वजनिक प्रशासनलाई नैतिक आचरण र मूल्ययुक्त संस्था बनाउन यसको मूल्य प्रणालीमा पुनरुत्थान नै आवश्यक छ



● गोपीनाथ मैनाली

अग्रलेख

कतिपय मुलुकमा निजामती प्रशासन आफैंमा गर्व गर्न सकिने संस्था हो । मुलुकको विकास र रूपान्तरणमा यसले आफ्नो भूमिका प्रभावकारी रूपमा त खेल्यो नै नैतिक संस्थाका रूपमा छुट्टै पहिचान दिई अन्यका लागि उदाहरणसमेत बन्न पुग्यो । तर, नेपालमा चाहिँ निजामती प्रशासन रूपान्तरणको वास्तविक संस्था बन्न सकेन भनी आलोचन भइरहेको छ । अकर्मण्य भएको, क्षमता गुमाउँदै गएको, आर्जित क्षमताको उपयोग नगरेको र सेवाग्राहीसँग सकारात्मक र विनम्र व्यवहार नगरेको आरोप यस संस्थाले खेप्दै आएको छ । निरोपित भूमिकामा आफूलाई अब्बल साबित गर्न मात्र चुकेको होइन, नैतिक आचरणका प्रश्नका तारोमा पनि निजामती प्रशासन पर्न थालेको छ । शासन र प्रशासनको अपरिहार्य संस्थालाई नैतिक संस्था बनाउन यसको मूल्य प्रणालीमा पुनरोत्थान नै आवश्यक देखिएको छ ।

सार्वजनिक प्रशासन कुनै पनि मुलुकको शासन र सुशासनको मेरुदण्ड हो । राज्य इच्छा निर्माण र कार्यान्वयनमा यसैको हात हुन्छ र यसले अनुमति दिएभन्दा उम्दा शासन र विकासको स्तर कल्पना पनि गर्न सकिँदैन । प्रशासन आफैंमा नैतिक र विज्ञ संस्था हो । यसको निर्माण र सञ्चालन प्रक्रिया नै यसरी गरिएको हुन्छ कि समाजमा राम्रा, असल आचरण भएका, योग्य र सकारात्मक प्रतिभा प्रशासनिक प्रणालीभित्र समावेश हुन सकून् । प्रणालीमा प्रवेश गरेपछि स्वचालित रूपमा क्षमता वृद्धि, वृत्ति विकास र राष्ट्र निर्माण प्रक्रियामा समाहित हुनु कर्मचारीको पेसागत कर्तव्य हो । यसो हुनु नै योग्यता प्रणाली हो । यसैले निजामती कर्मचारी सद्गुणको संगम हो, जसले सार्वजनिक प्रशासनलाई जीवन्त नैतिक अनि व्यावसायिक संस्थामा गतिशील बनाउँछ । संस्थाहरूलाई जीवन्त बनाउने र संविधानलाई क्रियाशील बनाउने काम यसैको हो । यस्तो सैद्धान्तिक मूल्यका हकमा नेपाल मात्र यसको अपवाद होइन ।

नेपालको सार्वजनिक प्रशासन नैतिक निष्ठा र व्यावसायिक सदाचारिताबाट विषयान्तर हुन थालेको छ । सामाजिक मूल्य प्रणाली सदाचारिता र नैतिकतामा कमजोर हुन लागेका छन् । आन्तरिक रूपमा संगठनले असल आचरणलाई संस्थागत गर्न सकेको छैन र बाह्य परिवेश विशेषतः राजनीति र उभयपक्षले प्रशासनलाई मूल्यमा आधारित हुन दिएको छैन । त्यसैले, प्रशासन नैतिक संस्था बन्न सकेको छैन । नैतिक मूल्य-मान्यतामा समाजलाई बाटो देखाउन र परिवर्तनसँग लय मिलाएर विकास र परिवर्तनको द्योतन गर्न सकेन । प्रशासन भनेर होइन, गरेर प्रशासनजस्तो बन्ने हो, व्यवहार र कर्मबाट नैतिक संस्था बन्ने हो । प्रशासन नैतिक र व्यावसायिक बनेपछि यसले आफ्नै राजनीतिक कार्यकारीलाई पनि सही ठाउँमा हिँडाउने नैतिक सामर्थ्य राख्छ ।

सार्वजनिक प्रशासनलाई नैतिक संस्था बनाउनु भनेको यसलाई मूल्यमा आधारित बनाउनु हो । मूल्यबेगर न प्रशासन चल्ने हुन्छ, न कर्मचारीले आचरण अवलम्बन गर्न नै हुन्छ । सार्वजनिक जीवनमा प्रवेश गरेपछि कर्मचारीले खास आचारणलाई अपनाउनैपर्छ । निजामती सेवाको आविष्कार गर्दा बेलायतमा पवित्रता, स्वयं उत्साह, सत्यांकन, प्रमाणमा आधारित, अवसरप्रति सचेत, जोखिमबाट सावधान र सेवाप्रति निष्ठावान् हुनुलाई निजामती प्रशासनका मूल्य भनी घोषणा गरिएको थियो । यसैलाई विस्तार गरी अहिले स्वार्थहीनता, सदाचारिता, वस्तुपरकता, जवाफदेहिता, इमानदारी, खुलापन र उदाहरणीयतालाई सार्वजनिक जीवनका सिद्धान्त भनेर व्याख्या गरिएको छ ।

विभिन्न मुलुकले सार्वजनिक प्रशासनलाई नैतिक र व्यावसायिक संस्थाका रूपमा कार्यकुशल बनाउन यिनै गुण तथा सिद्धान्तलाई आधार मान्दै आआफ्नो मुलुकको कानुनमा संस्थागत गरेका छन् । नेपालको निजामती सेवा (र क्षेत्रगत प्रशासन) मा यी विषयलाई प्रत्यक्ष घोषणा गरिएको छैन । तर, आचरण र अनुशासनसम्बन्धी प्रावधानमा भने राजनीतिक रूपमा तटस्थ, आर्थिक रूपमा सदाचारी, सामाजिक रूपमा मर्यादित र पेसागत रूपमा इमानदार हुनुपर्ने गुणलाई सार्वजनिक प्रशासनका मूल्य मानिएको छ । सुशासन ऐन, सूचना अधिकारसम्बन्धी ऐन, सामाजिक व्यवहार सुधार ऐन र मुलुकी देवानी संहितामा पनि प्रशासनका मूल्य, आचरण र सिद्धान्तलाई सम्बोधन गरिएको छ ।

तर, नेपालको सार्वजनिक प्रशासन नैतिक संस्था बनेर सुशासन र रूपान्तरणको मियो बन्न सकेको छैन । जसका आन्तरिक, परिवेशजन्य र आफ्नै कारण छन् । सार्वजनिक प्रशासनलाई नैतिक संस्था र सुशासनको मियो बनाई आर्थिक सामाजिक रूपान्तरण गर्नु अपरिहार्य छ । सार्वजनिक प्रशासनले आफ्नो औचित्य सिद्ध गर्न पनि मूल्यबोधी र कार्यसमर्पित भई आत्मिक निष्ठामा रहनुको विकल्प छैन । नीति संरचनाको सबल व्यवस्था र निर्मम कार्यान्वयनबेगर कर्मचारी तहको प्रयास मात्र यसका लागि पर्याप्त हुँदैन । सार्वजनिक प्रशासनलाई नैतिक संस्थाका रूपमा अभ्युत्थान गर्न यसको डिएनए (सामाजिक वंशाणु) नै परिवर्तन गर्नुपर्ने आवस्था छ । यसर्थ, यसलाई नीति, संरचना तथा पूर्वाधारको सबलीकरण र कर्मचारीको आत्मिक निष्ठाको अभिमुखीकरण गरी दुई आयामबाट सम्बोधन गर्ने रणनीति लिनुपर्छ । अर्को शब्दमा यसको जेनेटिक इन्जिनियरिङ गर्नुपर्छ ।



> कर्मचारीले सेवामा प्रवेश गरेपछिको शपथ वा निष्ठाको वाचालाई आधार मानेर आफूले गरेको कामको स्वविचरण गर्ने, आफ्ना मूल्य आचरणको स्वयं घोषणा गर्ने, सेवाग्राही तथा साथीबाट विवेचित हुने र उत्कृष्टता प्रदर्शन गर्नका लागि आत्माभिरुचि जगाउने काममा आफूलाई प्रोत्साहित गर्नुपर्छ

पहिलो आयाममा आत्मिक निष्ठा र सार्वजनिक मूल्यको आन्तरिकीकरणका आधारशिला स्पष्ट पारिनुपर्छ । जुन निजामती सेवा र अन्य सार्वजनिक सेवाका क्षेत्रगत कानुनमा सार्वजनिक सेवाका आधार मूल्य घोषणा गर्नु हो । पहिलो आधारमूल्य सदाचारिता हो । सदाचारिता त्यस्तो नैतिक व्यवहार हो, जहाँ कुनै पनि लोभ, लालच र लालसा नराखी कार्य गरिन्छ । यो सेवाग्राहीप्रति आदरभाव र कृतज्ञता, इमानदारीपूर्वक व्यवहार, आफ्नो कार्यप्रतिको जिम्मेवारी, विश्वसनीयता र स्वार्थको समर्पणमा देखिन्छ । दोस्रो आधारमूल्य निष्पक्षता हो । निष्पक्ष हुनु भनेको कुनै विचार, सम्बन्ध, सिद्धान्त, स्तर वा ओहोदालगायत कुनै पनि कुराबाट प्रभावित नभई सबैलाई समान व्यवहार गर्नु हो । कर्मचारी निष्पक्ष भएमा जुनसुकै राजनीतिक सिद्धान्तप्रति झुकाव राख्ने कर्मचारी भए पनि उनीहरूबाट सरकारका निर्णय तदारुकतासाथ कार्यान्वयन हुन्छन् भन्ने राजनीतिक विश्वास हुन्छ, जुनसुकै दल सरकारमा आए पनि आफूले प्राप्त गर्ने वृत्ति, सुविधा र न्यायमा कुनै असर पर्दैन भन्ने कर्मचारीमा विश्वास हुन्छ र जुनसुकै विचार राख्ने दल सत्तामा पुगे पनि र जोसुकै कर्मचारी भए पनि आफूले प्राप्त गर्ने सेवामा फरक पर्दैन भन्ने विश्वास जनतामा हुन्छ ।

सार्वजनिक प्रशासनको तेस्रो आधारमूल्य समर्पणभाव वा प्रतिबद्धता हो । प्रतिबद्धताले कर्मचारीको कामप्रतिको भावनात्मक संलग्नतालाई जनाउँछ । यसले प्रशासनलाई जनमुखी र उपलब्धिमूलक बनाउने आशय राख्छ । कर्मचारी प्रतिबद्ध छु भनेर मात्र पुग्दैन, यो समर्पणभाव देखिन व्यक्तिको काममा सक्रिय संलग्नता रहनुपर्छ, क्षमताले त्यसलाई समर्थन गर्नुपर्छ, आत्मिक निष्ठामा काम गर्नुपर्छ, सेवाग्राहीप्रति विश्वास राख्नुपर्छ, काम गर्ने र गरिने पक्षबिच पूर्ण सहयोग हुनुपर्छ र त्यसबाट परिणामको सुनिश्चितता हुनुपर्छ । अर्को आधारमूल्य समानुभूति हो । कार्यस्थलमा कर्मचारीले सेवाग्राहीको दृष्टिकोण र अनुभूतिमा पुग्नुपर्छ । यसले सेवाग्राही र सेवाप्रदाताबिचको मनोवैज्ञानिक सम्बन्ध देखाउँछ । समानुभूतिमा अरूले के भनिरहेका छन्, कस्तो अनुभूति गरिरहेका छन्, समस्यालाई कसरी बुझिरहेका छन्, कति राम्रो वा नराम्रो मानिरहेका छन् भन्ने सहज बोध हुन्छ । यस अवस्थामा चिकित्सकले बिरामी भएर, शिक्षकले विद्यार्थी भएर, प्रहरीले पीडित भएर सोच्ने, बुझ्ने, व्यवहार गर्ने सामर्थ्य राख्छन् । सहनशीलता वा संयमता अर्को आधारमूल्य हो । सेवाग्राहीको सन्तुष्टिका लागि उसको अवस्था, अनुभूति र व्यवहारप्रति नमन गर्ने र स्विकार्ने बानी कर्मचारीमा हुनुपर्छ । सहनशील हुनु भनेको मानवीय हुनु, हार्दिक हुनु, अरूलाई खुसी बनाउनु वा अरूको विविधिता बोध गरी सोप्रति सम्मान गर्नु हो । त्यस्तै, अनुराग वा करुणा सार्वजनिक प्रशासनमा हुनुपर्ने अर्को आधारमूल्य हो । अनुराग राख्नु भनेको अरूको सुखदुःखमा लीन भई सहयोग गर्न र अरूप्रति द्रवित हुन मूल्यसंवेगी बन्नु हो । जस्तो कि साथीत्व, भद्रता, मायालुपन, अपनत्वबोध आदिमा यो देखिन्छ । यसले सार्वजनिक प्रशासनमा संलग्न व्यक्तिलाई वृत्तिभन्दा सेवामा अभिरुचिको बोध गराउँछ । उसले सेवाग्राहीको सन्तुष्टिलाई आफ्नो उपलब्धि मान्छ ।

दोस्रो आयाम कर्मचारीको आत्मिक निष्ठा जागृत गराउनका लागि अभिमुखीकरण गर्नु हो, जुन असजिलो पनि छ । यसका लागि व्यक्तिले सेवामा प्रवेश गरेपछिको शपथ वा निष्ठाको वाचालाई आधार मानेर आफूले गरेको कामको स्वविचरण गर्ने, आफ्ना मूल्य आचरणको स्वयं घोषणा गर्ने, सेवाग्राही तथा साथीहरूबाट विवेचित हुने र उत्कृष्टता प्रदर्शन गर्नका लागि आत्माभिरुचि जगाउने काममा प्रोत्साहित गर्नुपर्छ । जसबाट कर्मचारी नैतिक आदर्शमा सतत रहन्छ । भुल्न नहुने कुरा के हो भने सेवाभित्र प्रवेश गर्ने कोही पनि कर्मचारी नराम्रो गर्ने, नराम्रो हुने, बदनाम हुने भावनामा हुँदैन । नराम्रो बन्ने व्यक्तिको नैसर्गिक चरित्र नै होइन । नराम्रो गर्ने इच्छाले कोही उद्यत हुन्छ भने त्यो नेतृत्व शैली, राजनीतिको व्यवहार, बाह्य परिवेशको प्रभाव, संगतको परिणाम हो । त्यसैले, कर्मचारीलाई मानमर्दन, हतोत्साहन वा गलत गर्न दुरुत्साहन गरेर उपयोग गरिनुहुन्न । सार्वजनिक प्रशासनलाई नैतिक संस्था र कर्मचारीलाई नैतिक पात्र बनाई रूपान्तरणको सहयात्री बनाउन सकिन्छ । तर, यसका लागि सार्वजनिक प्रशासनका मूल्यलाई प्रशासनिक नेतृत्व र राजनीतिक कार्यकारीले सम्मान गर्नुपर्छ र त्यसैप्रति कर्मचारीलाई स्वचालित बनाउने नैतिक सामर्थ्य राख्नुपर्छ ।

(@mainaligopi)

---

३ प्रश्न

पूर्वप्रमुख निर्वाचन आयुक्त **नीलकण्ठ उप्रेती**लाई



■ दलहरूले माहोल बने निर्वाचनमा भाग लिने भनिरहेका छन् । माहोल कति बनेको देख्नुहुन्छ ?

यतिखेर बिल्कुलै अन्योलको माहोल छ । निर्वाचन घोषणादेखि सम्पन्न नहुन्जेल हावाको प्रेसरजस्तै एउटै लाइनमा एकै सुरमा निर्वाचनको प्रेसर पनि अघि बढिरहनुपर्ने हो । तर, सहभागीहरूको भाषा एउटै छैन । ०८४ को निर्वाचनलाई ०८२ मै ल्याउने समूहले पनि चित्त बुझाएजस्तो देखिन्न । उनीहरूको माग सम्बोधन भएजस्तो लाग्दैन । जसले गर्दा उनीहरू नै निर्वाचनका लागि तयार देखिन्नन् । २१ फागुनलाई यताउता गर्न नमिल्नेजस्तो गरी मिति तोकिएको छ । यसले पनि अप्ठ्यारो पारेको छ । देशबाहिर रहेका मतदातालाई समेट्न समय अभावका कारण सकिएन भनिएको छ । निर्वाचन नगरी नहुने बाध्यात्मक स्थिति भएकाले आशा भने गर्नैपर्छ । तर, ढुक्क हुन सकिने माहोल भने बनेको देखिन्न ।

■ निर्वाचनको माहोल बनाउन 'स्टेक होल्डर'हरूको भूमिका कस्तो हुनुपर्छ ?

उसले उसको र उसले उसको मुख ताकेर निर्वाचनको माहोल बन्दैन । सबैले आआफ्नो स्थानबाट आआफ्नो भूमिकाप्रति इमानदार भई अघि बढ्ने हो भने मात्र माहोल बन्ने हो । सुरक्षा निकाय, कर्मचारी प्रशासन, दल, सरकार, नागरिक समाज सबैको सकारात्मक भूमिका र योगदान रह्यो भने निर्वाचनको माहोल बन्न नसक्ने त होइन । तर, सबैले माग र सर्त मात्र तेर्स्याउने हो भने माहोल बन्दैन । निर्वाचनको अर्को विकल्प नभएकाले सबै मिलेर बाटो सहज बनाएर अघि बढ्नु नै यतिखेरको समयको माग हो ।

■ त्यसो भए दलहरूले ढुक्क भई निर्वाचनमा भाग लिने र मतदाताले ढुक्क भई मत दिने माहोल बनेको छैन त ?

आजको दिनसम्ममा दोधारकै वातावरण छ भन्ने मेरो व्यक्तिगत बुझाइ छ । तर, मेरो यो बुझाइ गलत साबित भइदियोस् र देश निर्वाचनको बाटोमा सहज रूपमा अघि बढोस् भन्ने मेरो कामना छ ।

प्रेरक प्रसंग

सफलताको सिँढी

एकपटक भगवान् बुद्ध भ्रमणका क्रममा आफ्ना शिष्यसँगै एउटा नयाँ राज्यमा पुगे । जहाँकी रानी अत्यन्त क्रूर थिइन् । उनी जनतामाथि घोर अत्याचार गर्थिन् । उनी जनतालाई मात्र नभई कुनै पनि साधुसन्तलाई समेत देखिसहन्नथिन् ।

गौतम बुद्ध दलबलसहित आफ्नो राज्यमा प्रवेश गरेको खबर सुनेपछि रानीले आफ्ना सेवकलाई बुद्धको अपमान गरेर उनलाई राज्यबाट धपाउन आदेश दिइन् । रानीका सेवकले बुद्धलाई गाली गरेर उनको अपमान गर्न कुनै कसर बाँकी राखेनन् । तिनले नगरवासीका मनमा पनि बुद्धप्रति अनादर भाव बढाए । रानीका सेवकको उक्साहटमा लागेर नगरवासीले बुद्धलाई दुष्ट र ढोँगी भन्दै अपमानित गरे । तर, बुद्ध भने चन्द्रमाजस्तै शीतल र शान्त रहे, कुनै प्रतिक्रिया जनाएनन् । उनले आफ्नो आलोचना सुनेजस्तो व्यवहार देखाएनन् । तर, बुद्धको आलोचना सुनेपछि उनका अनुयायी भने क्रोधित भए । उनीहरूले भगवान् बुद्धसित बिन्ती गरे- भगवान्, हामी यहाँबाट अन्यत्र यस्तो ठाउँमा जाऔं, जहाँ हाम्रो कसैले अपमान नगरोस्, हाम्रो कीर्ति र यशको चर्चा होस्, हाम्रो स्वागत र सत्कार होस् ।



बुद्धले आफ्ना शिष्यको आग्रह शान्तिपूर्वक सुने र भने- मेरा प्यारा मित्रगण, हामी जहाँजहाँ पुग्छौं, त्यहाँ हाम्रो स्वागत, सत्कार र जयजयकार हुनैपर्छ भन्ने छैन । मानिसले हामीलाई मान, सम्मान र प्रेम दिनैपर्छ भन्ने पनि छैन । कुनै स्थानमा हाम्रो अनादर हुन्छ भने त्यहाँका मानिसले हाम्रा कुरा सुनेर, विचारलाई स्विकारेर र हाम्रो भावना नबुझ्नुजेल त्यहाँबाट जानुहुँदैन । मानिसको जीवनमा आलोचना र अपमानको निकै ठुलो महत्त्व हुन्छ । आलोचना र अपमान नै त व्यक्तिको सफलताका सिँढी हुन् । आलोचना र अपमानका सिँढी चढ्न डराउनुभयो भने तपाईं कहिल्यै सफल हुन सक्नुहुन्न । त्यसैले, अपमान र आलोचनाको डटेर सामना गर्न सक्नुपर्छ । कसैले तपाईंको अपमान गर्छ भने तपाईंले उसको पनि अपमान गर्ने होइन, शान्त रहेर अपमानको सामना गर्नुपर्छ । बदलामा तपाईंले आफ्नो अपमान गर्ने व्यक्तिलाई सम्मान दिन सक्नुपर्छ ।

बुद्धले थप केही दिन त्यस सहरमा बसेर अपमान सहन गरिरहे । बिस्तारै उनको ज्ञान र विचारको आभाले नगरवासीलाई आकर्षित गर्दै गयो । उनीहरूले बुद्धको महानताको अनुभव गर्दै गए । अन्ततः उनीहरू बुद्धका प्रशंसक बने ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कानुन सबैलाई बराबर हुनुपर्छ

लौ गज्जब भएछ ! छानबिन आयोगले तल्लो तहका सीधासादा मानिसलाई चाहिँ च्याप्प समाउँदै झ्याप्प बयान लिने अनि ठुला र जिम्मेवार पदमा पुगेका मानिसलाई पत्रैर बयान लिनचाहिँ दबाब दिनुपर्ने ? उनीहरूलाई सोध्ने प्रश्न तयार भइरहेको भनी बाहिर प्रचारबाजी किन भइरहेको छ ? यो वास्तविक सत्य हो कि नेपाली जनतालाई भ्रम पार्ने खेल मात्र हो ? नेपाली जनतालाई राम्ररी बुझाइदिनुपऱ्यो ।

● हेमबहादुर खड्का



तयारी मात्र गरेर बस । कानुन सबैलाई बराबर हुन्छ होइन र ? सर्वसाधारण जनतालाई जस्तै नेतालाई पनि हुनुपर्छ ।

● श्रेष्ठ झनक

बयानका लागि पत्र काटिनुपर्छ । बयानमा आएनन् भने अझै गल्ती थपिँदै जान्छ । बिस्तारै कसिँदै जान्छ ।

● धनबहादुर पुन

बोलाउनुपर्छ, विधि र पद्धतिभन्दा माथि कोही छैन, यदि साँचो लोकतन्त्र हो भने ।

● घनश्याम पाण्डे

यो आयोगलाई आफ्नो प्रतिवेदन निष्पक्ष होस् या नहोस्, भोलि त्यो कार्यान्वयन होस् या नहोस्, त्यससँग केही मतलब छैन । तर, ओली र लेखकको बयान लिन पाए ठुलो उपलब्धि हुने र नाक फुलाएर हिँड्न पाइन्थ्यो कि भन्ने छ जस्तो देखिन्छ ।

● प्रभात डाँगी
(नयाँ पत्रिका फेसबुक पेजबाट)

साधारणसभालाई पुस नै किन ?

अहिले लगानीकर्तामा सेयरप्रति आकर्षण बढेको हुनाले पनि सेयरमा लगानी गर्नेहरूको संख्यामा निकै नै वृद्धि भएको पाइन्छ । आफ्नो गच्छेअनुसार सानो पुँजीदेखि ठुलो पुँजीसम्म सेयरमा लगानी गर्न सकिने हुनाले पनि लगानीकर्ताको संख्यामा उल्लेखनीय वृद्धि हुनु पक्कै पनि खुसीको कुरा हो । कम्पनीको साधारणसभा प्रत्येक आर्थिक वर्षको पुस मसान्तभित्र गर्नुपर्ने हुन्छ । प्रायः धैरजसो कम्पनीले साधारणसभा समयमै नगरी अर्थात् पुसअघि नै नगरी पुसको अन्त्यतिर मात्र गर्छन् । जसले गर्दा प्रायः धैरैजसो कम्पनीको साधारणसभा एकै दिन जुध्न जान्छन् । पुसमा दिनमा दुई-चारवटा कम्पनीको साधारणसभा नजुधेको त दिनै हुँदैन । अझ पुसको अन्तिम साता त एकै दिन १०-१२ भन्दा बढी कम्पनीको साधारणसभा पर्न पनि सक्छ ।

साधारणसभामा प्रायः बढीभन्दा बढी सेयर होल्डर एकै स्थानमा भेला भई सम्बन्धित कम्पनीको आर्थिक स्थिति कस्तो छ ? नाफा-नोक्सान के भइरहेको छ ? कम्पनीको भावी योजना के छ ? आदिबारे छलफल गर्नु नै यसको मुख्य उद्देश्य हो । साँच्चै भन्ने हो भने त्यस दिन कम्पनीका सेयर होल्डरको वार्षिक मेला नै भन्दा हुन्छ । यसरी एकै दिन धेरै कम्पनीको साधारणसभा जुध्दा सेयर होल्डर धेरै सभामा उपस्थिति हुन सक्दैनन् । कतै कम्पनीहरूको मनसाय नै सभामा कम मात्र सेयर होल्डर उपस्थित होऊन् भन्ने त होइन ? नत्र किन समयमै साधारणसभा गर्दैनन् त यिनले ? किन साधारणसभा गर्न पुस महिना नै कुर्नुपर्ने हो ?

● **अच्युतमान सिंह प्रधान 'उत्सुक'**, बालुवाटार, काठमाडौं
achutpradhan@yahoo.com

जातीय अपमान किमार्थ स्वीकार्य छैन

मिस फिनल्यान्डको जातिवादी अपमानले एसिया र विश्वभरका चिनियाँ, जापानी, कोरियाली र अन्य एसियाली समूह आक्रोशित बनेका छन्

देश/विदेश

● चेन विहुवा

मिस फिनल्यान्ड र केही फिनिस सांसदद्वारा एसियालीविरुद्ध व्यक्त गरेका घृणित र अपमानजनक संकेतले २१औं शताब्दीमा पनि जातिवाद एक ठुलो मुद्दा हो र यो कडा निन्दनीय छ भन्ने कुरालाई स्मरण गराउँछ । एसियालीविरुद्ध जातीय अपमानमा संलग्न सबै सार्वजनिक व्यक्तित्व हुन् । यो कुख्यात काण्ड गत साता सुरु भयो, जब मिस फिनल्यान्ड, २०२५ की सारा डिजाफ्सेले गत महिना सामाजिक सञ्जालमा 'चिनियाँ व्यक्तिसँग खाना खाँदै' लेखिएको क्याप्सनसहित एउटा अनौठो तस्बिर सेयर गरेपछि सौन्दर्य प्रतियोगिता आयोजकले उनको उपाधि खोसे । उनले आँखालाई पछाडि तन्काएर चिम्से देखिने तस्बिर 'सेयर' गरेकी थिइन् ।

आधारभूत ज्ञान भएका जोकोहीका लागि पनि यो केवल चिनियाँका लागि मात्र नभई सम्पूर्ण पूर्वी एसियालीका लागि अत्यन्तै आपत्तिजनक छ, किनभने ऐतिहासिक 'दृष्टिकोण'ले उनीहरूलाई 'निम्न जाति'का रूपमा हेर्छ । जातीय इसाराका लागि फिनिस संसद् सदस्य जुहो एरोला र कैसा ग्यारेड्यु तथा युरोपेली संसद् सदस्य सेबास्टियन टिन्क्कनेनले सामाजिक सञ्जालमा व्यक्त गरेका सार्वजनिक समर्थन भनै उदेकलाग्दा थिए । उनीहरूको प्रतिक्रियालाई लिएर सामाजिक सञ्जालमा आक्रोश उत्पन्न हुनु स्वाभाविक हो । तीनैजना दक्षिणपन्थी फिन्स पार्टीका नेता हुन् । यो पार्टी सत्तारुढ गठबन्धन सरकारको हिस्सा हो । यो आप्रवासन र शरणार्थीविरोधी नीतिका लागि परिचित पार्टी पनि हो । सांसद एरोलाले आफ्ना आँखा तान्दै गरेको तस्बिरसहित 'जे सुइस सारा' (म पनि सारा हुँ) पोस्ट गर्नु भनेको जातिवादलाई कडा समर्थन गर्नु हो ।

मिस फिनल्यान्डको जातिवादी अपमानले एसिया र विश्वभरका चिनियाँ, जापानी, कोरियाली र अन्य एसियाली समूह आक्रोशित बनेका छन् । केहीले फिनिस सामग्री बहिष्कार गर्न र फिनल्यान्ड भ्रमण नगर्न आह्वानसमेत गरेका छन् । केही फिनल्यान्डवासीले सामाजिक सञ्जालमा मेरा पोस्टहरूको प्रतिक्रियामा सार्वजनिक रूपमै जातिवादी राजनीतिज्ञको निन्दा गरेको देख्दा मलाई खुसी लाग्यो । जातिवादका लागि शून्य सहनशीलता हुनुपर्छ भन्ने सैद्धान्तिक निर्णय गरेकामा मैले सौन्दर्य प्रतियोगिता आयोजकको हृदयैदेखि प्रशंसा गर्छु ।

मंगलबार फिनिस प्रधानमन्त्री पेट्टेरी ओर्पोले अपमानजनक तस्बिरको निन्दा गर्नु प्रशंसनीय थियो । आफूले कुनै पनि रूपमा जातिवाद स्वीकार नगर्ने प्रधानमन्त्री ओर्पोले बताए । सोही दिन फिनिस सरकारको संसदीय समूहका अध्यक्षले पनि आफ्ना सहकर्मीले सामाजिक सञ्जालमा गरेका पोस्टको निन्दा गरे । यसले अर्को पाटोलाई पनि उजागर गरेको छ । अन्य फिनिस नेताहरू, युरोपेली र युरोपेली संघ (इयू) का नेताहरू, राजनीतिज्ञ र विभिन्न समाचार संस्था संसारका अन्य भागमा भएका विभिन्न घटनाबारे टिप्पणी गर्न कति हतारो गर्छन् भन्ने कुरालाई पनि यस घटनाले पुष्टि गरेको छ ।

बेइजिङ र अन्य पूर्वी एसियाली राजधानीमा रहेका युरोपेली कूटनीतिक नियोगले पनि आफ्नो अडान स्पष्ट पार्नु आवश्यक छ । त्यस्तै, जातिवादजस्तो निन्दनीय



व्यवहारलाई कुनै पनि पक्षले कुनै पनि बहानामा समर्थन गर्नुहुँदैन । एसियालीविरुद्ध जातिवाद र घृणाको कुरा आउँदा कुनै पाखण्ड वा दोहोरो मापदण्ड हुनुहुँदैन । यस्तो जातिवादको निन्दा गर्नु भनेको फिनल्यान्ड र फिनिस व्यावसायिक हितको छवि जोगाउनु मात्र होइन, बरु संसारमा कतै पनि जातिवादको कुनै ठाउँ छैन भन्ने स्पष्ट सन्देश पठाउनु हो । कोभिड-१९ महामारीका समयमा एसियालीविरुद्धको घृणा व्यक्त गरिरहेका वेला यो पछिल्लो घटना भएको छ । कोभिडको समयमा युरोप र उत्तरी अमेरिकाभर धेरै एसियाली मूलका मानिसलाई भेदभाव र आलोचना गरिएको थियो ।

यस विषयमा व्यापक अनुसन्धान गर्ने एक पश्चिमी विद्वान्ले मलाई वर्षौंअघि भनेका थिए कि 'जब मानिसले सामाजिक सञ्जाल वा निजी माध्यममा बेनामी सन्देश पोस्ट गर्छन्, तब पश्चिमी समाजमा जातिवादले अझै पनि गहिरो जरा गाडिरहेको पुष्टि हुन्छ ।' यसको अर्थ जातिवादको मुकाबिला गर्नु अझै पनि लामो र कठिन लडाइँ हो । सारा डिजाफ्सेले आफ्नो हर्कतका लागि माफी मागिसकेकी छिन् र आफू सामाजिक सञ्जालबाट टाढा रहने घोषणा गरेकी छिन् । तर, जातिवादविरुद्ध सक्रिय रूपमा लड्दै विषयको उठान गर्नु नराम्रो कुरो होइन । उनी स्वयंले एकपटक कोसोभर बुबा र फिनिस आमाकी छोरीका रूपमा जातिवादको अनुभव गरेको बताएकी थिइन् ।

डिजाफ्सेको विपरीत फिनिस सांसदहरूले आफ्नो अपमानजनक व्यवहारका लागि इमानदारीपूर्वक माफी मागेका छैनन् । जातिवादका लागि शून्य सहनशीलता छ भनेर देखाउनका लागि उनीहरूलाई उनीहरूको पार्टी, गठबन्धन सरकार, फिनिस संसद् र युरोपेली संसद्ले निश्चित रूपमा काबुमा राख्नुपर्छ । पछिल्लो घटनाले जातिवाद संसारमा कतै पनि सह्य हुँदैन भन्ने कुराको चेतावनी दिएको छ ।

(विहुवा चाइना डेलीका स्तम्भकार हुन्)
चाइना डेलीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

शान्ति स्थापनामा महिलाको भूमिका ओझेलमा

शान्ति स्थापनामा महिलाले पुऱ्याएको योगदानलाई मान्यता दिँदै विस्तार गरिनुपर्छ

भारतमा महिलाले अभूतपूर्व शक्तिका साथ चुनावी राजनीतिको परिदृश्य परिवर्तन गरिरहेका छन् । अहिले कैयौं चुनावमा महिलाको सहभागिताले पुरुषलाई उछिन्न थालेको छ । उदाहरणका लागि सन् २०२४ को आमचुनावमा ६५.६ प्रतिशत पुरुषले मतदान गर्दा ६५.८ प्रतिशत महिलाले मतदान गरेका थिए । त्यस्तै, नोभेम्बर २०२५ को बिहार विधानसभा चुनावमा महिलाको असाधारण उपस्थिति (७१.६ प्रतिशत) देखियो । जबकि, त्यस निर्वाचनमा ६२.८ प्रतिशत पुरुष मतदानमा सहभागी भए ।



● मीनाक्षी गोपीनाथ

लेखक शिक्षाविद्, नागरिक अभियन्ता तथा राजनीतिशास्त्री हुन् ।

यी परिवर्तनले महिलाहरू निर्वाचनमा अत्यन्तै महत्त्वपूर्ण अंश रहेको सिद्ध गर्छ । कानुन निर्माणमा उनीहरूको संख्यात्मक प्रतिनिधित्व कम रहे पनि मतदाताको रूपमा उनीहरूको बढ्दो उपस्थितिले राजनीतिक रणनीतिलाई पुनः परिवर्तन गरेको छ । कल्याणकारी योजना, नगद स्थानान्तरण र लक्षित विकास कार्यक्रम अब नियमित रूपमा महिलाकेन्द्रित बनाइएका छन् । यसले महिलामाथिको 'लगानी'ले मूर्त राजनीतिक लाभांश प्राप्त हुन्छ भन्ने मान्यता बढ्दै गएको देखाउँछ ।

तैपनि, यो गतिशीलताले अझ गहन लोकतान्त्रिक प्रश्न खडा गर्छ । के यो 'सट्टापट्टा'ले महिलालाई पूर्ण राजनीतिक एजेन्टको रूपमा सशक्त बनाउँछ ? महिलाहरू केवल लाभार्थी (राज्यको परोपकारको निष्क्रिय प्राप्तकर्ता) रहनुहुँदैन । लोकतन्त्रलाई मजबुत बनाउन महिलालाई नीतिगत क्षेत्रमा अधिकार, आवाज र सक्रिय दाबेदारको रूपमा प्रस्तुत गर्न आवश्यक पर्छ । उच्च शिक्षामा उनीहरूको बढ्दो उपस्थिति, विज्ञान र प्रविधिमा उनीहरूको उल्लेखनीय योगदान, कम्पनी बोर्डमा उनीहरूको कानुनी रूपमा अनिवार्य समावेशीकरण र पञ्चायती राजसंस्थामा उनीहरूको प्रभावशाली भूमिकाले बढ्दो लैंगिक संवेदनशीलता भरेको छ ।

यद्यपि, श्रमशक्तिको कथा जटिल नै छ । श्रम क्षेत्रमा महिला सहभागिता बढेर ४१.७ प्रतिशत (पिएलएफएस २०२३-२४) पुगेको छ । यीमध्ये लगभग ९५ प्रतिशत महिला अनौपचारिक अर्थतन्त्रमा काम गर्छन् । त्यहाँ ज्याला अन्तर, अनिश्चित रोजगारी,



> विश्वव्यापी रूपमा महिलाले लामो समयदेखि शान्तिलाई केवल बोलीमा मात्र नभई व्यवहारमा उतार्नुपर्नेमा जोड दिँदै आएका छन् । हतियार प्रसारको विरोध गर्छन्, आर्थिक, सामाजिक र राजनीतिक अधिकारमा द्वन्द्वको जटिल प्रभावलाई प्रकाश पार्छन् । महिलाको सक्रियताले न्याय, समावेशीकरण र मेलमिलापका लागि अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गरेको छ ।

सीमित सामाजिक सुरक्षा र ऋणमा न्यूनतम पहुँचले महिला आर्थिक एजेन्सीको रूपान्तरणकारी क्षमतालाई सीमित पार्छ ।

महिलाको योगदानलाई विशेष रूपमा कम मूल्यांकन गरिएको एउटा क्षेत्र हो, शान्ति निर्माण । सन् २००७ मा लाइबेरियामा महिला शान्ति सेना तैनाथ गर्ने र सुडान तथा कंगोमा संयुक्त राष्ट्र शान्ति मिसनमा भारतीय महिलाको प्रभावशाली उपस्थिति थियो । यी सफलताले साम्प्रदायिक, जातीय र राजनीतिक विभाजन कम गरी शान्तिलाई प्रोत्साहित गर्ने महिलाको कामलाई ओझेलमा पार्छ । महिला हस्तक्षेप विशेषगरी आधारभूत र समग्र हुने गरेको देखिन्छ ।

भारतले नोभेम्बर २६ मा संविधान दिवस मनाउँछ । यस दिन न्याय, स्वतन्त्रता, समानता र भ्रातृत्वको विशेष स्मरण गरिन्छ । भारतको संविधानसभाका महिलाको संख्या कम भए पनि तिनीहरू पहिचान र बहिष्कारको राजनीतिविरुद्ध एकजुट थिए । रेणुका रेले साम्प्रदायिक पूर्वाग्रहविरुद्ध चेतावनी दिइन् । अमृत कौर कर्मकाण्ड कट्टरताको विरुद्धमा उभिइन् । बेगम ऐजाज रसुलले कसरी साम्प्रदायिक वर्गीकरणले सामाजिक संरचनालाई तोड्छ भनेर औंल्याइन् । जात, वर्ग, धार्मिक र क्षेत्रीय पृष्ठभूमिमा विविधता हुँदा महिलाहरूले सामूहिक रूपमा संवैधानिक क्रममा साम्प्रदायिक प्रभुत्वलाई कम गर्न खोजे ।

विश्वव्यापी रूपमा महिलाले लामो समयदेखि शान्तिलाई केवल बोलीमा मात्र नभई व्यवहारमा उतानुपर्ने जोड दिदैं आएका छन् । महिलाहरू सैन्यवादको संस्कृतिमाथि प्रश्न गर्छन्, युद्ध गर्ने मानसिकतालाई चुनौती दिन्छन् । हतियार प्रसारको विरोध गर्छन्, आर्थिक, सामाजिक र राजनीतिक अधिकारमा द्वन्द्वको जटिल प्रभावलाई प्रकाश पार्छन् । महिलाको सक्रियताले न्याय, समावेशीकरण र मेलमिलापका लागि अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गरेको छ ।

शान्ति स्थापनामा महिलाको प्रभावकारिता बढाउन व्यवस्थापिका, सार्वजनिक संस्थाहरू र लोकतान्त्रिक स्थलमा उनीहरूको प्रतिनिधित्वलाई सुदृढ पार्नु आवश्यक छ । लैंगिक न्याय दिगो विकास, हतियार निःशस्त्रीकरण, साम्प्रदायिक सद्भाव र जवाफदेहितासहित मुद्दासँग प्रत्यक्ष रूपमा जोडिएको छ । भारतभित्रका द्वन्द्वमा महिला समूहले शान्तिको मध्यस्थता गर्न बारम्बार जोखिम उठाएका छन् । जस्तो, मणिपुरमा महिलाले राहत शिविरहरूमा विस्थापित परिवारलाई सहयोग गर्न, सम्बन्ध पुनर्निर्माण गर्न र विश्वासको डोरी पुनर्स्थापित गर्न काम गरिहेका छन् । यस्ता उदाहरण प्रशस्त छन्, तर अदृश्य छन् । चिपको आन्दोलनदेखि कुडनकुलमसम्म महिलाले जीविकोपार्जन, पारिस्थितिक न्याय, विस्थापन र स्रोतमाथिको पहुँचलाई सम्बोधन गर्न सक्रियता देखाएका छन् । इरोम शर्मिलाको दशक लामो अनशन र सन् २००४ मा मिरा पैबीको नग्न विरोधले महिलाहरू प्रणालीगत र स्पष्ट हिंसाको विरोध गर्न कति हदसम्म जान्छन् भन्ने कुराको शक्तिशाली सम्झना दिलाउँछ ।

विभाजित विगतबाट साझा भविष्यमा सर्दा नेता, मध्यस्थकर्ता र वार्ताकारको रूपमा महिलाको सहभागिता आवश्यक छ । सुरक्षा परिषद्को प्रस्ताव १३२५ ले शान्तिको विश्वव्यापी बुझाइलाई द्वन्द्व व्यवस्थापनको सैन्यीकृत मोडेलबाट सामाजिक न्याय, लैंगिक समानता र नागरिक सुरक्षालाई सुरक्षाको केन्द्रबिन्दुको रूपमा मान्यता दिने मोडेलमा सारेको छ । ध्रुवीकरण भइरहेको वातावरणमा मेलमिलाप एक लोकतान्त्रिक आवश्यकता बन्छ ।

भारतको मध्यस्थता ऐन (२०२३) ले एउटा खुलापन प्रदान गर्छ । सामुदायिक मध्यस्थतालाई मान्यता दिएर हामी सामाजिक र राजनीतिक सन्दर्भमा शान्ति मध्यस्थतालाई अझ मूलधार बनाउने रूपरेखाहरू सिर्जना गर्न सक्छौं । महिलाहरू तिनीहरूको व्यापक र घना सम्बन्ध सञ्जाल र स्थानीय पारिस्थितिकीको ज्ञानका साथ अनुगमनकर्ता, वार्ताकार र विवाद मध्यस्थकर्ताको रूपमा काम गर्न सक्छन् । अनुसन्धानले देखाउँछ कि महिलाहरूको मध्यस्थता शैली फरक छ । तिनीहरू लेनदेनको सौदाबाजीभन्दा सहमति निर्माणको पक्षमा छन् । शून्य-योग परिणामभन्दा सम्बन्धलाई जोड दिन्छन् । बहुवार्ता र नेटवर्क परिचालनमा भर पर्छन् र शक्ति गणनाभन्दा दिगो सम्झौतालाई प्राथमिकता दिन्छन् ।

संयुक्त राष्ट्र संघको महासभा (२०११) ले महिलाको सहभागिताले शान्ति प्रक्रियाको स्थायित्व बढाउँछ भनी पुष्टि गऱ्यो । उनीहरूको सम्बन्धगत दृष्टिकोणले शक्तिका लागि प्रतिस्पर्धाको रूपमा सुरक्षाको वास्तविक राजनीतिक दृष्टिकोणलाई चुनौती दिन्छ । आजको शान्ति निर्माण परिदृश्य महाशक्ति मध्यस्थताबाट समुदाय-केन्द्रित, अनुकूलनीय दृष्टिकोणमा सरेको छ । महिलाले 'वसुधैव कुटुम्बकम्' केवल भाषणबाजी मात्र नभाई जीवित नैतिकता हुन सक्ने देखाएका छन् । चुनौती उनीहरूको योगदानलाई संस्थागत गर्नु हो । शान्ति स्थापनामा महिलाले पुऱ्याएको योगदानलाई मान्यता दिँदै विस्तार गरिनुपर्छ ।

-हिन्दुस्तान टाइम्सबाट

इतिहासमा आज



सन् १९६८ :
एपोलो ८ मा सवार अन्तरिक्षयात्री चन्द्रमा परिक्रमा गर्ने पहिलो मानव बने । तिनैले यसै दिन सो यानबाट पृथ्वीको तस्बिर खिचे, जसलाई 'पृथ्वी उदय (अर्थराइज) भनिन्छ ।

सन् १७७७ : आफ्नो तेस्रो यात्रामा जेम्स कुक किरिटिमाटी पुग्ने पहिलो युरोपेली बने । उनले सो टापुको नाम बदलेर क्रिसमस टापु राखे ।

सन् १८१४ : अमेरिका र बेलायतबिच दुई वर्षदेखि चलिरहेको युद्ध औपचारिक रूपमा अन्त्य गर्ने सम्बन्धमा 'गेन्ट सम्झौता' भयो । सन् १८१२ को युद्धलाई अमेरिकाको राष्ट्रिय पहिचान विकास गर्न सघाउने घटनाका रूपमा चिनिन्छ ।

सन् १९४३ : अमेरिकी राष्ट्रपति फ्र्यांकलिन डी रुजवेल्टले जनरल ड्विट डी. आइजनहावरलाई मित्रशक्तिका सर्वोच्च कमान्डर नियुक्त गरे । धेरैले अमेरिकी सेना प्रमुख जर्ज सी मार्शलले सो पद पाउने आशा गरेका थिए, तर रुजवेल्टले उनलाई अमेरिकी सैन्य रणनीति हेर्न वासिंटनमै राखेर आइजनहावरलाई सो पद दिए ।

सन् १९८९ : चार्ल्स टेलर नेतृत्वमा रहेको 'नेसनल प्याट्रोटिक फ्रन्ट अफ लाइबेरिया'का फौजले निम्बा काउन्टीमा आक्रमण गरेसँगै पहिलो लाइबेरिया गृहयुद्ध सुरु गरे । आठ वर्ष चलेको युद्धमा डेढ लाख मारिए भने देशका एकतिहाइ जनसंख्या विस्थापित भए ।

ट्रम्पले पुनः दोहोऱ्याए ग्रिनल्यान्ड लिइछाड्ने अडान



ग्रिनल्यान्डका लागि नवनियुक्त अमेरिकाका विशेष दूतसँग ट्रम्प

वासिंटन डिसी / संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्यान्ड कब्जा गर्ने आफ्नो भनाइ पुनः दोहोऱ्याएका छन् । डेनमार्कको स्वशासित क्षेत्र ग्रिनल्यान्डलाई वासिंटनले आफ्नो राष्ट्रिय सुरक्षाका लागि आवश्यक भएको जोड दिएको छ । ट्रम्पले ग्रिनल्यान्ड क्षेत्रका लागि एकजना विशेष दूत नियुक्त गर्दै उनले सो क्षेत्रलाई अमेरिकाको हिस्सा बनाउने अभियानको 'नेतृत्व गर्ने' बताएका छन् । ट्रम्पको सोमबारको टिप्पणी डेनमार्क र ग्रिनल्यान्डका नेताहरूले अमेरिकी विशेष दूत लुइसियाना राज्यका गभर्नर जेफ ल्यन्ड्रीको टिप्पणीको विरोध गरेपछि आएको हो । ल्यान्ड्रले ग्रिनल्यान्डलाई 'अमेरिकाको हिस्सा' बनाइछाड्ने बताएका थिए ।

सोमबार पत्रकारलाई प्रतिक्रिया दिँदै ट्रम्पले आफ्नो अडान दोहोऱ्याउँदै 'ग्रिनल्यान्ड अमेरिकी रक्षा हितका लागि महत्त्वपूर्ण भएको बताए । 'हामीलाई राष्ट्रिय सुरक्षाका लागि ग्रिनल्यान्ड चाहिन्छ, खनिजका लागि होइन । ग्रिनल्यान्डको तटको माथिदेखि तलसम्म हेर्नुभयो भने जतातै रुसी र चिनियाँ जहाज देखिन्छन् । त्यसैले पनि यो भूमि हामीसँग हुनुपर्छ,' ट्रम्पले भने । ट्रम्पले ल्यान्ड्रीले 'ग्रिनल्यान्ड अमेरिकाको राष्ट्रिय सुरक्षाका लागि कति आवश्यक छ' भनेर बुझेको भन्दै गभर्नरको प्रशंसा गरे । ल्यान्ड्रीले दूतका रूपमा नियुक्त भएपछि समाजिक सञ्जाल एक्समा लेख्दै, 'ग्रिनल्यान्डलाई अमेरिकाको हिस्सा बनाउने जिम्मेवारीमा काम गर्न पाउनु सम्मानको कुरा हो भएको' बताएका थिए । उनले यो भूमिका स्वयंसेवी भएको र यसले लुजियाना राज्यको गभर्नरको कर्तव्यलाई असर नगर्ने बताएका छन् । ल्यान्ड्रीको भनाइको डेनमार्कका प्रधानमन्त्री मेट्टे फ्रेड्रिकसेन र स्वाशासित क्षेत्र ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सेनले कडा आलोचना गरेका छन् ।

दुई नेताले जारी गरेको संयुक्त विज्ञप्तिमा 'ग्रिनल्यान्ड ग्रिनल्यान्डवासीको भएकाले' 'कसैले चाहँदैमा अर्को देशलाई गाभ्न नसक्ने' भनिएको छ । निल्सनले पछि फेसबुकमा छुट्टै लेख्दै 'ग्रिनल्यान्डको भविष्यसम्बन्धी निर्णय आफूहरूले मात्र गर्न सक्ने' लेखेका छन् । ल्यान्ड्रीको नियुक्तिप्रति असन्तुष्टि व्यक्त गर्न सोमबार नै डेनमार्कको विदेश मन्त्रालयले आफ्नो देशमा रहेका अमेरिकी राजदूत केनेथ होवेरीलाई बोलाउने तयारी गरेको थियो । उता युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयन र युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले कोपेनहेगनसँग 'पूर्ण ऐक्यबद्धता' घोषणा गरे । तिनले 'क्षेत्रीय अखण्डता र सार्वभौमिकता अन्तर्राष्ट्रिय कानुनको आधारभूत सिद्धान्त'को सम्मान गर्न जोड दिए । जनवरीमा ह्वाइट हाउस फर्किएदेखि नै ट्रम्पले बारम्बार स्रोतसाधनले भरिपूर्ण ग्रिनल्यान्डलाई गाभ्ने बताउँदै आएका छन् ।

सिरियामा राष्ट्रिय सेना र कुर्द फौजबिच झडप, कम्तीमा दुईजनाको मृत्यु

दमास्कस / सिरियाली सेना र कुर्दिस नेतृत्वको सिरियाली डेमोक्रेटिक फोर्स (एसडिएफ) बिच एलेप्पोमा भएको भिडन्त दुईजनाको ज्यान लिएपछि रोकिएको छ । दुवै पक्षले युद्ध भङ्किनुमा अर्को पक्षलाई दोषारोपण गरिरहेका छन् । उता वर्तमान सिरियाली सरकारसँग घनिष्ट रहेको टर्कीले कुर्दिस सेनालाई सिरियाको नवस्थापित सेनामा समाहित हुन नचाहेको आरोप लगाएको छ । केही घन्टाको भिडन्तपछि सिरियाली सरकारी सेना र एसडिएफ उत्तरी सहर अलेप्पोमा लडाइँ रोक्न सहमत भएका थिए । आक्रमणमा कम्तीमा दुई नागरिकको मृत्यु भएको छ भने धेरै घाइते भएका छन् । झडपको कारण अझै स्पष्ट भएको छैन । सोमबार सिरियाको सरकारी समाचार एजेन्सी 'साना'ले रक्षा मन्त्रालयलाई उद्धृत गर्दै सेनाको जनरल कमान्डले एसडिएफका लडाकुविरुद्ध कारबाही रोक्न आदेश जारी गरेको बताएको छ । पछि एसडिएफले पनि 'आक्रमणको जवाफ दिन बन्द गर्न' आफ्ना सेनालाई निर्देशन दिएको सानाले नै बताएको छ । टर्कीका विदेशमन्त्री हकान फिदानको सिरिया भ्रमणमा रहेको समय झडप भएको थियो । फिदानले सोमबार भने कि उत्तरपूर्वी सिरियाका केही भाग नियन्त्रण गर्ने एसडिएफले राष्ट्रिय सेनामा समाहित हुन आफैंले गरेको प्रतिबद्धतालाई सम्मान गर्ने मनसाय नदेखाएको आरोप लगाए । एडिएफ र दमास्कसबिच मार्चमा एक सम्झौता भएर कुर्दिस नेतृत्वको फौज नयाँ गठित सिरियाली सेनामा विलय हुने सहमति भएको थियो ।

बल्झिरहने थाइल्यान्ड-कम्बोडिया सीमा विवाद

थाइल्यान्डले कम्बोडियासँगको सीमा क्षेत्रमा अचानक बल प्रयोग गरेसँगै दक्षिणपूर्वी एसियाको पुरानो विवाद फेरि बल्झिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको युद्धविराम गराउने प्रयासका बाबजुद युद्ध चलिरहेको छ । पछिल्लोपटक द्वन्द्व जुन गतिमा चर्कियो, त्यो चकित पार्ने खालको रह्यो । दुवै देशका सरकार प्रमुखले दक्षिणपूर्वी एसियाली राष्ट्रको संघ (आसियान) शिखर सम्मेलनमा भाग लिँदा एउटा युद्धविरामको ढाँचामा सहमति जनाएका थिए । क्षेत्रीय र अन्तर्राष्ट्रिय नेताका अगाडि उभिएर गरिएको त्यस सहमतिलाई राजनीतिक सफलताको रूपमा प्रस्तुत गरिएको थियो ।

तर, प्रतिनिधिमण्डलहरू घर फर्कनेबित्तिकै उक्त वाचा बिर्सिइयो । विवादित सीमा क्षेत्रमा कम्बोडियाली सैनिक ग्यारेजमा बैंककको हवाई आक्रमणले तत्काल स्थिति तनावग्रस्त बनेको छ । खासमा थाइल्यान्ड र कम्बोडियाबिच दशकौंदेखि कायम सीमा विवादमा युद्धविराम खालि अविश्वासको लामो चक्रमा क्षणिक विराम मात्र हुने गरेको छ ।

> दुई देशबिच भएको पछिल्लो युद्धविरामले द्वन्द्वको मूल कारणलाई सम्बोधन गरेको थिएन । खासमा दुवै देशका सरकार विश्वव्यापी रूपमा आएको दबाबलाई मोड्न र विदेशी लगानीकर्तालाई शान्त पार्न मात्र प्रेरित थिए ।

आसियान शिखर सम्मेलनमा अनुमोदित युद्धविरामलाई फराकिलो 'रोडम्याप' निर्माणको जगको रूपमा अघि सारिएको थियो । यसले दुवै पक्षलाई शत्रुता घटाउन, सेना परिचालन रोक्न र विवादित क्षेत्रनजिक भारी हतियारको तैनाथीलाई बिस्तारै घटाउने विषय समेटेको थियो । अझ महत्त्वपूर्ण कुरा, यसले सहमति कार्यान्वयनको अवलोकन गर्न अनुगमन टोलीहरू तैनाथ गर्ने जिम्मा आसियानलाई दिएको थियो । कागजमा, समझदार कदम देखिए पनि वास्तविकतामा यो अस्थिर राजनीतिक आधारमा कोरिएको थिएन ।

खासमा दुवै देशका सरकार विश्वव्यापी रूपमा आएको दबाबलाई मोड्ने र विदेशी लगानीकर्तालाई शान्त पार्ने हिसाबले मात्र प्रेरित थिए । तर, विवादका मुख्य मुद्दा अनिश्चित सिमाना, नसुल्झिएको ऐतिहासिक दाबीहरू र दुई देशका सुरक्षा निकायमा एक-अर्काप्रति बढ्दै गएको शंका भने अछुतो रहे । यसले गर्दा पछिल्लो सम्झौता समाधान कम र अन्तर्राष्ट्रिय दबाबलाई केही समय रोक्न प्रदर्शनकारी सद्भाव बढी रहेको अहिले प्रमाणित भएको छ । र, युद्ध प्रयास रोक्ने कुरामा घरेलु राजनीतिक अवस्था हाबी भइरहेको छ । बैंकक र नोमपेन्ह दुवैका नेता क्षेत्रीय अखण्डताप्रति कमजोर भएको देखिएला कि भन्नेमा संवेदनशील देखिन्छन् । राष्ट्रवादी भावना सजिलै प्रज्ज्वलित हुन सक्ने वातावरणबिच सरकारहरू प्रायः देशभित्र आरोप सामना गर्नुभन्दा आक्रामकता प्रदर्शन गर्न रुचाउँछन् ।

सीमा विवादको लामो इतिहास

कम्बोडिया र थाइल्यान्डबिच सीमा विवाद किन बारम्बार बल्झिरहन्छ भन्ने बुझ्नका लागि इतिहास हेर्नुपर्ने हुन्छ । थाइल्यान्ड-कम्बोडियाबिच सिमाना औपनिवेशिक कालमा कोरिएको थियो । सन् १९५४ सम्म कम्बोडियामा फ्रान्सेलीहरूको शासन रह्यो । औपनिवेशिक शक्तिको आगमनअघि यस भेगमा ठोस सीमाको रेखांकन भएको थिएन । तर, फ्रान्सले त्यति वेला कमजोर भएको थाइल्यान्डका चासोलाई बेवास्ता गर्दै कैयौं स्थानमा परस्पर दाबी परेको ठाउँलाई पनि सीमा तोक्यो । दुवै देश आन्तरिक एकीकरण र शीतयुद्धकालीन उथलपुथलमा व्यस्त भएकाले यो विषयले त्यति वेला धेरै महत्त्व पाएन । तर, जसै दुवै देशका संस्थाहरू परिपक्व हुँदै गए, राष्ट्रिय भाष्यले बलियो पकड जमाउँदै गयो र अर्थिक विकाससँगै विशेष क्षेत्रहरूको रणनीतिक मूल्य बढ्यो, तब सीमा विवाद चर्किँदै गयो ।

हाल दुई देशबिच विवादित क्षेत्रले गहिरो सांस्कृतिक र प्रतीकात्मक महत्त्व बोकेका छन् । यसमा खमेर साम्राज्यद्वारा निर्मित प्रेह विहार मन्दिर पनि समावेश छ । थाइल्यान्ड र कम्बोडिया दुवैले आफूलाई खमेर साम्राज्यको वास्तविक उत्तराधिकारी दाबी गर्छन् । विवाद बढ्दै गएपछि सन् १९६२ मा इन्टरनेसनल कोर्ट अफ जस्टिस (आइसिजे)ले मन्दिर कम्बोडियाली सीमाभित्र पर्ने फैसला सुनायो । आइसिजेको फैसलाप्रति परस्पर विपरीत व्याख्यासहित फेरि सन् २००८ देखि २०११ बिच दुई देशबिच झडप भएको थियो । त्यति वेला विवाद दुवै देशको राजनीतिक तहमा प्रवेश गऱ्यो । अर्थात्, सो क्षेत्रको स्वामित्व अब दुवै देशको राष्ट्रवादी मुद्दा बन्यो । परिणामस्वरूप त्यसपछिका वर्षमा अपेक्षाकृत शान्त अवधि पनि असहज सन्तुलनजस्तो लाग्थ्यो ।

अहिले दुवै देशका राजधानीमा नेताहरू आफू यस मुद्दामा कठोर भएको देखाउन बाध्य महसुस गरिरहेका छन् । आसियानको मध्यस्थतामा भएको युद्धविरामले सीमाको सबैभन्दा विवादास्पद विषय नछोएकाले यो कमजोर बन्न गयो । थाइल्यान्ड वा कम्बोडिया दुवै बाध्यकारी सीमांकन स्वीकार गर्न तयार छैनन् । आफूले थोरै मात्र भूमि त्याग गरेमा देशभित्र कमजोरीको रूपमा व्याख्या हुने सम्भावना उच्च हुन्छ । स्पष्टता नभएसम्म कानूनी, कार्टोग्राफिक र राजनीतिक क्षेत्र एक रहनेछ, जहाँ प्रत्येक पक्षले आफ्नो उपस्थिति दाबी गर्न बाध्य महसुस गर्छ ।

आसियानको भूमिका

पछिल्लो द्वन्द्वको प्रभाव द्विपक्षीय सम्बन्धभन्दा बढी क्षेत्रीय रूपमै परेको छ । अहिलेजस्तै सानै स्तरका सही हवाई हमला सामान्यीकृत गरिए दक्षिणपूर्वी एसिया बाहिर निस्कन नसक्ने विवादमा फस्नेछ । द्वन्द्वले नागरिक विस्थापन बढाउन र पहिले नै कमजोर बनेको विश्वास निर्माणका उपाय झन् पूर्ण रूपमा गुम्न सक्छ । साथै, कूटनीतिका लागि स्थान नाटकीय रूपमा संकुचित हुन सक्छ । आसियान अहिले आफ्नो प्रासंगिकता पुष्टि गर्नुपर्ने अवस्थामा छ । संगठनले आफ्नो क्षेत्रभित्रका द्वन्द्व व्यवस्थापन गर्न सक्छ भन्ने प्रदर्शन गर्न चाहन्छ भने यसले तीन आवश्यक कदम चाल्नुपर्छ ।





● रोनी पी सस्मिता

लेखक 'इन्डोनेसिया स्ट्रेटेजिक एन्ड इकोनोमिक्स एक्सन इन्स्टिच्युट'का वरिष्ठ अन्तर्राष्ट्रिय मामिला विश्लेषक हुन् ।

पहिलो, यसले आफ्नो अनुगमन मिसन पूर्ण रूपमा तैनाथ गरिएको र यसको सञ्चालन स्वायत्त रूपमा हुने कुरामा जोड दिनुपर्छ । द्वन्द्वको पर्यवेक्षकलाई युद्ध क्षेत्रमा विनारोकटोक पहुँच आवश्यक हुन्छ । उनीहरूले तथ्यहरूलाई विकृत गर्ने दुवै पक्षको प्रस्तावलाई पन्छाउने सटिक मूल्यांकन रिपोर्ट जारी गर्नुपर्छ । पारदर्शी अनुगमनले विवादको सम्भावनालाई उन्मूलन त गर्दैन, तथापि यसले तनाव वृद्धि घटाउन सक्छ ।

दोस्रो, आसियानले थाइल्यान्ड, कम्बोडिया र आसियान अध्यक्ष मिलेर बनेको स्थायी त्रिपक्षीय संकट समूह स्थापना गर्नुपर्छ । यो समूहलाई कुनै पनि घटना घटेको रिपोर्ट भएको केही घण्टाभित्र कूटनीतिक रूपमा हस्तक्षेप गर्न आदेश दिनुपर्छ । समयमै चालिने कदमले मैदानको असमझदारीलाई सैन्य प्रतिक्रियामा परिणत हुनबाट रोक्न सक्छ ।

तेस्रो, आसियानले सिमाना क्षेत्रको सटिक सीमांकनका लागि दिगो वार्ताको आधार बनाउने प्रयास सुरु गरिहाल्नुपर्छ । यो राजनीतिक रूपमा संवेदनशील हुनेछ । यसले छिटै परिणाम नदिन सक्छ, तर तटस्थ नक्साकार, कानुनी विज्ञ र ऐतिहासिक अनुसन्धानकर्ताद्वारा समर्थित प्रक्रियाले क्रमिक सुधार निम्याउन सक्छ । संवाद नगर्नुभन्दा ढिलो संवाद गर्नु राम्रो हो ।

अब यस कुरामा संयुक्त राष्ट्र संघ आसियानको नेतृत्वमा पूरक सहयोगी बन्न सक्छ । सीमा विवादमा संयुक्त राष्ट्र संघको प्राविधिक विशेषज्ञता, प्रमाणीकरण प्रक्रिया व्यवस्थापनको लामो अनुभव र मानवीय तयारीलाई सघाउने यसको क्षमताले क्षेत्रीय प्रयासलाई सुदृढ पार्न सक्छ । अझ महत्त्वपूर्ण रूपमा, संयुक्त राष्ट्र संघको संलग्नताले अत्यधिक प्राविधिक मुद्दालाई अराजनीतिक बनाउन सघाउँछ । तर, बैंकक र नोमपेन्हका राजनीतिक नेताहरू अलोकप्रिय हुन सक्ने सम्झौताका लागि तयार नभएसम्म यी संस्थागत प्रयासमध्ये केही फरक पर्दैन । दिगो शान्ति हिंसाको रोकावटले मात्र आउँदैन । यसले ऐतिहासिक गुनासाहरू युद्धबाट नभएर वार्तामार्फत समाधान गर्नुपर्छ भनेर स्वीकारोक्ति माग गर्छ ।

थाइल्यान्ड र कम्बोडिया अहिले यस्तो चौबाटोमा उभिएका छन् जहाँबाट या त उनीहरू थप तनावको बाटोतर्फ अगाडि बढ्न सक्छन् या समस्याको अन्तिम समाधानतर्फ अघि बढ्न सक्छन् । पछिल्लो मार्ग लामो र अपूर्ण होला । तर, यसले दुवै देश र बृहत्तर क्षेत्रलाई फाइदा गर्नेछ । जबकि, पहिलो मार्गको लागत नागरिकहरू, सीमा क्षेत्रमा बस्ने नागरिक र क्षेत्रीय स्थिरतालेवहन गर्नुपर्ने हुन्छ ।

अलजजिराबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार ९ पुस ०८२

■ बैंकिङ क्षेत्र सुधार कार्यदलको सुझाव

बैंक सञ्चालकलाई ऋण स्वीकृतिमा कडाइ गर

राष्ट्र बैंकले गठन गरेको कार्यदलले एउटै व्यक्ति बैंकर र व्यवसायी हुँदा स्वार्थको द्वन्द्व सिर्जना हुन सक्ने र बैंकिङ सुशासनमा नकारात्मक असर पर्ने भएकाले छुट्याएर काम गर्नुपर्ने राय समेटेर बुझायो प्रतिवेदन

प्रतिवेदनमा भनिएको छ–

व्यवसायीको ऋण पाउने सुविधालाई संरक्षण गर्दै एउटै व्यक्ति बैंकर तथा ठुलो व्यवसायी हुँदा सिर्जना हुन सक्ने द्वन्द्वको न्यूनीकरण हुने गरी बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको संरचना तयार गर्नेतर्फ कदम चालिनुपर्ने



● **गुरुप्रसाद पौडेल**
कार्यदल सदस्यसचिव

चालू आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीतिलाई लक्षित गरी अध्ययन प्रतिवेदन तयार पारेको हो। कतिपय सुझाव मौद्रिक नीतिमार्फत कार्यान्वयन भइसकेका छन्। बैंक तथा वित्तीय संस्थामा व्यवसाय गर्ने व्यक्तिभन्दा बढी बैंकिङ क्षेत्रका जानकार रहनुपर्छ भन्ने निष्कर्षसहित सञ्चालक समितिमा स्वतन्त्र सञ्चालकको संख्या बढाउन सुझाव दिइएको छ।



● **भुवन दाहाल**
पूर्वअध्यक्ष, बैंकर्स संघ

सबै बैंकलाई एउटै डालोमा राखेर नीति-नियम कार्यान्वयन गर्नुहुँदैन। त्यसैले बैंकहरूको पफर्मेन्सका आधारमा वर्गीकरण गर्नुपर्छ भन्ने सुझाव दिएका छौं। खराब गर्नेलाई सजाय दिने र राम्रो गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था आवश्यक छ भन्ने कुरामा जोड दिएका छौं।

पवन तिमिल्सिना/नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्थाका सेयरधनीले आफ्नो व्यवसायका लागि लिने ऋण स्वीकृतिमा मताधिकार प्रयोग गर्न नपाउने कानुनी व्यवस्था राख्न राष्ट्र बैंकद्वारा गठित कार्यदलले सुझाव दिएको छ।

डा. रेवतबहादुर कार्कीको संयोजकत्वमा राष्ट्र बैंकले गठन गरेको बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदलले एउटै व्यक्ति बैंकर र ठुलो व्यवसायी हुँदा द्वन्द्व सिर्जना हुन सक्नेतर्फ सजग हुनुपर्ने रायसहितको सुझाव समेटेर प्रतिवेदन पेस गरेको हो।

प्रतिवेदनमा 'अन्य संस्थाका सञ्चालक तथा उल्लेख्य स्वामित्व भएका सेयरधनीले नेपाल राष्ट्र बैंकले तोकेको भन्दा बढी रकम ऋण लिन चाहेमा सञ्चालक समितिले मात्र स्वीकृत गर्ने' र 'सञ्चालक समितिको सो निर्णयमा सेयरधनी सञ्चालकको मताधिकार (भोटिङ राइट) नहुने' व्यवस्था गर्नुपर्ने सुझाव उल्लेख छ।

सञ्चालक समितिको प्रस्तावित व्यवस्थाले राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षणको बोझ कम हुने र बैंकर, ठुलो व्यवसायी एउटै व्यक्ति हुँदा सुशासनमा पर्न सक्ने नकारात्मक असर पनि समाधान हुने प्रतिवेदनको निष्कर्ष छ।

सो कार्यदलले चालू आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीतिलाई लक्षित गरी अध्ययन प्रतिवेदन तयार पारेको कार्यदलका सदस्य एवं राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले जानकारी दिए। उनका अनुसार कार्यदलले उल्लेख गरेका कतिपय सुझाव मौद्रिक नीतिमार्फत कार्यान्वयन भइसकेका छन्।

त्यस्तै, सम्बन्धित संस्थाका सञ्चालक, संस्थापक तथा ०.५ प्रतिशतभन्दा बढी स्वामित्व भएको सेयरधनीले सम्बन्धित संस्थामा राखेको निक्षेपको सय प्रतिशत धितोमा प्रदान गरिनेबाहेक कुनै पनि प्रकारको कर्जा लिन नपाउने व्यवस्था गर्न सुझाव दिइएको छ।

स्वार्थको द्वन्द्व सिर्जना हुन नदिन बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको पुनर्संरचना गर्नुपर्ने सुझाव पनि समेटिएको छ। प्रतिवेदनमा भनिएको छ, 'व्यवसायीको ऋण पाउने सुविधालाई संरक्षण गर्दै एउटै व्यक्ति बैंकर तथा ठुलो व्यवसायी हुँदा सिर्जना हुन सक्ने द्वन्द्वको न्यूनीकरण हुने गरी बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको संरचना तयार गर्नेतर्फ कदम चालिनुपर्ने।'

यसका लागि कार्यदलले सञ्चालक समितिको संरचना पनि प्रस्ताव गरेको छ। सञ्चालक समितिको गठन संख्या हालजस्तै पाँच-सात जना हुनुपर्ने उल्लेख छ। स्वतन्त्र सञ्चालक न्यूनतम ५० प्रतिशत, कार्यकारी सञ्चालक एकजना र सेयरधनी सञ्चालक अधिकतम एकतिहाइ हुनुपर्ने उल्लेख छ।

बैंक तथा वित्तीय संस्थामा व्यवसाय गर्ने व्यक्तिभन्दा बढी बैंकिङ क्षेत्रका जानकार रहनुपर्छ भन्ने निष्कर्षसहित सञ्चालक समितिमा स्वतन्त्र सञ्चालकको संख्या बढाउन सुझाव दिइएको पौडेलको भनाइ छ।

■ कार्यदलले दिएका प्रमुख सुझाव



- कार्यसम्पादनका आधारमा प्रथम, दोस्रो र तेस्रोमा वर्गीकरण
- एउटै व्यक्ति बैंकर तथा ठुलो व्यवसायी हुँदा सिर्जना हुन सक्ने द्वन्द्वको न्यूनीकरण हुने गरी बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको संरचना तयार गर्नेतर्फ कदम चालिनुपर्ने।
- प्राथमिकताप्राप्त क्षेत्र कर्जाको बारेमा पुनरावलोकन।
- अमेरिकी डलर, युरो, भारतीय मुद्राजस्तै नेपाली मुद्राको पनि छुट्टै मुद्राअंकित चिह्न बनाउनुपर्ने।
- लघुवित्त संस्थालाई छुट्टै नियामक निकायको कानुनी व्यवस्था गरी स्थापना गर्नुपर्ने।
- कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष तथा सामाजिक सुरक्षा कोषको नियमन गर्ने अलग्गै नियामक निकायको स्थापना गर्ने।
- आगामी दुई वर्षसम्म नेपाल भित्रिने विदेशी लगानीको शतप्रतिशत मुद्रा जोखिम व्यवस्थापन गर्ने व्यवस्था मिलाउने।
- कर्जा वर्गीकरण, नोक्सानी व्यवस्था, गैरबैंकिङ सम्पत्ति र पुँजीकोषसम्बन्धी व्यवस्थाहरू अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप पुनरावलोकन गरी सुधार गर्ने।
- सूचना प्रविधि र भुक्तानी प्रणालीलाई थप बलियो बनाउने।
- इमानदार व्यक्ति तर्सिनुनपर्ने र बेइमान व्यक्ति नउम्किने हिसाबले बैंकिङ कसुरमा सजाय हुने अभ्यास सुरु गर्ने।
- बैंक तथा वित्तीय संस्था खोल्ने र विघटन गर्ने विद्यमान कानुनी व्यवस्थालाई पुनरावलोकन गर्ने।
- बैंक तथा वित्तीय संस्थामा स्तरीय विदेशी बैंक वा वित्तीय संस्थाको सेयर स्वामित्व भित्र्याउने तथा स्तरीय विदेशी बैंकहरूको सहायक कम्पनी तथा शाखा खोल्न प्रेरित गर्नुपर्ने।
- बैंक तथा वित्तीय संस्थाहरूको ब्याजदर र सेवा शुल्कहरूको एउटै ढाँचा बनाउने र एकै ठाउँमा तुलनात्मक विवरण हेर्न मिल्ने संयन्त्रको विकास गर्ने।
- सहुलियतपूर्ण कर्जा कार्यक्रमको बाँकी सरकारी अनुदानको जिम्मा लिई तत्काल सञ्चालन गराउने।
- कोभिडपछि कतिपय व्यवसाय बन्द छन् भने कतिपय सानो स्केलमा सञ्चालन भइरहेको सन्दर्भमा पुनः व्यवसाय सञ्चालन र स्केल वृद्धि गर्न चाहनेलाई व्यावसायिक सम्भावना र धितो हेरी थप कर्जा व्यवस्था गर्ने।
- निक्षेपकर्ताको हित सर्वोपरि हुने गरी सुरक्षित कर्जाको पुनर्संरचना तथा पुनर्तालिकीकरणको व्यवस्था गर्ने।
- ग्रामीण क्षेत्रमा पाँच लाख र सहरी क्षेत्रमा १० लाखसम्मको व्यवसाय कर्जा उचित धितोमा बैंक-वित्तीय संस्थाबाट सरल र सहज रूपमा पाउने व्यवस्था गर्नुपर्ने।
- लघुवित्त संस्थाबाट प्रदान हुने समूहगत कर्जालाई र धितोमा आधारित उद्यमशील कर्जाको सीमा वृद्धि गरिनुपर्ने।
- ऋसहोल्डिङ भएका संस्थालाई मर्जरमा जाने व्यवस्था गर्ने।
- केन्द्रीय बैंकबाट नेप्सेमा सञ्चालक प्रतिनिधित्व स्वार्थ बाझिने हुनाले आगामी दिनमा प्रतिनिधिलाई नपठाउने।
- पुँजी बजारमा कर्जा प्रवाहका लागि वाणिज्य बैंकले ब्रोकरमार्फत हुने मार्जिन कर्जालाई प्राथमिकता दिने।
- सेयर कर्जासम्बन्धी क्षेत्रगत सीमा तोकिदिएपछि अन्य सम्पूर्ण व्यवस्था बैंक तथा वित्तीय संस्था स्वयंले गर्ने।
- नेपाली लगानीकर्तालाई प्रतिकूल असर नगर्ने गरी एनआरएनलाई दोस्रो बजार कारोबारमा भित्र्याउने।



संक्षेप

कृषि उत्पादनको बजारीकरण गर्न महासंघको पहल



काठमाडौं/ कृषि उत्पादनको बजारीकरण र सहकारीमार्फत लगानी प्रवर्द्धनमा सघाउ पुऱ्याउन उद्योग वाणिज्य महासंघअन्तर्गतको कृषि उद्यम केन्द्र र राष्ट्रिय सहकारी विकास बैंकले संयुक्त कार्यक्रम गरेका छन्।

कार्यक्रममा सहकारी विकास बैंकका निवर्तमान अध्यक्ष रमेशप्रसाद पोखरेलले उत्पादन भएका वस्तु बजारसम्म पुऱ्याउँदा ढुवानी, मूल्य निर्धारण र बिक्री मूल्यबिच सन्तुलन नहुनु मुख्य समस्या रहेको बताए। किसानले उचित मूल्य नपाउँदा कृषि पेसाप्रति आकर्षण घट्दै गएको र बिचौलियाको प्रभाव बढिरहेको उल्लेख गर्दै उनले किसानले तोकिएको मूल्य पाउने स्पष्ट र प्रभावकारी संयन्त्र विकास गर्नुपर्नेमा जोड दिए।

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले किसानले अझै सहज रूपमा कर्जा पाउन कठिनाइ भोगिरहेको बताएका थिए।

तरकारीमा जथाभावी विषादी प्रयोगबारे चिन्ता



बुटवल/ कृषि उत्पादन बढाउन अनावश्यक रूपमा हुने कीटनाशक विषादीको प्रयोगप्रति विज्ञहरूले चिन्ता व्यक्त गरेका छन्। नियामक निकाय कमजोर बन्दा उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर परेको भन्दै उनीहरूले चिन्ता गरेका छन्।

रुपन्देही उद्योग संघले बुटवलमा आयोजित १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव-०८२ को अवसरमा आयोजित नेपालमा कृषि उत्पादन मानव स्वास्थ्य तथा वातावरणमा कीटनाशकको प्रभाव विषयक कार्यशालामा सहभागी विज्ञले यस्तो सुझाव दिएका हुन्।

पर्याप्त सूचना अभावमा कतिपय किसानले कीटनाशक विषादीलाई औषधिका रूपमा प्रयोग गर्दै आएका छन्। जसका कारण यसले गम्भीर र घातक रोग निम्त्याउने गरेको भन्दै यसतर्फ सरोकारवाला निकायले विशेष चासो दिनुपर्नेमा मंगलबार बुटवलमा आयोजित कार्यक्रममा जोड पनि दिइएको छ। किरा, रोग र झारपातबाट बाली जोगाउन र छोटो समयमै लाभ दिने भए पनि यसको अस्वाभाविक प्रयोगले खतरनाक रोगहरू लाग्न थालेकाले जैविक विषादीको प्रयोगलाई बढाउनुपर्ने सुझाव विभिन्न क्षेत्रका विज्ञहरूको छ।

अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लि.

तेस्रो, चौथो तथा पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०५)

श्री आदरणीय शेयरधनी महानुभावहरू,

अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लि.को सञ्चालक समितिको मिति २०८२ पौष ८ गते मंगलवार बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध गर्दछौं।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८२/९/३० गते, बुधवार अर्थात जनवरी १४, २०२६
समय : बिहान ०९ :३० बजे
स्थान : काजीको किचेन, पुरानो बानेश्वर, काठमाण्डौ।

(क) साधारण प्रस्तावहरू:

वार्षिक साधारण सभामा पेश हुने छलफलका विषयहरू :

१. आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को तेस्रो, चौथो तथा पाँचौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. आ.व.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित नाफा/नोक्सान हिसाब विवरण तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षण समितिको सिफारिस मुताबिक लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।
४. सर्वसाधारण तर्फको सञ्चालकको निर्वाचन सम्बन्धमा।
५. कम्पनी सचिवको नियुक्ति गर्ने सम्बन्धमा।
६. विविध

विशेष प्रस्ताव

१. कम्पनीको हाल कायम चुक्ता पूँजीको १:१.५ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा र सो अनुसार प्राप्त हुने रकमको उपयोग बारेमा सञ्चालक समितिले गरेको निर्णय सम्बन्धमा।
२. अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने गरी प्रबन्धपत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा।
३. सञ्चालक समितिको बैठक भत्ता सम्बन्धमा।
४. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा हकप्रद शेयर निष्काशन सम्बन्धमा थप अन्य कार्यहरू समेत गर्न परेमा सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
५. विविध

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू :

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/२१ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०९/२० गतेसम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन्।
२. शेयरधनी महानुभावहरूलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धी कागजातहरू शेयरधनी लगतमा कायम रहेको ठेगानामा ईमेल मार्फत पठाईनेछ। कारणवस कुनै शेयरधनी महानुभावहरूले वार्षिक प्रतिवेदन समयमा नै प्राप्त गर्नु नभएको भएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.५, काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ।
३. वार्षिक साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरूलाई आफ्नो परिचय सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन। सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ। हाजिरी पुस्तिका बिहान ९:३० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.५, काठमाण्डौमा दर्ता गरिसक्नु पर्नेछ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ। उक्त दिन कम्पनी विदा हुन गएमा पनि उल्लिखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ।
६. शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ।
७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.५, काठमाण्डौ स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।
८. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरूले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेलः गउउभचयिजयचभाजथमचयरक्तवर्षीअक मा पठाउन सक्नु हुनेछ।
९. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूका तर्फबाट कम्पनीका शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
१०. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले शेयरधनी महानुभावहरू लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन्।
११. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.५, काठमाण्डौमा तथा यस कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेड चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौमा सम्पर्क राख्नु होला।

गर्जाङ उपत्यका हाइड्रो पावर लिमिटेड

विजुली बजार, थापागाउँ, काठमाडौं, फोन नं. ०१-५२४४३७७

बाह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०५)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/०९/०२ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको बाह्रौ वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान :

मिति : २०८२/०९/३० गते बुधवार (तदनुसार जनवरी १४ ,२०२६)
समय : बिहान ११:०० बजे
स्थान : श्री होटेल भादगाउँ एण्ड रिसोर्ट पब्लिक लिमिटेड, बाराहिस्थान -०४, भक्तपुर।

(ख) वार्षिक साधारण सभाको लागि छलफलको विषयहरू :

सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखा परिक्षकको प्रतिवेदन सहित आ.व.२०८१/८२ को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह लगायतका वित्तिय विवरणहरू) माथि छलफल र पारित गर्ने।
३. संचालक समितिको बैठकबाट नियुक्त गरेको संचालकहरूको अनुमोदन/चयन गर्ने।
४. कम्पनीको आ.व.२०८२।८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
५. संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरू अनुमोदन गर्ने।
६. विविध।

विशेष प्रस्ताव

१. प्रवन्धपत्र तथा नियमावली संशोधन वा परिमार्जन गर्नु परेमा संचालक समितिलाई अख्तियारी दिने।
२. सर्वसाधारणलाई प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) जारी गर्ने र सो निष्काशनबाट प्राप्त पूँजीको उपयोग सम्बन्धमा।
३. विविध।

कम्पनी सचिव
गर्जाङ उपत्यका हाइड्रोपावर लि.

नबिल बैंक लिमिटेड, कुमारीपाटी शाखा, ललितपुरको कर्जा सुचना केन्द्र लि. को कालोसूचिमा समावेश गरिने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मिति : २०८२/०९/०९)

यस नबिल बैंक लि. (यसपछि बैंक भनिएको) का ऋणी **शैलुङ्ग इन्टरप्राईजेज प्रा.लि.** बैंकबाट यसअघि ऋणकर्जा उपभोग गरी कर्जा कारोबार गर्दाका बखत बैंकसँग गर्नु भएको कर्जाको सम्झौता, करार, शर्तवन्देजहरुको उल्लंघन/बर्खिलाप गरी बैंकको कर्जा निर्धारित भाखा अवधिभित्रै निर्धारित तरिकाले नतिरेकोले निज ऋणी कम्पनी, यसका सञ्चालक/शेयर धनीहरु क्रमशः ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ८ बस्ने मोदनाथ अधिकारीको नाति शारदा प्रसाद अधिकारीको छोरा **निकेश अधिकारी** (ना.प्र.नं. २८-०१-७२-००३८०, जारी मिति २०७२/०२/१८, जिल्ला प्रशासन कार्यालय, ललितपुर) र गोपीलाल श्रेष्ठको नाति सीताराम श्रेष्ठको छोरा नुवाकोट जिल्ला थान्सिङ्ग गा.वि.स. वडा नं. ५ (हाल लिखु गाउँपालिका वडा नं. ५) ठेगाना भएका **लक्ष्मण श्रेष्ठ** (ना.प्र.नं. १०४२२९, जारी मिति २०६२/८/६, जिल्ला प्रशासन कार्यालय, नुवाकोट) लाई यस बैंकबाट सिफारिश गरिए अनुसार कर्जा सूचना केन्द्र लि. द्वारा कालोसूचि नम्बर १६९१५७, मिति २०८२/०१/२८ मा कालोसूचिमा समावेश भई सकेको अवस्था विद्यमान रहेको छ। यसरी निज ऋणी **शैलुङ्ग इन्टरप्राईजेज प्रा.लि. का माथि उल्लिखित सञ्चालक/शेयरधनी निज** लक्ष्मण श्रेष्ठ (ना.प्र.नं. १०४२२९, जारी मिति २०६२/८/६, जिल्ला प्रशासन कार्यालय, नुवाकोट) यसअघि नै कर्जा सूचना केन्द्र लि. **कालो सूचिमा** परिसकेको अवस्था विद्यमान रहेको छ। त्यसै गरी कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा मिति २०७६/१०/६ मा दर्ता नं.:२३२७६८/०७६/०७७ अर्न्तगत दर्ता भई काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ६ मा कार्यालय रहेको **ब्राभोस आउटसोर्सिङ्ग प्रा. लि.** नामक कम्पनीमा निजै लक्ष्मण श्रेष्ठको एकल अर्थात् शतप्रतिशत शेयर स्वामित्व रहेको तथा तपाईं लक्ष्मण श्रेष्ठले शैलुङ्ग इन्टरप्राईजेज प्रा. लि. ले कर्जा उपभोग गर्दाका बखत व्यक्तिगत जमानीकर्ताको हैसियतमा समेत रहनु भएको तथा शैलुङ्ग इन्टरप्राईजेज प्रा.लि. को कर्जा कारोबारको क्रममा यसअघि नै **कालो सूचिमा** परिसकेको परिस्थितिमा श्री नेपाल राष्ट्र बैंकबाट "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को इ.प्रा. निर्देशन नं. १२/०८१ को बुँदा नं. ९ को उप-बुँदा (३) को खण्ड (ज) मा कालोसूचिमा परेको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको अन्य कुनै फर्म/कम्पनी/संगठित संस्थामा व्यक्तिगत वा संस्थागत रुपमा पन्ध्र प्रतिशत वा सोभन्दा बढी शेयर स्वामित्व भएमा त्यस्तो फर्म/कम्पनी/संगठित संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुख समेत कालोसूचिमा समावेश हुने पक्ष भनी प्रष्ट रुपमा परिभाषित गरिएको व्यहोरा सम्बन्धित सबैमा यसै सूचना मार्फत् जानकारी गराउँदछौं। तसर्थ, नेपाल राष्ट्र बैंकबाट जारी भएको उक्त एकीकृत निर्देशन, २०८१ को इ.प्रा. निर्देशन नं. १२/०८१ को बुँदा नं. ९ को उप-बुँदा (३) को खण्ड (ज) तथा बुँदा नं. ११ को उद्देश्य तथा प्रयोजनकोलागि यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

उद्योग दर्ता र खारेजीको संख्या उस्तै



रामेछापमा **दीपक भट्ट**

रामेछापमा नयाँ उद्योग दर्ता र पुराना खारेजीको संख्या उस्तै रहेको उद्योग तथा वाणिज्य कार्यालयले जनाएको छ। चालू आर्थिक वर्ष ०८२/८३ को कात्तिक मसान्तसम्म ३२ नयाँ उद्योग-व्यवसाय दर्ता भएका र १४ पुराना उद्योगको दर्ता खारेजी भएको कार्यालयले जनाएको छ। त्यस्तै, वाणिज्य व्यापारतर्फ १० वटा नयाँ फर्म दर्ता भएकामा पुराना दशवटा फर्म खारेजी भएको कार्यालय प्रमुख खेमराज अधिकारीले जानकारी दिए।

'पछिल्लो समय रामेछापमा उद्योग दर्ता गर्ने र खारेजी गर्नेको संख्या बराबरी जस्तै भएको छ। यद्यपि, संघीयता कार्यान्वयनमा आएपछि जिल्लास्तरमा उद्योग-व्यवसाय दर्ता गर्नेको संख्या बढेको छ,' उनले भने। सरकारी अनुदान लिन नयाँ फर्म दर्ता गर्नेहरूको संख्या बढेको र विदेश जानेहरूले लगानी देखाउनका लागि खोलेका फर्महरू विदेश पुगेपछि खारेजी गर्ने दर बढेको उनको भनाइ छ।

सहुलियत ऋण लिनका लागि पनि अनिवार्य रूपमा व्यवसाय गरेको हुनैपर्ने प्रावधान राखेपछि बाध्य भएर उद्योग दर्ता गर्नुपरेको मन्थली नगरपालिका-१३, फुलासीकी मनमाया खड्काले बताइन्। पछिल्लो समय रामेछापमा कोभिडको महामारीपछि धेरै व्यवसायीहरू पलाएन पनि भएका छन्।

नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडको पाँचौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/९/९

नेपाल डिजिटल पेमेन्ट्स् कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०९/०७ गतेको निर्णयानुसार देहायका विषयहरूमा छलफल गर्न निम्न लिखित मिति, समय तथा स्थानमा पाँचौं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध गर्दछु।

सभाको विषय सूची

(क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पाँचौं वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।
२. आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूची उपर छलफल गरी पारित गर्ने।
३. आ.व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने।
४. संस्थापक संस्थाहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधीत्व गर्नुहुने सञ्चालकहरूमा भएको परिवर्तनको अनुमोदन गर्ने।
५. विविध।

(ख) विशेष प्रस्ताव

१. कुनै विशेष प्रस्ताव नरहेको।

सभाको मिति, समय तथा स्थान

मिति : २०८२/०९/२९, मंगलवार
समय : बिहान ११:०० बजे
स्थान : नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, भद्रकाली प्लाजा, काठमाडौं

आज्ञाले,
अर्जुन सिग्देल
सचिव, सञ्चालक समिति
नेपाल डिजिटल पेमेन्ट्स कं. लि.

नबिललाई युरोमनी ट्रान्जेक्सन बैंकिङ अवार्ड



काठमाडौं/ नबिल बैंकले युरोमनी ट्रान्जेक्सन बैंकिङ अवार्ड-२०२५ अन्तर्गत नेपालको 'बेस्ट ट्रान्जेक्सन बैंक अवार्ड' प्राप्त गरेको छ। ट्रान्जेक्सन बैंकिङ क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको प्रविधिमैत्री र ग्राहककेन्द्रित सेवा प्रवाह दिएको भन्दै बैंकले उक्त अवार्ड प्राप्त गरेको हो। बैंकले व्यक्तिगत, संस्थागत, एसएमई ग्राहकका लागि उपलब्ध गराएको प्रभावकारी ट्रान्जेक्सन बैंकिङका डिजिटल भुक्तानी सेवा तथा सुविधाका लागि उक्त अवार्ड प्रदान गरिएको बताइएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले यो अवार्डबाट नबिल बैंक सम्मानित हुनु गर्वको विषय भएको बताए। विश्वभर बैंकिङ तथा वित्तीय क्षेत्रको मूल्यांकन गर्ने युरोमनी अवार्डलाई विश्वसनीय र सम्मानित अवार्डका रूपमा लिइन्छ। यस अवार्डमार्फत सेवा उत्कृष्टता, नवप्रवर्तन, रणनीतिक स्पष्टता र ग्राहक अनुभवमा अग्रणी संस्थाहरूलाई सम्मान गरिन्छ। सन् १९९२ मा स्थापना गरिएको यो अवार्ड विश्व बैंकिङ क्षेत्रमा सुरु गरिएको पहिलो अवार्ड हो। जसले बैंकको गुणस्तरीय सेवा, सिर्जनात्मकता र ग्राहकप्रतिको विशेषज्ञतालाई सम्मानित गर्छ। यो अवार्ड विश्वका सयवटा देशमा सञ्चालन हुँदै आएको छ।

ग्लोबलले पुष्पखेतीका लागि कर्जा प्रवाह गर्ने

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेड र फ्लोरिकल्चर एसोसिएसन नेपालबिच सम्झौता भएको छ। पुष्पखेती तथा आलंकारिक सौन्दर्यीकरण बाली उत्पादनमा हरितगृह प्रविधिको प्रयोग र सोका लागि सहज कर्जा प्रणालीको विकास गर्नेसम्बन्धी सम्झौता भएको हो। सम्झौतापत्रमा बैंकका इन्फ्रास्ट्रक्चर तथा प्रोजेक्ट फाइनान्सिङ प्रमुख असीम कर्माचार्य र फ्लोरिकल्चर एसोसिएसन नेपालका अध्यक्ष राजेशभक्त श्रेष्ठले हस्ताक्षर गरे।



यससँगै बैंकले पुष्प व्यवसायी वा कृषकलक्षित विशेष हरितगृह कर्जा प्रवाह गर्नेछ। साथै, फ्लोरिकल्चर एसोसिएसन नेपालले आफ्नो सदस्यलाई बैंकको कृषि कर्जा योजनाबारे जानकारी प्रदान गर्नेछ। यसबाट व्यवसायी तथा कृषकको पुष्प उत्पादन र उत्पादकत्व वृद्धि, हरितगृह प्रविधिहरूको प्रवर्द्धन, गुणस्तरीय पूर्वाधार विकास र सेवा अभिवृद्धिमा सहयोग पुग्ने बताइएको छ।

साथै, यस सहकार्यले जलवायुअनुकूल अभ्यास, दिगो व्यवसाय र आधुनिक प्रविधिलाई आत्मसात् गर्न पुष्प व्यवसायी तथा कृषकलाई उत्प्रेरित गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

बैंक र एसोसिएसनबिचको सहकार्यले हरितगृह प्रविधिमा लगानी गर्न पुष्प व्यवसायी तथा उद्यमीलाई प्रोत्साहित गर्ने छ।

साथै वित्तीय पहुँच विस्तारका साथै फूल उत्पादन तथा अलंकारिक बोटबिरुवाको उत्पादन र उत्पादकत्व वृद्धि हुने विश्वास रहेको छ।

एनएमबि बैंकलाई 'डिजिटल सर्भिसेज आइसिटी अवार्ड'



काठमाडौं/ एनएमबि बैंक लिमिटेडले 'डिजिटल सर्भिसेज आइसिटी अवार्ड-२०२५' (इन्टरप्राइज क्षेत्र) प्राप्त गरेको छ। बैंकले डिजिटल रूपान्तरणमार्फत उत्कृष्ट सेवा प्रवाह गरेबापत यो अवार्ड पाएको हो। डिजिटल प्रविधिको प्रयोग गरी सार्वजनिक सेवालाई थप सहज, प्रभावकारी र पहुँचयोग्य बनाउने संस्थाले उक्त अवार्ड पाउँछन्।

बैंकले नयाँ डिजिटल माध्यममार्फत आफ्ना सेवालाई ग्राहकमैत्री बनाएका आधारमा यो सम्मान प्राप्त गरेको बताइएको छ। यस उपलब्धिले बैंकको डिजिटल प्रवर्द्धन र ग्राहककेन्द्रित सेवालाई प्रतिबिम्बित गर्छ।

सांग्रिलाको १०.३५% लाभांश पारित

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफ्नो २१औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। सोमबार सम्पन्न सभाले गत आवको नाफाबाट सेयरधनीलाई कुल १०.३५८३ प्रतिशत लाभांश वितरण गर्ने सञ्चालक समितिको प्रस्ताव पारित गरेको छ। बैंकले चुक्ता पुँजीको ५.३५ प्रतिशत नगद (करसहित) लाभांश तथा पाँच प्रतिशत बोनस सेयर वितरणको घोषणा गरेको थियो।

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

स्टार मल, चौथो तल्ला, पुतलीसडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५
Email : liccorporate@licnepal.com.np

२४औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०९/०९

श्री शेयरधनी महानुभावहरु,

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको मिति २०८२/०९/०८ गते बसेको संचालक समितिको १४७ औं बैठकको निर्णय अनुसार निम्न लिखित मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरी पारित गर्नका लागि यस कम्पनीको २४ औं साधारण सभा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान

मिति : २०८२ साल पौष ३० गते बुधवार (तदअनुसार १४ जनावरी, २०२६)
समय : बिहान ११:१५ बजेबाट शुरु।
स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।

छलफलका विषयहरू

(क) साधारण प्रस्तावहरु :

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०८१/८२ प्रस्तुत गरी अनुमोदन गर्ने।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने।
(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने। (कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम वहालवाला लेखापरीक्षक श्री के.जे. एशोशिएट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)
(४) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रू. ५,५०,००,००,०००/- को २१.०५२६ प्रतिशत (२० प्रतिशत नगद लाभांश रू. १,१०,००,००,०००/- र १.०५२६ प्रतिशत कर प्रयोजन समेतको लागि रू. ५,७८,९४,७३७) को दरले हुने कूल रु. १,१५,७८,९४,७३७/- नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
(५) संस्थापक शेयरधनीको तर्फबाट नियुक्त सञ्चालकहरू एवं स्वतन्त्र संचालकको नियुक्तिलाई अनुमोदन गर्ने।

(ख) विशेष प्रस्तावहरु :

(१) संचालक समितिका अध्यक्ष र सदस्यहरुको बैठक भत्ता वृद्धि गर्ने प्रस्ताव पारित गर्ने।
(२) कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ग) बमोजिम आ.व. २०८१/८२ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चको अनुमोदन गर्ने।
(ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु।

साधारण सभा सम्बन्धी थप जानकारी

१. साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि आफ्नो आधिकारिक परिचयपत्र सहित शेयरधनी नंबर वा अभौतिकरण गरिसकेको शेयरको हकमा BOID (हितग्राही परिचय नंबर) साथमा लिई आउनु हुन अनुरोध छ।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजीरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान १०:१५ बजे देखि खुल्ला रहनेछ।
३. यस साधारण सभा प्रयोजनका लागि बीमकको शेयरधनी दर्ता पूस्तिका मिति २०८२ पौष १७ गते एक दिन बन्द रहनेछ। मिति २०८२ पौष १६ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई नियमानुसारको अवधि भित्र यस बीमकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट एण्ड बैंकिङ्ग लि.ले प्राप्त शेयर नामसारीको लिखत विवरणको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरू मात्र साधारण सभामा भाग लिन योग्य हुनेछन्।
४. नाबालक वा होस ठेगानमा नरहेको शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न र प्रतिनिधि नियुक्त गर्न समेत सक्नेछन्। शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ। संयुक्त रुपमा शेयर खरिद गर्ने शेयरधनीको हकमा शेयर लगतमा जसको नाम पहिला उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त शेयरधनीको सर्वसहमतिबाट आफूहरूमध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नु हुनेछ।
५. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी ऐनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बीमकको कर्पोरेट कार्यालय, स्टार मल, पुतलीसडकमा कार्यालय समयमा दर्ता गरी सक्नु पर्नेछ। बीमकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ। तर, प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले आफुले अगाडि दिएको प्रतिनिधी (प्रोक्सी) बदर गरेको स्पष्ट उल्लेख गरी निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् यस्तो अवस्थामा अधिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई तोकिएको समय भित्र हाजिरी किताबमा दस्तखत गरी सभामा भाग लिएमा अगाडि दिएको प्रोक्सी स्वतः बदर भएको मानिनेछ।
७. यस बीमकको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले यस बीमकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ। त्यसरी प्रतिनिधी (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन्।
८. छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत लिखितरुपमा सञ्चालक समितिको अध्यक्षलाई जानकारी दिनुपर्नेछ।
९. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले उत्तर दिइनेछ।

द्रष्टव्य : कम्पनीको संक्षिप्त वार्षिक आर्थिक विवरण यसै सुचना साथ प्रकाशित गरिएको व्यहोरा जानकारी गराउँदछौं। कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको कर्पोरेट कार्यालय, स्टारमल, (चौथों तल्ला) पुतलीसडक, काठमाडौंमा वा साधारण सभा स्थलबाट शेयरधनी महानुभावहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाईने छ। साथै साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरू यस कम्पनीको वेवसाइटमा पनि राखिने हुँदा त्यहाँबाट समेत हेर्न तथा प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

Statement of Financial Position
As At 16th July, 2025 (Ashad End 2082)

Fig in NPR

Particulars	Current Year	Previous Year
Assets		
Goodwill & Intangible Assets	48,600	97,200
Property and Equipment	392,420,903	424,229,330
Investment Properties	-	-
Deferred Tax Assets	-	-
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investments	117,340,391,062	100,302,577,745
Loans	21,409,869,606	22,213,684,173
Reinsurance Assets	-	-
Current Tax Assets	179,358,463	276,532,369
Insurance Receivables	18,883,296	28,942,871
Other Assets	1,016,951,176	8,236,838
Other Financial Assets	3,408,799,099	3,269,414,425
Cash and Cash Equivalent	2,060,047,872	1,857,624,512
Total Assets	**145,826,770,077**	**128,381,339,463**
Equity & Liabilities		
Equity		
Share Capital	5,500,000,000	2,653,200,000
Share Application Money Pending Allotment	-	-
Share Premium	498,012,562	61,151,801
Catastrophe Reserves	732,976,827	654,081,882
Retained Earnings	3,452,279,690	3,163,905,167
Other Equity	394,157,144	333,618,407
Non Controlling Interest	-	-
Total Equity	**10,577,426,223**	**6,865,957,257**
Liabilities		
Provisions	167,555,959	98,835,270
Gross Insurance Contract Liabilities	133,632,472,759	119,633,798,005
Deferred Tax Liabilities	56,565,302	18,450,239
Insurance Payable	54,254,357	85,613,711
Current Tax Liabilities		-
Borrowings	-	-
Other Liabilities	463,346,812	593,165,793
Other Financial Liabilities	875,148,665	1,085,519,188
Total Liabilities	**135,249,343,854**	**121,515,382,207**
Total Equity and Liabilities	**145,826,770,077**	**128,381,339,463**

Statement of Profit or Loss
For Period 16th July, 2024 - 16th July, 2025 (For the Year Ended Ashad, 2082)

Fig in NPR

Particulars	Current Year	Previous Year
Income:		
Gross Earned Premiums	19,938,305,489	18,107,497,178
Premiums Ceded	108,264,817	112,085,568
Net Earned Premiums	19,830,040,672	17,995,411,610
Commission Income	14,027,238	14,912,567
Other Direct Income	278,496,240	240,125,879
Interest Income on Loan to Policyholders	2,404,983,130	2,371,230,553
Income from Investments and Loans	9,767,591,549	9,349,529,759
Net Gain/(Loss) on Fair Value Changes	-	-
Net Realised Gains/(Losses)	-	-
Other Income	70,996	150,882
Total Income	**32,295,209,825**	**29,971,361,250**
Expenses:		
Gross Benefits and Claims Paid	12,590,237,194	10,891,832,451
Claims Ceded	38,889,907	34,884,996
Gross Change in Contract Liabilities	13,743,657,384	13,222,208,131
Change in Contract Liabities Ceded to Reinsurers	-	-
Net Benefits and Claims Paid	**26,295,004,671**	**24,079,155,586**
Commission Expenses	1,477,418,120	1,394,226,097
Service Fees	148,725,305	134,965,587
Other Direct expenses	-	-
Employee Benefits Expenses	502,317,936	472,423,651
Depreciation and Amortization Expenses	55,072,895	54,296,035
Impairment Losses	-	-
Other Operating Expenses	577,519,288	558,358,222
Finance Cost	19,285,859	20,546,728
Total Expenses	**29,075,344,074**	**26,713,971,906**
Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax	**3,219,865,751**	**3,257,389,344**
Share of Net Profit of Associates accounted using Equity Method	-	-
Profit Before Tax	**3,219,865,751**	**3,257,389,344**
Income Tax Expense	2,382,532,585	2,427,782,159
Net Profit/(Loss) For The Year	**837,333,165**	**829,607,185**
Earning Per Share		
Basic EPS	15.45	15.75
Diluted EPS	15.45	15.75
*** The EPS for the previous year have been restated.**		

Statement of Other Comprehensive Income
For Period 16th July, 2024 - 16th July, 2025 (For the Year Ended Ashad, 2082)

Fig in NPR

Particulars	Current Year	Previous Year
Net Profit/(Loss) For the Year	**837,333,165**	**829,607,185**
Other Comprehensive Income		
a) Items that are or may be Reclassified to Profit or Loss		
Changes in Fair Value of FVOCI Debt Instruments		
Exchange differences on translation of Foreign Operation		
Share of other comprehensive income of associates accounted for using the equity method	-	-
Income Tax Relating to Above Items		
Reclassified to Profit or Loss		
b) Items that will not be Reclassified to Profit or Loss		
Changes in fair value of FVOCI Equity Instruments	377,803,512	200,478,249
Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets		
Remeasurement of Post-Employment Benefit Obligations	(31,808,370)	(25,407,131)
Share of other comprehensive income of associates accounted for using the equity method		
Income Tax Relating to Above Items	(86,498,786)	(43,767,779)
Total Other Comprehensive Income For the Year, Net of Tax	**259,496,357**	**131,303,338**
Total Comprehensive Income For the Year, Net of Tax	**1,096,829,522**	**960,910,523**

STATEMENT OF CHANGES IN EQUITY
For Period 16th July, 2024 - 16th July, 2025 (For the Year Ended Ashad, 2082)

Fig in NPR

Particulars	Ordinary Share Capital	Preference Shares	Share Application Money Pending Allotment	Share Premium	Retained Earnings	Revaluation Reserves	Capital Reserves	Catastrophe Reserve	Corporate Social Responsibility (CSR) Reserves	Insurance Fund	Fair Value Reserves	Actuarial Reserves	Deferred Tax Reserve	Regulatory Reserves	Employee Training Reserve	Total
Restated Balance as at Shrawan 1, 2081	**2,653,200,000**	-	-	**61,151,801**	**3,163,905,166**	-	-	**654,081,882**	**23,694,644**	-	**7,921,296**	**(30,631,472)**	**1,602,298**	**331,031,641**		**6,865,957,257**
Profit/(Loss) For the Year					837,333,165											837,333,165
Other Comprehensive Income for the Year, Net of Tax					-											-
i) Changes in Fair Value of FVOCI Debt Instruments																-
ii) Gains/ (Losses) on Cash Flow Hedge																-
iii) Exchange differences on translation of Foreign Operation																-
iv) Changes in fair value of FVOCI Equity Instruments											283,352,634					283,352,634
v) Revaluation of Property and Equipments/ Goodwill & Intangible Assets																-
vi) Remeasurement of Post-Employment Benefit Obligations												(23,856,278)				(23,856,278)
Transfer to Reserves/ Funds					(88,989,034)			78,894,944	7,889,494						2,204,596	-
Transfer to Deferred Tax Reserves					(49,065,661)								49,065,661			-
Transfer From Regulatory Reserve					-			-	-					-		-
Transfer of Depreciation on Revaluation of Property and Equipment																-
Transfer on Disposal of Revalued Property and Equipment																-
Transfer on Disposal of Equity Instruments Measured at FVTOCI					115,411,844											115,411,844
Transfer to Insurance Contract Liabilities											(255,017,371)					(255,017,371)
Share Issuance Costs																-
Others (Utilization of CSR Reserve)									(3,100,000)							(3,100,000)
Contribution by/ Distribution to the owners of the Company																-
i) Bonus Share Issued	500,000,000				(500,000,000)											-
ii) Share Issue (Right)	2,346,800,000			436,860,761												2,783,660,761
iii) Cash Dividend					(26,315,789)											(26,315,789)
iv) Dividend Distribution Tax																-
v) Others (To be specified)																-
Balance as on Ashadh end, 2082	**5,500,000,000**	-	-	**498,012,562**	**3,452,279,690**		-	**732,976,827**	**28,484,138**		**36,256,559**	**(54,487,749)**	**50,667,959**	**331,031,641**	**2,204,596**	**10,577,426,223**

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोट

नेपालले पहिलो खेल थाइल्यान्डविरुद्ध खेल्ने

पहिलोपटक ग्लोबल छनोटमा स्थान बनाएको नेपालले घरेलु मैदानमा अनुभवी राष्ट्रहरूसँग प्रतिस्पर्धा गर्ने

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले आसन्न आइसिसी टी-२० विश्वकपको ग्लोबल छनोटमा थाइल्यान्डविरुद्ध पहिलो खेल खेल्ने छ। आयोजक नेपाल क्रिकेट संघ (क्यान)ले मंगलबार ग्लोबल छनोटको खेल तालिका निकाल्दा नेपालले थाइल्यान्डसँग खेल्दै छनोटको यात्रा सुरु गर्नेछ। ग्लोबल छनोट प्रतियोगिता त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान, मूलपानीको माथिल्लो र तल्लो मैदानमा हुने क्यानका प्रवक्ता छुम्बी लामाले बताएका छन्।

यी तीनवटै मैदानमा सन् २०२६ को जनवरी १८ देखि २ फेब्रुअरीसम्म छनोट चल्नेछ। नेपाल, थाइल्यान्ड रहेको समूह 'बी' मा जिम्बावे, नेदरल्यान्ड्स र स्कटल्यान्ड छन्। समूह 'ए'मा बंगलादेश, आयरल्यान्ड, नामिबिया, पपुवा न्युगिनी र अमेरिका छन्। १० राष्ट्रको सहभागिता रहने प्रतियोगितामा दुवै समूहका शीर्ष तीन टोली सुपर सिक्समा पुग्नेछन्। नेपालले १४ जनवरीमा आयरल्यान्डसँग तल्लो मूलपानी अभ्यास खेल खेल्नेछ। १६ जनवरीमा त्रिवि मैदानमा अमेरिकासँग नेपालको अभ्यास खेल तालिका रहेको क्यानले जनाएको छ।

अभ्यास खेलपछि ग्लोबल छनोट प्रतियोतिगा सुरु हुनेछ। १८ जनवरीमा थाइल्यान्ड, २२ जनवरीमा नेदरल्यान्ड्स र २४ जनवरीमा जिम्बावेसँग नेपालको खेल तालिका रहेको छ। समूह चरणको अन्तिम खेलमा नेपालले २६ जनवरीमा स्कटल्यान्डविरुद्ध प्रतिस्पर्धा गर्ने छ। नेपालले महिला टी-२० विश्वकप छनोट पहिलोपटक आयोजना गर्न लागेको हो। क्यानले छनोटका लागि दोस्रो चरणका लागि २० सदस्यीय खेलाडी छनोट गरिसकेको छ। ग्लोबल छनोटमा शीर्ष चार टोलीले अर्को वर्ष आइसिसी महिला टी-२० विश्वकप खेल्नेछन्।

नेपाल पहिलोपटक ग्लोबल छनोटमा

गत मे महिनामा थाइल्यान्डमा एसियन क्षेत्रीय टी-२० विश्वकप छनोट भएको थियो। एसियन छनोटमा नौ राष्ट्रले प्रतिस्पर्धा गरेका थिए। यस छनोट प्रतियोगिताको शीर्ष दुई टोली ग्लोबल छनोटमा प्रवेश हुने प्रावधान थियो। प्रतियोगितामा आयोजक थाल्यान्ड, कुवेत, भुटान, युएई, मलेसिया, कतार, नेपाल, हङकङ र बहराइनले भाग लिएका थिए। नेपाल समूह 'सी'मा रहेको थियो। नेपालले राउन्ड रोविनअनुसार चलेको छनोट खेलमा चार खेलमा दुई जित र एक हारको सामना गरी पाँच अंक बटुलेको थियो।

नेपालको समूहमा हङकङले पनि समान पाँच अंक जोडेको थियो। तर, रनरेटमा नेपाल राम्रो रहँदा सुपर सिक्समा प्रवेश गऱ्यो। प्रत्येक समूहका शीर्ष टोलीले सुपर सिक्समा प्रतिस्पर्धा गरेका थिए। सुपर सिक्समा समूह 'ए' को विजेता थाइल्यान्ड, समूह 'बी' को विजेता युएई र समूह 'सी' को विजेता नेपालबिच सुपर सिक्स खेल भएको थियो। थाइल्यान्डले ६ खेलमा चार जित निकाली सर्वाधिक १० अंक र नेपालले तीन जित र दुई हार सामना गरी सात अंक जोडेको थियो। युएई शीर्षमा रहँदै ग्लोबल छनोटमा स्थान पक्का गऱ्यो। नेपाल उपविजेता रहँदै पहिलोपटक ग्लोबल छनोटमा पुगेको थियो। युएईले ६ अंक मात्र बनायो। सुपर सिक्समा नेपालले युएईमाथि पाँच विकेटको जित निकाली अन्तिम दुई स्थान सुरक्षित गरेको हो।



फाइल तस्बिर

नेपालको खेल

४ माघ
थाइल्यान्ड माथिल्लो मूलपानी मैदान

८ माघ
नेदरल्यान्ड्स माथिल्लो मूलपानी मैदान

१० माघ
जिम्बावे त्रिवि क्रिकेट मैदान

१२ माघ
स्कटल्यान्ड त्रिवि क्रिकेट मैदान

टी-२० आइसिसी महिला वरीयता

स्थान	राष्ट्र	रेटिङ
१२	जिम्बावे	२००
१३	नेदरल्यान्ड्स	१८२
१४	स्कटल्यान्ड	१८२
१७	नेपाल	१७६
५८	थाइल्यान्ड	४२

यस्ता छन् नेपालका प्रतिद्वन्द्वी



नेदरल्यान्ड्स

सन् २००८ मै नेदरल्यान्ड्सले आइसिसीको टेस्ट मान्यता प्राप्त गरेको थियो। नेपालको प्रतिद्वन्द्वी नेदरल्यान्ड्सले अहिले ९९ टी-२० आई खेलेको छ। ४६ जित र ४७ हार नतिजा निकालेको नेदरल्यान्ड्सले यसअघि तीन पटक आइसिसी टी-२० विश्वकप ग्लोबल छनोटमा स्थान बनाएको थियो। सन् २०१३ मा नेदरल्यान्ड्सले चौथो स्थान रक्षा गरेको थियो। उसले सन् २००८ मा पहिलोपटक वेस्ट इन्डिजसँग टी-२० आइ खेलेको थियो।

स्कटल्यान्ड

सन् १९९४ मा स्कटल्यान्ड आइसिसीको सदस्य बनेको थियो। नेपालको प्रतिद्वन्द्वी स्कटल्यान्डले अहिलेसम्म टी-२० महिला विश्वकपको ग्लोबल छनोटमा तीनपटक सहभागिता जनाएको छ। सन् स्कटल्यान्डले सन् २०१८ को छनोटमा संस्करणमा तेस्रो स्थान रक्षा गरेको थियो। अहिलेसम्म उसले ७३ टी-२० आईमा ४३ जित र २९ हारको सामना गरेको छ। यस वर्ष स्कटल्यान्डले १० मध्ये आठ खेलमा जित र दुईमा हार व्होरेको छ।

थाइल्यान्ड

नेपालले एसियन छनोटमा कडा चुनौति सामना गरेको थाइल्यान्डले एकपटक टी-२० महिला विश्वकप खेलेको छ। सन् २०२० मा थाइल्यान्डले पहिलोपटक विश्वकप स्थान रक्षा गरेको थियो। थाइल्यान्डले अहिलेसम्म पाँचपटक विश्वकप ग्लोबल छनोटमा स्थान बनाएको छ। सन् २०१९ मा ग्लोबल छनोटमा दोस्रो स्थान रक्षा गर्दै विश्वकपमा स्थान सुरक्षित गरेको थाइल्यान्डले १२३ टी-२० आई खेलेको छ। जसमा ८३ जित र ३८ हार सामना गरेको छ।

जिम्बावे

नेपालको समूहमा रहेको जिम्बावेले सन् २००६ मा अन्तर्राष्ट्रिय डेब्यु गरेको थियो। जिम्बावेले अहिलेसम्म तीपटक ग्लोबल छनोटमा स्थान बनाएको छ। सन् २००८ मा जिम्बावेले ग्लोबल छनोटको पाँचौं स्थानमा रहेको थियो। सन् २०१५ को छनोटमा थोरै रनरेटले पछि पर्दा जिम्बावेले विश्वकप गुमाएको थियो। जिम्बावेले अहिलेसम्म ८२ टी-२० आईमा ५५ जित र २६ हार सामना गरेको छ।

खेल संक्षेप

बोल्ट्स कपमा जेम्सको वर्चस्व

काठमाडौं/ तेस्रो जेम्स थन्डर बोल्ट्स कपअन्तर्गत टेनिस विधामा जेम्स स्कुलका रोनिथ प्रधानले यू-१२ छात्रमा उपाधि हात पारेका छन्। प्रधानले फाइनलमा जेम्सकै आरोहनराज श्रेष्ठलाई हराएका थिए। यू-१२ छात्रा एकलमा गोदावरी रेसिडेन्सियल स्कुलकी काव्या थापा मगरले उपाधि भिडन्तमा जेम्स स्कुलकी परिधि घिमिरे थापालाई हराइन्। यू-१४ छात्रा एकल विधातर्फ जेम्स स्कुलकी शायना आचार्यले पहिलो भइन्। उनले फाइनलमा जेम्सकी निधि न्यौपानेमाथि सहज जित निकालेकी थिइन्। टेनिसको यू-१८ छात्रा एकल विधातर्फ जेम्स स्कुलकी निभा श्रेष्ठले उपाधि भिडन्तमा जेम्स स्कुलकै अनुष्का पुनलाई निराश पारिन्। यसैगरी, फुटबलको यू-१२ छात्रतर्फ डिएभी स्कुलले तेस्रो स्थान हात पारेकोछ। डिएभीले पाठशाला फाउन्डेसनलाई पेनाल्टीमा ३-१ ले हरायो। सोही स्पर्धाको यू-१६ छात्रमा भिएस निकेतन स्कुलले पाठशाला फाउन्डेसनलाई २-० ले पराजित गरी तेस्रो स्थान हासिल गऱ्यो।

हाप्किडोको राष्ट्रिय सेमिनार डडेल्धुरामा

काठमाडौं/ सुदूरपश्चिम प्रदेश हाप्किडो संघको आयोजनामा राष्ट्रियस्तरीय हाप्किडो कौशल विकास सेमिनार १७ देखि १९ पुससम्म अलिताल गाउँपालिका, डडेल्धुरामा हुने भएको छ। सेमिनारको उद्देश्य हाप्किडो प्रशिक्षक तथा अभ्यासकर्तालाई स्तरीय प्रशिक्षण दिलाउनु रहेको आयोजकले जनाएको छ। सेमिनारमा हाप्किडोका विभिन्न विधा, आत्मरक्षा प्रविधि, शारीरिक तथा मानसिक तयारीको प्रशिक्षण हुनेछ। सुदूरपश्चिम प्रदेश हाप्किडो संघका प्रमुख प्रशिक्षक राजेन्द्र मडैले सेमिनारले राष्ट्रियस्तरीय हाप्किडो खेलको स्तर उकास्नुमा सहयोग पुग्ने बताए। उनले सेमिनारबाट नयाँ प्रतिभाको खोजी र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

जोर्डन कपको सेमिफाइनलमा इत्तिहाद

काठमाडौं/ नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी मिडफिल्डर प्रीति राई सम्मिलित इत्तिहाद जोर्डन कपको सेमिफाइनलमा पुगेको छ। इत्तिहाद रंगशालामा सोमबार राति भएको खेलमा इत्तिहादले अम्मान एफसीलाई २-२ गोलको बराबरी खेल्दै अन्तिम चार स्थान पक्का गरेको हो। खेलको सातौं मिनेटमा इत्तिहादले १-० का अग्रता लियो। खेलको अन्त्यमा अम्मान एफसीले दुई गोल फर्काउँदै खेल बराबरीमा ल्यायो। प्रतिस्पर्धामा प्रीति पहिलो रोजाइमा खेलेकी थिइन्। नतिजासँगै इत्तिहादले समूह चरण सात अंकसहित सेमिफाइनलमा स्थान बनाएको हो। अब इत्तिहादले सेमिफाइनलमा दोस्रो समूहको शीर्ष टोली इस्टक्लालसँग खेल्नेछ।

प्रथम मानाभरा कप १५ पुसदेखि

ताप्लेजुङ/ ताप्लेजुङको फक्ताङ्लुङ गाउँपालिकामा प्रथम मानाभरा कप पुरुष फुटबल प्रतियोगिता आयोजना हुने भएको छ। मानाभरा युथ स्पोर्टिङ क्लबको आयोजनामा प्रतियोगिता १५ देखि १९ पुससम्म सञ्चालन हुने भएको आयोजकले जनाएको छ। आयोजक क्लबका अध्यक्ष तुलसी दाहालले प्रतियोगितामा आठ टोलीको सहभागिता रहने जानकारी दिए। उद्घाटन खेलमा आयोजक मानाभरा युथले आठराई त्रिवेणी गाउँपालिकाको माछापोखरी हिटी फुटबल क्लबको सामना गर्नेछ। अध्यक्ष दाहालले सेमिफाइनलका दुवै खेल १८ पुस र १९ पुसमा फाइनल हुने बताए। प्रतियोगिताको विजेताले तीन लाख दुई हजार र उपविजेताले एक लाख ५२ हजार रुपैयाँ पाउनेछन्। प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीसहित विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई पुरस्कार प्रदान गरिने आयोजक क्लबका सचिव मौसम अन्छङ्बोले जानकारी दिए।

इन्डोनेसियाका प्रियान्दानाले लिए एकै ओभरमा पाँच विकेट

एजेन्सी

इन्डोनेसियाका फास्ट बलर प्रियान्दानाले अन्तर्राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा एकै ओभरमा पाँच विकेट लिँदै विश्व कीर्तिमान बनाएका छन्। इन्डोनेसियाले मंगलबार कम्बोडियाविरुद्धको पहिलो टी-२० आई खेल खेल्दा प्रियान्दानाले अविश्वसनीय रेकर्ड राखेका हुन्। पुरुष तथा महिला टी-२० आई खेलमा अहिलेसम्म एकै ओभरमा पाँच विकेट लिएको रेकर्ड छैन।

यसअघि एकै ओभरमा १४ पटक चार विकेट लिएको रेकर्ड छन्। यसमा सबैभन्दा चर्चित सन् २०१९ मा श्रीलंकाका लसिथ मलिंगाले न्युजिल्यान्डविरुद्ध सननसी रूपमा लगातार चार बलमा चार विकेट लिएका थिए। कम्बोडियाविरुद्ध प्रियान्दानाले इनिङ्सको १५औं ओभरमा कीर्तिमानी बलिङ गरेका थिए। उनले यस ओभरमा ह्याट्रिकसहित पाँच विकेट हात पारे। बालीको मैदानमा पहिलो ब्याटिङ गरेको इन्डोनेसियाले २० ओभरमा पाँच विकेट गुमाएर १६७ रन बनाएको थियो। प्रत्युत्तरमा कम्बोडिया १६ ओभरमा १०७ रनमा अलआउट हुँदा इन्डोनेसिया ६० रनले विजयी भयो।

१५औं ओभरमा कम्बोडिया धराशायी

इन्डोनेसियाले लक्ष्य रक्षा गरेको बलिङ इनिङ्सको १४औं ओभरसम्म कम्बोडिया राम्रो अवस्थामा थियो। १४ओभरको समाप्तिसम्म कम्बोडियाले १०६-५ को स्थिति बनाएको थियो। प्रियान्दानाले डेथ ओभरमा बलिङ गर्न आए। इन्डोनेसियाका कप्तान डानिल्सन हाबोएले उनलाई पहिलोपटक बलिङ गर्न लगाएका थिए। इनिङ्सको १५.१ ओभरमा प्रियान्दानाले अबर हुसेन, १५.२ ओभर र निर्माजित सिंह, १५.३ ओभरमा चन्थोएनलाई बोल्ड गर्दै ह्याट्रिक लिए। त्यसपछि उनले १५.४ ओभरमा डट फ्याँकेका थिए।

१५.५ ओभरमा मान्डारा सोकलाई क्याचआउट र १५.६ ओभरमा पेल भनाकलाई बोल्ड गर्दै प्रियान्दानाले एकै ओभरमा पाँच विकेटको विश्व कीर्तिमान राखेका हुन्। उनले आफ्नो एक ओभरमा पाँच विकेट लिँदा एक रन मात्र दिएका थिए। त्यो पनि वाइडका रूपमा थियो। उनकै घातक बलिङका कारण कम्बोडिया १०६-६ बाट १०७-१० को अवस्थामा अलआउट भयो।

म्यान अफ दी म्याच केसुमा

टी-२० आईमा एकै ओभरमा पाँच विकेट लिँदै विश्व रेकर्ड बनाएका प्रियान्दाना खेलमा म्यान अफ दी म्याच भएनन्। प्रतिस्पर्धामा इन्डोनेसियाका ओपनर धर्मा केसुमा म्यान अफ दी म्याच भए। उनले ६८ बलमा ६ छक्का र आठ चौका प्रहार गरी सर्वाधिक ११० रन बनाए। उनकै उत्कृष्ट ब्याटिङका कारण इन्डोनेसियाले कम्बोडियाविरुद्ध २० ओभरमा पाँच विकेट गुमाएर १६७ रन बनाएको थियो। कम्बोडियाको ब्याटिङमा सात ब्याट्सम्यान डकआउट भए। जसमा ६ जना गोल्डेन डक भए। कप्तान लुक्वमान बटले ३० बलमा चार छक्का र तीन चौका प्रहार गरी ४८ रन जोडेका थिए। ओपनर सह अबर हुसेनले ४८ बलमा समान दुई चौका र छक्का प्रहार गरी ३७ रन जोडेका थिए।



कम्बोडियाविरुद्धको पहिलो टी-२० आईमा प्रियान्दानाले १५औं ओभरमा पाँच विकेट लिँदै विश्व रेकर्ड बनाए। टी-२० आईमा पहिलोपटक एकै ओभरमा बलरले पाँच विकेट लिए।

नेपालको लक्ष्य विजेता बन्ने



काठमाडौं/ महिला राष्ट्रिय क्रिकेट टोलीका नवनियुक्त मुख्य प्रशिक्षक हर्षल पाठकले आसन्न टी-२० महिला विश्वकप ग्लोबल छनोटमा उत्कृष्ट प्रदर्शन गर्ने बताएका छन्। घरेलु टोली नेपालको लक्ष्य नै विजेता बन्ने रहेको उनले बताए। नेपाल क्रिकेट संघ (क्यान)ले मंगलबार पाठक र पत्रकारबिच परिचयात्मक कार्यक्रम राखेको थियो। सोही कार्यक्रममा पाठकले घरेलु टोलीले विजेता बन्ने लक्ष्यसहित चुनौती पेस गर्ने जनाए। 'नेपाल छनोट हुने सम्भावना उच्च छ। मैले नेपाली महिला क्रिकेट टोलीले विगतका वर्षभन्दा अहिले धेरै सुधार गरेको पाएँ,' पाठकले भने, 'नेपालमा समर्थकको संख्या धेरै छ। प्रशिक्षकका रूपमा नेपाल शतप्रतिशत छनोट हुने विश्वास व्यक्त गर्छु।' पाठक नेपाली महिला क्रिकेटकै पहिलो विदेशी प्रशिक्षक हुन्। क्यानले पाठकसँग दुई वर्षको सम्झौता गरेको छ।

प्लानिङ ब्वाइजमाथि एपिएफको कठिन जित

काठमाडौं/ नेपाल एपिएफ फुटबल क्लबले एन्फा यू-१६ युथ लिगमा प्लानिङ ब्वाइज युनाइटेडविरुद्ध ३-२ को संघर्षपूर्ण जित निकालेको छ। सातदोबाटोस्थित एन्फा मुख्यालयमा मंगलबार एपिएफलाई जित दिलाउन समर गोसाईंले दुई गोल र असिम खड्काले एक गोल गरे। प्लानिङ ब्वाइजका प्रशान्त तामाङ र ओम खड्काले समान एक गोल फर्काए। खेलको नवौं मिनेटमा समरले एपिएफलाई १-० को अग्रता दिलाए। खेलको २५औं मिनेटमा उनले एपिएफलाई २-० को स्थितिमा राखे।

खेलको २६औं मिनेटमा असिमले एपिएफलाई ३-० को बलियो स्थितिमा राखे। खेलको ३१औं मिनेटमा प्लानिङ ब्वाइजका लागि प्रशान्तले एक गोल फर्काए। खेलको ९० औं मिनेटमा ओमले प्लानिङ ब्वाइजलाई ३-२ को पुऱ्याए। जितसँगै एपिएफले ३८ अंक जोडेको छ। एपिएफले २४ खेल खेल्दा ११ जित, पाँच बराबरी र आठ हार निकालेको छ। प्लानिङ ब्वाइजले ११ अंक जोडेको छ। अर्को खेलमा फ्रेन्ड्स क्लबले मनाङ मर्स्याङ्दीलाई २-१ ले हरायो।

फ्रेन्ड्सलाई जित दिलाउन सयल परियार र सुजन विकले समान एक गोल गरे। मनाङका प्रकाशबहादुर बुढाले एक गोल फर्काएका थिए। खेलको २०औं मिनेटमा सयलले फ्रेन्ड्सलाई १-० को अग्रता दिलाए। खेलको ८२औं मिनेटमा सुजनले फ्रेन्ड्सलाई २-० को स्थितिमा राखे। खेलको अन्तिम इन्जुरी समयमा मनाङका प्रकाशले गोल गर्दै टोलीलाई १-२ को स्थितिमा फर्काए। तर, उनको गोल मनाङका लागि खेलमा फर्कन पर्याप्त भएन।

सातदोबाटोले भित्र्यायो समीर र फोफानालाई

नयाँ पत्रिका


सातदोबाटो युथ क्लबले राष्ट्रिय लिग फुटबल प्रतियोगिताका लागि दुई खेलाडी अनुबन्ध गरेको छ। सातदोबाटोले नेपाली राष्ट्रिय फुटबल टोलीका सदस्य समीर तामाङ र विदेशी खेलाडीमा फाडे फोफानालाई भित्र्याएको सामाजिक सञ्जालबाट जानकारी गराएको हो। अखिल नेपाल फुटबल संघ (एन्फा)ले राष्ट्रिय लिग आयोजना गर्दै छ।

२५ पुसदेखि सुरु हुने राष्ट्रिय लिगमा १६ टोलीले प्रतिस्पर्धा गर्ने एन्फाले जनाएको छ। लिगकै तयारीकै सिलसिलामा सातदोबाटो युथले फिनिसिङ लाइन बलियो बनाउन समीर र फाडेलाई अनुबन्ध गरेको हो। समीरले पछिल्लोपटक सहिद स्मारक 'बी' डिभिजन लिगमा प्लानिङ ब्वाइज युनाइटेडबाट प्रतिस्पर्धा गरेका थिए। उनले सन् २०२३ मा भएको साफ यू-१९ र सन् २०२४ मा साफ यू-२० च्याम्पियनसिपमा नेपालबाट प्रतिनिधित्व गरेका थिए।

समग्रमा उमेर समूहको साफ च्याम्पियनसिपमा उनले तीन गोल गरेका छन्। सन् २०२४ उनले पहिलोपटक राष्ट्रिय फुटबल टोलीमा डेब्यु गरेका थिए। सन् २०२६ को फिफा विश्वकपअन्तर्गत एसियन छनोटमा उनले बहराइनसँगको खेलमा डेब्यु अवसर पाएका थिए। फिफाको मान्यता नपाएको मैत्रीपूर्ण खेलमा उनले मलेसियाविरुद्धको खेलमा एक गोल गरे। नेपाल मलेसियासँग ५-१ ले पराजित भएको खेलमा उनले एक गोल गरेका हुन्। समीरले पछिल्लोपटक घरेलु प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै आएका छन्। सातदोबाटोले विदेशी खेलाडीका रूपमा फोफानालाई भित्र्याउँदा आक्रामक पक्ष बलियो हुने जनाएको छ। 'हामीले राष्ट्रिय लिगका लागि दुई खेलाडी अनुबन्ध गरेका छौं। दुवै खेलाडी राम्रा छन्,' क्लबले भनेको छ। नेपालमा हुने फुटबल प्रतियोगितामा फोफाना चर्चित विदेशी खेलाडीमा पर्छन्। नेपालको 'ए' डिभिजन लिगमा आबद्ध बलिया क्लबबाट उनले विभिन्न प्रतियोगितामा सहभागिता जनाइसकेका छन्।



● समीर तामाङ



● फाडे फोफाना

२५ पुसदेखि सुरु हुने राष्ट्रिय लिग फुटबल प्रतियोगितामा सहभागी सातदोबाटो युथले फिनिसिङ लाइन बलियो बनाउन दुई खेलाडीलाई भित्र्याएको हो

राष्ट्रिय लिगमा १६ क्लब

राष्ट्रिय लिगमा 'ए' डिभिजन लिगका १२ र प्रेसिडेन्ट कपबाट छनोट भएका चार क्लबबिच प्रतिस्पर्धा हुने एन्फाले जनाएको छ। 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेड, मच्छिन्द्र एफसी, नेपाल पुलिस, जावलाखेल युथ, सातदोबाटो युथ र न्युरोड टिम (एनआरटी) ०७९/८० को 'ए' डिभिजन लिगको शीर्ष ६ स्थानमा रहँदै राष्ट्रिय लिगमा छनोट भएका थिए। त्यसपछि त्रिभुवन आर्मी, एपिएफ, संकटा, मनाङ मर्स्याङ्दी क्लब र फ्रेन्ड्स क्लबले राष्ट्रिय लिग खेल्न टिम दर्ता गरेका छन्। लिगमा हिमालयन शेर्पा क्लबले राष्ट्रिय लिग नखेल्ने निर्णय लिएको छ। चर्च ब्वाइज च्याम्पियन हुँदा अघिल्लो लिगमा श्रीस्टार र एफसी खुमलटार रेलिगेसनमा परेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com